CC-0. In Public Domain. Digitization by eGangotri

देवयानी

(महाकाव्य)



—भरतराजशर्मा "मन्यलीय"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



देवयानी

[महाकाव्य]

काव्यकार :—

भरतराजशर्मा 'मन्थलीब'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम संस्करण : १००० प्रति

२०३९ मार्ग

प्रकाशक :—

स्वयं लेखक

मन्थली

रामेछाप

(पुनः प्रकाशनाधिकार लेखकमा सुरक्षित छ)

मूल्य रु० १२।

मुद्रक :—

अभय कुमार,

आर्यभूषण प्रेस

ब्रह्माघाट, वाराणसी–१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही वक्तव्य

सुकुमार कलाहरूमा साहित्यको असाधारण महत्व छ । यसको रचना र अनुभूतिबाट अनिर्वचनीय आनन्दको उपलब्धि हुन्छ । आनन्दमा पनि "विगलित वेद्यान्तर" अर्थात् जसको अनुभवसमयमा अन्य समस्त वेद्य विषय लुप्तप्राय हुन्छन् ।

"कला कलाको लागि हो" भन्ने सिद्धान्त हाम्रा आचार्यहरूबाट सम्मत छैन । कला आदर्शको लागि हो, आदर्श जीवनको लागि हो ।

जुन रचनामा व्यञ्जनावृत्तिद्वारा आदर्शमार्गको अनुसरण र त्यसको विपरीत मार्गको उपेक्षा गरिएको हुन्छ, त्यो कुनै पनि व्यक्तिलाई सच्चरित्रको प्रेरक हुन्छ ।

यस सिलसिलामा प्रस्तुत "देवयानी महाकाव्य" मा धेरैजसो व्यञ्जनावृत्तिद्वारा प्राचीन कालको गौरव र अर्वाचीन समयको उच्छृङ्खलता रमणीय शैलीमा व्यक्त गरिएको छ ।

यता—असुरगुरु शुक्रको लोकमा असाधारण भौतिक विज्ञानको पराकाष्ठा र अन्तमा उनको उसमा विरक्ति पनि देखाइएको छ भने, उता—प्रस्तुत महाकाव्यका नायक कचका पिता सुरगुरु बृहस्पतिको लोकमा भौतिक विज्ञानको निरोधको साथसाथ आध्यात्मिक उन्नति वर्णनाऽतीत रूपमा प्रस्तुत गरिएको छ ।

प्रसङ्गवश भूलोकको अवलोकन, सगरमाथाको चूलीबाट अतीत कालको नेपाल राष्ट्रको वर्णन तथा व्यङ्ग्यविधया वर्तमान नेपालमा प्रचलित चरित्र पद्धतिको निन्दा सङ्केतित भएको छ ।

किं बहुना—शुक्रदुहिता देवयानीको वासनामय प्रणयको प्रदर्शन पूर्वक बृहस्पतिपुत्र कचको संयम, त्याग र इन्द्रियदमन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिव्यक्त भएको छ। यिनको अतिरिक्त अरूपनि धेरै मनोरञ्जक विषयहरू यहां सङ्कलित छन्। जसको आस्वादन पूर्वाग्रह रहित भएर मर्मज्ञ र विवेकी अधिकारी जनहरू गर्नेछन्। लेखक महाभाग श्रीपण्डित भरतराजशास्त्री काव्यतीर्थजीको यो प्रथम कृति होइन। यसभन्दा अगि संस्कृतको "महेन्द्रोदय महाकाव्य" र साऽनुवाद "गिरिवाला" काव्यले पनि उनलाई पाठकवर्गमा पर्याप्त परिचित गराई सकेका छन्।

अन्तमा निम्न पद्यद्वारा लेखक महाभागलाई साधुवाद दिई आफ्नो लघु वक्तव्य समाप्त गर्दछु।

सद्वृत्तदर्शनपुरःसरमत्र काव्ये
हेयं चरित्रमपि दर्शितमस्ति काममम्।
इत्थं मनोज्ञरचनासुमगुम्फनेन
जीयाच्चिरं भरतराजमहानुभावः॥

२२।७७ शेषराजशर्मा रेग्मी
ब्रह्माघाट
वाराणसी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मकथन

'आपरितोषाद् विदुषां न साधु मन्ये प्रयोगविज्ञानम्'

—कालिदास ।

(विद्वान्हरूलाई सन्तोष नआएसम्म कृति राम्रो मान्दिनं)

अतएव यो काव्य विद्वान्हरूको समक्ष राख्तछु । नेपाली भाषाको काव्यरूपमा यो मेरो प्राथमिक रचना हो, प्रकाशन मात्र पछि हुन आयो । स्वस्थ समालोचनाले बाटो देखाइदिए, अरू प्रकाशित गर्न उत्साह बढ्नेछ ।

यसमा कविताहरू पन्द्र किसिमका प्रसिद्ध वार्णिक छन्दमा छन् । यो काव्य छन्द नै मन नपराउनेहरूका लागि त होइन, किन भने छन्दमा लेखिएका संस्कृत, हिन्दी, अंग्रेजी र नेपाली भाषाका पहिलेका र अहिलेका कुनै पनि कृतिहरू उहांहरूलाई रुचिकर नहुन सक्छन् । तसर्थ यो काव्य छन्द नै वा छन्द पनि मन पराउने का लागि हो, यद्यपि यो तुच्छ नै होवोस् ।

संस्कृत भाषाका अल्पज्ञहरूबाट संस्कृत शब्दको बाहुल्यमा गुनासो आउला, तर हिन्दी कविता-जगत् संझिदिए, यहां कमै संस्कृत शब्द प्रयुक्त देखिएलान् । सांच्चै भनौं ! नेपाली भाषाको संवर्धनका लागि संस्कृत वाङ्मय नअंगाले, के अंगाले ? संस्कृत वाङ्मयको गरिमामा उपेक्षा रहे; नेपाली कवितामा पनि प्रज्ञाको अभियान-क्षेत्र संकीर्ण रहला ।

यस काव्यमा कथावस्तु पौराणिक सूत्रमा कपोल-कल्पित छ, तर सूत्र चुंडिएको छैन । शुद्ध पौराणिक नभएकोमा 'कवि काव्य-कल्पनामा स्वतन्त्र हुन सक्तछ' भनेर क्षमा मिलोस् ।

यस काव्यमा नेपालको अतीत र वर्तमानको सामाजिक झलक तथा यसको भविष्यका लागि उज्ज्वल कामनाका केही संकेतहरू छन् । यत्ति-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैले पनि देशप्रति सानो सेवा भएछ भने, पुनः सेवाका लागि प्रेरणा हुनेछ ।

शीर्षक 'देवयानी'को सम्बन्धमा केही भन्नु पनि आवश्यक देख्छु । त्यो के भने-'देवयानी' शब्दमा श्लेष छ, जसको साधारण अर्थ हुन्छ—'देवयानी' नाम शुक्रकी छोरीको । विशिष्ट अर्थ यस्तो छ—देवको यान (जहाज) हुने (देवस्य यानं यस्यास्तीति) अर्थात् 'कच' (बृहस्पतिका छोरा), जुन कुरा काव्यको अन्तिम श्लोकले संकेत गर्छ । त्यही 'कच' को अर्थमा काव्य-शीर्षक छ, यद्यपि आपाततः देवयानी (शुक्रसुता) को आभास मिलोस् ।

यस काव्यको विरचना धेरै वर्ष अगाडि भएको हो तापनि अनुकूल स्थिति नपरेकोले भनौं वा अन्यमनस्कताले भनौं प्रकाशित हुन सकेन । अहिले जसरीतसरी भए पनि केही संशोधन गरेर प्रकाशनमा ल्याएको छु ।

साहित्यदर्पण, संस्कृत नाटकहरू र संस्कृत महाकाव्यहरूका व्याख्याकार तथा काशीहिन्दु विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयका भूतपूर्व प्राध्यापक, वर्तमानमा काशीतीर्थ-वासी प्रातःस्मरणीय पूज्यपाद गुरु श्रीशेषराजशर्मा रेग्मीज्यूले पाण्डुलिपिका केही अंशहरू पढी सुनी जो स्वकीय मन्तव्य दिनुभएको छ, त्यसलाई मैले जीवनपथको लागि आशीर्वाद संझेको छु, एतदर्थ उहांसमक्ष विनम्र कृतज्ञता ज्ञापन गर्दछु ।

राष्ट्रको हितका लागि भाषा र साहित्यको श्रीवृद्धि हेर्न चाहने डिल्ली बजार घट्टेकुला 'काठमाडौं' का श्री देवीदत्त पौडेल, चावहिल काठमाडौंका श्रीगोपालमणि तिमल्सिना, धोबीचौर (क्षेत्रपाटी) काठमाडौंका श्रीकृष्ण प्रसाद भट्टराई, पाल्पाका श्रीदामोदर कोइराला, धर्मथली काठमाडौंका श्रीवंशीधर घिमिरे, पोखराका श्री विश्वेश्वर पोखरेल, जस्ता मेरा नजीकका मित्रहरूबाट प्रकाशनार्थ हुने मेरो आर्थिक भारमा केही सघाउ पुऱ्याउन जे जति आर्थिक सहायता प्रदान भएको छ, त्यसप्रति उहांहरूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हार्दिक आभार व्यक्त गर्दछु तथा च प्रकाशन भएपछि केही प्रति पुस्तक हरू ने लिने गरी अग्रिम ग्राहकको रूपमा आर्थिक सहायता गर्ने गुल्मीका श्रीतेजोनिधि पौडेल र महाराजगञ्ज, काठमाडौंका श्रीविष्णुहरि आचार्यमा धन्यवाद दिन्छु। प्रकाशनको लागि मुद्रणालय खोजी व्यय-भार कम गराइदिन प्रयत्न गर्ने साहित्यका आलङ्कारिक पक्षका अनुसन्धाता एवं विविध संस्कृत काव्यका लेखक उपप्राध्यापक श्रीरोहिणी वल्लभ शर्मा पोखेल साहित्याचार्यमा पनि हार्दिक आभार व्यक्त गर्दछु एवं विविध काव्यका अनुवादक तथा रचयिता हाल वाराणसी निवासी श्री एकदेव ढकालजीले घेरै अंशको प्रुफ संशोधन गरिदिनु भएकोमा उहां प्रति पनि कृतज्ञता व्यक्तगर्दछु। र मुद्रणका त्रुटिहरूप्रति पाठकहरूसंग क्षमा याचना गर्दछु।

अन्तमा :—

गच्छतः स्खलनं क्वाऽपि भवत्येव प्रमादतः।
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः॥

(हिड्दा बेहोशीले कतै लडिन्छ, त्यसमा दुर्जनहरू हांस्छन्, सज्जनहरू सहानुभूति देखाउँछन्)

शुभमस्तु

—लेखक।

हरिः शरणम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवयानी

(महाकाव्य)

पहिलो सोपान

[इन्द्रवज्रा र उपेन्द्रवज्राको उपजाति छन्द]

अनन्ततामा [1]कवि-कुञ्जभित्र
मनुष्य सानन्द रहून् पवित्र ॥
बालेर [2]सञ्जीवन दिव्य दीप
सधैं बनून् जाग्रत द्वीप द्वीप ॥ १ ॥

म पाउंथें वाङ्मय पुष्पराशि,
सजाउंथें काव्यशिखा म हांसी ॥
रमाउंथें जून उदाउंदा म,
त्यस्तै उषाको नवरागमा म ॥२॥

मलाइ भन्थे मृदु पुष्प, [3]शस्य —
'छ विश्वमा कोमलता [4]प्रशस्य' ॥
पंछी चलाई निजचञ्चु, पुच्छ,
बताउंथें-'जीव स्वतन्त्र फुक्छ' ॥३॥

---

१. कवि अथवा शुक्राचार्य । २. सम्यक् (राम्रो) जीवन अथवा पुनर्जीवन दिने अमृत । ३. धान आदि अन्न । ४. बयान गर्न लायक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल आकाश विभूति खोली
भन्थ्यो सबै रात नबोलि बोली ॥
'मनुष्य ! पृथ्वीतलको भविष्य
बना मझैं कञ्चन, तैं अवश्य ॥४॥

वसन्तको सूचक कुञ्ज घुंदै
सोध्थ्यो मलाई जब 'को हं ?' भन्दै ॥
जबाफ दिन्थें-'कवि त्यो यहां छ,
वसन्तलाई जुन थाम्न खोज्छ' ॥ ५ ॥

विकासलोभी कलिका टुसामा
हेरी जवानी-रस झैं नशामा ॥
बोल्थे किशोरीहरु मन्द कुर्ली-
'ल ! आज हाम्रो [1]वयमा तं ओर्ली' ॥६॥

रेखी खुलेझैं नवयौवनामा,
पलाउंदा घांस गरागरामा ॥
यी भूमि भन्थिन्-लघुबीजभित्र
विशाल छन् सृष्टि सदा विचित्र ॥ ॥ ७ ॥

अत्युच्चताको जलरूप गर्व
सूर्य-प्रभाबीच परेर सर्व
देखाउंदै [2]इन्द्रधनू अचम्म.
सुनाउंथ्यो स्वर्गिक शब्द रम्य ॥ ८ ॥

पहाडमा मूल फुटेसमान,
रसाइ अन्तस्तलको मुहान ॥
छांगा छुटेझैं कविता बहन्थे ॥
म गीतधारासंग मग्न बन्थें ॥ ९ ॥

---

१. उमेरमा । २. इन्द्रेनी, 'धनू' स्त्रीलिङ्गमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसै किशोरी जनवाटिकामा
खेलेर लुक्थे [1]कुसुमी बुटामा
मलाइ लाग्थ्यो तब पुष्पसाथ
'मृदुत्त्व साटिन्छ मिलाइ गाथ' ॥१०॥

समीरले पुष्पित वृक्षवाट
खुलाउंदा सौरभको कपाट[2] ॥
देख्थें म क्यै [3]पुष्पित-कन्यकाको
[4]अपाङ्गमा दाग उदासिताको ॥११॥

बिहान, झुल्को पहिलो सुनौलो
हिमालको चूलि चढेर नौलो ॥
यो शान्त भू[5] स्वर्गसमान खुल्थ्यो
तबै चिदानन्द मलाइ मिल्थ्यो ॥ १२ ॥

नपाइनेनैं उपलब्धि ठानी
कवित्त्वको स्वाद लिंदै बयानी ॥
आमोदमा लोचन बिलिंदै म
भुलेर बस्थें दुनियां तमाम ॥ १३ ॥

मनुष्यका जीवनका समग्र
पारेर अध्यायहरू मुखाग्र ॥
स्वतन्त्र घुंथें [6]स्वमतानुसार,
बनाउंदै स्वर्ग हजारवार ॥ १४ ॥

भएंछु हा ! नीरस आज [7]विघ्न
त्यस्तो वसन्तै मनमा रहन्न ! ॥
न हुन्छ वा निर्मल [8]नीरहार—
समान सङ्लो कविता-प्रसार ॥ १५ ॥

---

१. फूल भएको । २. ढोका । ३. रजोवती अथवा नयां बैंश चढेकी ।
४. आंखाको कुना । ५. पृथ्वी । ६. आफ्नो मत मुताबिक ।
७. उपादा । ८. जलहार । (वहेको पानीको धार) जस्तो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाच्तैन मेरो मन, मेघ हेरी
मयूर नाच्तापनि पंख फेरी ! ॥
फक्रन्न यो चित्त बिहान देखी
तलाउमा पङ्कजिनी फुलेकी !! ॥१६॥

नदी मलाई न त छालबाट
[1]गिरीशको भन्दछ शान्तिपाठ ॥
आकाशको झल्मल चारुतारा
न पोख्छ ज्योतिर्मय भावधारा ॥ १७ ॥

प्रसन्नतामा प्रकृतीश्वरीको,
स्वातन्त्र्यमा [2]मानव-केशरीको ॥
अमेय आनन्द लिनानिमित्त
हुंदैन अन्तःकरण प्रवृत्त ॥ १८ ॥

न [3]जन्मभू-भक्ति [4]अनन्य हुन्छ,
न दीनको क्रन्दन चित्त छुन्छ ॥
यो लाग्छ-'मेरो परिवार मात्र
भूलोकमा हो स्पृहणीय पात्र' ॥ १९ ॥

यो भावनाले मन हुन्छ कालो,
कवित्व फुर्ला कसरी उज्यालो ! ॥
तथापि यो जीवनको तुवांलो
हटाउने भाव उठी उचाल्यो ॥ २० ॥

के भावना-दीप धपक्क बल्ला ?
आंधी चलेको छ, धिपिक्क निभ्ला ! ॥
म सक्छु के गर्न ? मसी चुहेको
कुडिन्छ रे चूचुक लेखनीको ! ॥ २१ ॥

---

१. ठूलो पहाड या हिमालय अथवा शिवजी । २. पुरुषसिंह ।
३. जन्मभूमिको भक्ति । ४. अन्त न लागेको, अत्यन्त ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयास हेरी पृथिवी खुसाऊन्
सुवास मेरो मुटुमा पठाऊन् ॥
यी भाव-धारा [1]प्रतिभा-प्रभामा
छर्लंग भै बग्न सकून् धरामा ॥ २२ ॥

समुच्च नीला गिरिका चुचा र
चुचाहरूका तरुमा चढेर ॥
पन्छाउंदै मेघ, टिपेर तारा,
[2]प्रदोषझैं हुन् कविता-सितारा ॥ २३ ॥

अहो ! पुरानो युग !! शुद्धताले;
कला र विज्ञान र [3]बोधिताले, ॥
साहित्यको नित्य पवित्रताले
थिइन् धरित्री रमणीयताले ! ॥ २४ ॥

विकासको काल थियो तमाम,
मनुष्य पुग्थे [4]गुरु-शुक्र-धाम ॥
क्यै [5]शुक्र-वाचस्पतिका निवासी
हुन्थे यसैं भूतलमा विलासी ॥ २५ ॥

देवाङ्गनाका रसपूर्ण ओठ
मनुष्य चुंथे मृदु पारि चोट ॥ (क)
मिसाउथे ती [6]सुरका जबान
मनुष्य-पुत्रीसंग प्रेमगान ॥ २६ ॥ (ख)

---

१. प्रतिभाको उज्यालोमा । २. सन्ध्याकाल । ३. ज्ञान ।
४. बृहस्पतिको र शुक्रको लोक । ५. शुक्रर बृहस्पतिलोक ।
६. देवताका ।

(क) जस्तैः पुरूरवाले उर्वशींको (ख) जस्तैः कुन्तीसंग धर्मराज, सूर्य, इन्द्र, वायु र अश्विनीकुमारहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरीटका रत्नपरी अमूल्य
पदाब्ज हुन्थे जसका झलल्ल ॥
ती इन्द्र नै दानवदेखि भाग्थे
सहायता भूपतिबाट माग्थे ॥ २७ ॥ (क)

मिलेर भूपाल र स्वर्गपाल
खगोल भूगोल थिए संगोल ॥
पुऱ्याउंथे नारद आदि दूत
नयां समाचार जतातत तै ॥ २८ ॥

ओर्लेर [1]स्वःसंस्कृति भूमिमा र
[1]उक्लेर भू-संस्कृति स्वर्गद्वार ॥
छुट्टिन्थे इन्द्रपुरी अपार
तथा यता मानवका बजार ॥ २९ ॥

मनुष्यले यज्ञ अनेक गर्थे,
अतः[2]सुपर्वा जलविन्दु छर्थे ॥
पृथ्वी थिइन् श्यामल [3]शस्य-रम्या,
सुवीर्य-सन्तानवती सुधन्या ॥३०॥ (ख)

मनुष्य हुन्थे तपमा सचेता,
चिरायु, तेजोमय, [4]ऊर्ध्वरेता ॥
'सुस्वस्थ, शान्तिप्रिय धैर्यधारी
[5]सुविद्य, सम्पन्न र चित्तहारी ॥ ३१ ॥

---

१. स्वर्गको संस्कृति । २. देवता । ३. अन्नले राम्री । ४. अनवरत (अटूट) ब्रह्मचर्य पालन गर्नलि उभोगामी वीर्य भएका । ५. राम्रो विद्या पढेका । (क) जस्तैः इन्द्रले दुष्यन्तको सहायता लिएको । (ख) यज्ञाद् भवति पर्जन्यः, पर्जन्यादन्नसम्भवः' श्रीमद्भगवद्गीता ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विमान, [1]अब्यान र भूमियान
सर्वत्र चाल्थे नर साभिमान ॥
मनुष्यको कार्यकला नियाली
लजाउंथे उज्ज्वल [2]अंशुमाली ॥ ३२ ॥ (क)

[3]भूमिस्थ विज्ञान, कला, वढेर
मनुष्य आकाश सवै घुमेर ॥
गराउंथे वास [4]नभःप्रदेश
रचेर अर्कै नरलोक वेस ॥ (ख)

के शक्तिशाली परमाणु अस्त्र ?
बिनास्छ जो क्यै हदसम्ममात्र ॥
खगोल भूगोल सखाप पार्ने
शस्त्रास्त्र लिन्थे नर मन्त्र भर्ने ॥३४॥ (ग)

मतुष्य नारीत्व र पुंस्त्व साट्थे, (घ)
तथा जरा, यौवन सम्म साट्थे ॥ (ङ)
समुद्र पर्यन्त पिएर सक्थे (च)
रोकी तथा सूर्य चिरायु वस्थे ॥३५॥(छ)

---

१. पानी जहाज । २. सूर्य । ३. पृथ्वीमा रहेका । ४आकाशको भाग ।
(क) जस्तैः—कर्दमको विमान, पुष्पकविमान भृगु ऋषिको विमान । जस्तै :—अर्जुनको आकाश, पृथ्वी र समुद्रमा जाने रथ । (ख) जस्तै :—विश्वामित्रले सत्यव्रतकोलागि आकाशमा अर्को स्वर्ग रच्न लागेको । (ग) जस्तै :—रामचन्द्रका शस्त्रास्त्र ।
(घ) जस्तैः—महाभारतमा शिखण्डी । (ङ) जस्तैः—ययाति र उनका छोरा पुरु । (च) जस्तै-अगस्त्य । (छ) जस्तै :—एक पतिव्रता नारी, जसले सूर्योदय भए पछि पतिको मृत्यु हुने श्राप सुनेर सूर्योदय हुनै दिइनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परन्तु दैनन्दिन चाल जो थे,
चली रहन्थे, सब चल्न दिन्थे ॥
जगन्नियन्ता 'जगदीश' भन्थे
सारा उनैका नियमादि मान्थे ॥ ३६ ॥

कराल कोलाहल यो भुलेंछु
म भूतको संसृतिमा डुलेंछु ॥
भविष्य कस्तो छ ? बताउने को ?
त्रिकालदर्शी न त लेखनी यो ! ॥३७॥

हाम्रो गरीबी, घरको तुवांलो,
जांदैन कैल्यै छ सदैव कालो ॥
तसर्थं जाने [1]गुरु-गोल ताकी
भनी-'उज्यालो घर पाउंला कि' ॥३८॥

यहां [2]नृहत्या चउतर्फ आज !
विकासको ह्रास हुंदो समाज !! ॥
अन्याय-प्रेमी छ अधर्मि-लोक !
पढेर के काम ! उंधो विवेक ! ॥ ३९ ॥

हुंदा सधैं शोषण दीनमाथि,
विद्वान्हरूका पनि बुद्धिमाथि ॥
स्वतन्त्रता, नैतिकतादिमाथि
यहां नृहत्या छ सहस्रभांति ! ॥४०॥

विशुद्ध संस्कार सबै पखाली
मनुष्यतालाइ परै अफाली ॥
[3]अशुद्ध — वातावरण — प्रसूत
यहां रहन्छन् बहुसंख्य नीच ! ॥४१॥

---

१. बृहस्पति भूगोल । २ नरहत्या (हिंसा) ।
३. अपवित्र स्थितिमा जन्मेका ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हांसी हंसाई गुरु देवलाइ
पढाउंथे शास्त्रहरू रुचाई ॥
परस्पर प्रेम र मान [1]हार्द
भएर नै भो [2]गुरु-धाम स्वर्ग ॥४२॥

मनुष्य विज्ञान बढाउंदा छन्
परन्तु हत्या कतिका हुंदा छन् ! ॥
धरा बरा ! जर्जर गात्रकी छिन् !
असंख्य सन्तान मराउंदी छिन् ! ॥ ४३ ॥

त्यहां त विज्ञान उंभो बनेर
विचित्र निर्माणक्रिया भएर ॥
[3]संगीतमा [4]निर्जर देव, देवी,
भए सधैं मुग्ध बनी विनोदी ॥ ४४ ॥

[5]अनन्त [6]खं-ब्रह्म छ, यो [7]अनन्त
[8]अनन्त-तारा-छविले ज्वलन्त ! ॥
यो क्षेत्र ठूलो भइ सृष्टिकृत्को
यहां छ सर्प्पै, जति सिर्जियो, त्यो ॥ ४५ ॥

[9]निहारिका केन्द्र छ [10]तारकेय,
भए जहांबाट अलग्ग सूर्य ॥
हो सूर्यको [11]अंशज [12]सौरविश्व
नवग्रहै छन् जसका सदस्य ॥४६॥

---

१. हृदयको । २. बृहस्पति (देव- गुरु) को लोक ।

३. नृत्य, गीत, वादन । ४. बुढ्याइं अवस्था नहुने । ५. अन्त न भएको । ६. आकाश नै ब्रह्म (वेद प्रतिपादित ब्रह्म) । ७. आकाश । ८. धेरै । ९. आकाश गङ्गा । १०. ताराहरूले बनेको । ११. भागबाट निस्केको । १२. सौरमण्डल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदस्यले आफ्नु शरीरलाई
घुमाइ घुंछन् दिनराजलाई ॥
आलोक, आकर्षण, सूर्यको भै
सधैं छ अस्तित्व समस्तकोनै ॥ ४७ ॥

अवश्य नै छन् गुरु-शुक्रतारा
कतै उज्याला र कतै अंध्यारा ॥
पुग्ने त्यहां क्वै नर आज छैन,
वा आउंने क्वै छ ! कुरो बुझिन्न ॥ ४८ ॥

आकाशको त्यो [1]गुरु-मेदिनीमा
पवित्रता छैन कि रोशनीमा ! ॥
'स्वतन्त्र' यो चर्चित शब्दले झैं
न नाच्छ उच्छृङ्खलता यहांझैं ॥४९॥

नितम्ब कस्ने [2]परिधानले वा
बनावटी बैंश-विधानले वा
वा क्वै यहांझैं गुरु-शिष्यलाई
भुलाउंछन् [3]यौन-स्वतन्त्र आई ॥५०॥

सुनिन्छ-'साध्वी गुरुकी प्रियाले
अदम्य-कामाकुल-भावनाले ॥
पाई युवा, सुन्दर, चन्द्र एक
सतीत्व नाशिन् न गरी विवेक' ॥ ५१ ॥

तमोगुणी दानववर्ति-तत्त्व
सहन्न रे ! सात्त्विक देव-तत्त्व ॥
जो भो सतीत्वप्रति लाञ्छना, त्यो
प्रचार नै दानव-तत्त्वको हो ॥५२॥

---

१. वृहस्पतिको पृथिवीमा ।

२. वस्त्र । ३. जोसंगवाट पनि काम तृष्णा मेट्ने स्त्री ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तसर्थ वाचस्पति ! लेखनी यो
न दाग बोकोस्, छ कथा वृथा जो ॥
सुनिन्छ के के यस सृष्टिभित्र !
देखिन्छ के के यस दृष्टिभित्र !! ५३ !!

प्राचीन यो संस्कृतिबाट आज
टाढा भयो भूतलको समाज ॥
भयो कि यस्तै स्वपरम्परामा
विनाश ठूलो गुरुको धरामा ॥५४॥

परन्तु यो [1]अर्धधराधिपत्य-
प्रमादको छैन त्यहां कुनृत्य ॥
त्यो जातिहत्या न त देवमा छ,
न दैत्यमा नै छ। नृजातिमा छ !! ॥५५॥

स्वजातिहत्या जब छैन, धर्म
अवश्य नै हुन्छ पवित्रकर्म ॥
त्यो धर्ममा धारित शासनादि
छ सत्य औ सुन्दर शान्तिवादी ॥५६॥

सिकाउने भाषणमा फटयाइं
र लेखनीको गतिमा बठयाइं ॥
[2]हीनक्रिया नैतिकता त्यहां त
पक्कै न होला, जुन भूमिमा छ ॥ ५७ ॥

तुल्याउने भाषणलाइ शुद्ध
र लेखनीलाइ सदैव सिद्ध ॥
त्यो शाश्वती नैतिकता त्यहां छ,
अडेन जो आज [3]नृलोक बीच ॥५८॥

---

१. आधा पृथ्वी को स्वामित्त्वको उन्मत्तता (पूंजीवाद वा साम्यवादको उन्मत्तता ?)।

२. कार्यान्वयन रहित अर्थात् मुखको मात्र ३. नरलोक (पृथ्वी)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशुद्धतामा गुरु-गोलमाझ
छ देवताको [1]'सुरतन्त्र'-राज ॥
हुन्छन् न विध्वंसक उग्रवादी
निरर्थ नारा र [2]प्रदर्शनादि ॥ ५९ ॥

(उपेन्द्रवज्रा छन्द)

छ यो धरामा बहुलोकतन्त्र
छ साम्यवादादि, समाजतन्त्र. ॥
छ लोकतन्त्रात्मक अन्य तन्त्र
छ एकतन्त्रादि स्वतन्त्र-तन्त्र ॥

अनेक यस्ता बहुतन्त्रतामा
स्वतन्त्र भू छिन् परतन्त्रतामा ॥
छ लूट वा [3]कूट र मारचूट
अठोठ यौटै न भई अटूट ॥ ६१ ॥

१. 'देवतन्त्र' । २. जुलूस प्रदर्शन आदि । ३. कपट चाल ।

(अनुष्टुप् छन्द)

महाप्रलय चाहिन्छ नयां धर्ती उदाउन ।
ग्रह-नक्षत्र-तारामा राखौं यो मन क्यैं दिन ॥ ६२ ॥

—पहिलो सोपान समाप्त—

—×—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो सोपान

(अनुष्टुप् छन्द)

शुक्र भूगोलको व्योम गरी पार [1]सकौतुक ।
गुरु-भूगोलमा आयों एउटा यान भौतिक ॥ १ ॥
गुरुको लोकले देख्यो नयां आलोक व्योममा ।
जनाई शान्ति संकेत त्यो ओर्ल्यों गुरुभूमिमा ॥ २ ॥
त्यो यान ओर्लंदाखेरि गुरुको भूमि थर्कियो ।
[2]स्वर्णधूलि उडी ढाक्ता सेतो यान पहेंलियो ॥ ३ ॥
प्रभाती ज्योतिमा अग्लो हिउंको चुचुरोसरि ।
झल्कियो शुभ्र त्यो यान सुनको [3]रजमा परी ॥ ४ ॥
विशाल काय त्यो यान अति भीषण देखियो ।
सशस्त्र प्रहरीद्वारा दृढतासित घेरियो ॥ ५ ॥
बनौट त्यसको देखी भयो आश्चर्य नै त्यहां ।
जो थियो बलिगो, राम्रो. ठूलो र हलुका नयां ॥ ६ ॥
त्यो वायु-जलले चल्थ्यो, [4]अग्निदाह्य थिएन त्यो ।
तेलले चालिने तुच्छ यान के दांजिने ! अहो ! ॥ ७ ॥
'व्योमयानहरू उड्छन् हावा र जलले पनि' ।
यो 'भरद्वाज'को उक्ति चरितार्थ थियो अनि ॥ ८ ॥
विमान शुक्रमा उड्थे हावाले, जल-वायुले ।
धूवां र वाफले, उड्थे उड्थे वा चुम्बकादिले ॥
घामका तापले उड्थे, बिजुलीबाट उड्दथे ।
तेलले उड्दथे फेरि. मणिले पनि उड्दथे (क) ।१०॥

---

१. इच्छा वा उत्कण्ठासहित । २. सुनको धूलो । ३. धूलो ।
४. अग्निले जल्ने । (क) शक्त्युद्गमो भूतवाहो धूमयान शिखोद्गमः ।
अंशुवाहस्तारामुखो मणिवाहो मरुत्सखः ॥'–भरद्वाज ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीमध्ये जल-हावाले उड्ने यो सानु नै थियो ।
तथापि गुरुधर्तीमा भयो ठूलो अचम्मको ॥१२॥

[1]कक्ष, रेखापथ तथा मण्डलादिक मार्गका ।
छल्दै [2]विमान-संभेदी [3]दम्भोलि गुरु-लोकका ॥
बनावटी मेघभित्र पस्तै, लुक्तै, चलाउंदै- ।
[4]'द्विचक्र कीलि' त्यो यान ल्याइयो साहसी हुंदै ॥ १३ ॥

यसको शिरमा घुंथ्यो [5]'शिरःकीलक' यन्त्र जो ।
त्यसले विजुलीजन्य घातलाई बचाउंथ्यो ॥ १४ ॥

घामको ताप छेकेर गर्ने शीतप्रसारण ।
वर्षा र वायुको बाधा हर्नें यन्त्र अनेकन- ॥

यान भित्र थिए, चल्थ्यो 'खफाकर्षण' यन्त्र जो, ।
नक्सा बनाउंथ्यो आफैं तलका दृश्य वस्तुको ॥ १६ ॥

ढोका खोली छिटै ओर्लें उज्याला, भद्र वेषका ।
यानचालक क्वै स्वस्थ, युवा, निर्भीक देशका ॥ १७ ॥

थिए त्यहां सबै सोह्र-वर्षका चार बाहुका ।
युवाहरूसंगै राम्रा युवती मानभाउका ॥ १८ ॥

दुइहाते थिए यात्री, चारहाते त्यहां कति ।
जल वायु हुंदा भिन्न थिए वा भिन्न आकृति ॥ १९ ॥

'कसको देश यो' भन्दा ती चतुर्बाहु हांस्तथे ।
नबुझे झैं गरी यद्वा हेर्दथे बोलनखोज्थे ॥ २० ॥

---

१. कक्ष, रेखापथ, मण्डल—विमान मार्गका नाम ।

२. विमान खसाल्ने । ३. राकेट । ४. एक किसिम को यन्त्र, यो चलाउनाले ८७ लिंक डिग्रीको ज्वालाशक्ति निल्कन्छ जो रेडियो तरङ्ग जस्तो अदृश्य हुन्छ-भरद्वाज । ५. विमानको बाहिर पट्टि टाउकोमा राखेको यन्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनः प्रश्न भयो विश्व-भाषा संस्कृतमा जब, ।
चतुर्बाहुहरू बोले—'हामी हौं देवता' तब ॥ २१ ॥
यो हाम्रो देश हो यात्री ! स्वर्ग हो, लोकराज हो ।
वृहस्पति-धरित्री हो, ग्रहमध्ये विशाल यो ॥ २२ ॥
विध्वंसात्मक विज्ञान यहां छैन विकासित ।
निर्माणात्मक विज्ञान हुंदा यो स्वर्ग भो स्वतः ॥ २३ ॥
यहां साहित्य, संगीत, कला देख्छौ सबैतिर ।
स्वतन्त्रता छ सर्वत्र तथा छौं नित्य[1] निर्जर ॥ २४ ॥
यहां छ [2]सुरतन्त्रीय लोकमानित शासन ।
अत एव छ हामीमा स्वातन्त्र्य, अनुशासन ॥ २५ ॥
अनुशासनको नित्य गर्दा सर्वत्र पालन ।
व्यक्तिस्वतन्त्रता दिन्छ सुरतन्त्र प्रशासन ॥ २६ ॥
राजतन्त्र-प्रजातन्त्र हुनाले 'सुरतन्त्र' भो ।
नत्र ता मूर्खको राज हुन्छ रे जनतन्त्र त्यो ! ॥ २७ ॥
समान वित्त औ चित्त भए, शासित, शासक ।
त्यही प्रजातन्त्र हुन्छ सुरतन्त्र अलौकिक ॥ २८ ॥
कुन तारा बाट आयौ हे द्विवाहु ! यहां किन ?
प्रवेश तर पाइन्न राहदानी नभैकन ॥ २९ ॥
राहदानी [3]यहांलाई यमले दिनुपर्दछ ।
गरेका पुण्यका लेखा त्यसमा हुनुपर्दछ ॥ ३० ॥
यात्रीले नम्र भै बोले—'शुक्रभूलोकको म हुं ।
आइहालें भुली बाटों, नहेरी स्वर्ग, के फिरूं ! ॥ ३१ ॥
[4]देवधानीभित्र पस्ने राहदानी विना छू म ।
तुरुन्तै तर फर्कन्न, बस्न इच्छा छ क्यै दिन ॥ ३२ ॥

---

१. बुढ्याइ अवस्था न भएका । २, देवतन्त्र भएको ; ३. वृहस्पति लोक को लागि अथवा तपाईलाई । ४. देवता वसेको ठाउं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रका अधिकारीले भने—'हे' [1]शुक्रनागर !
शुक्रका बन्धुको गर्छौं हामी स्वागत, आदर ॥३३॥
घुमाउंला तिमीलाई गल्ली गल्ली, कुना कुना ।
स्वीकार गर यो पैले हाम्रो स्वागत, वन्दना ॥३४॥
लिएर पुष्पको माला पुष्पकोमल हातमा ।
पहिन्याउन आएका हेर, यी सुन्दरी नयां ॥३५॥
यो हाम्रो देशमा मित्र ! यस्तो [2]आतिथ्य चल्दछ ।
बाहु बाहु मिलाएर नाच यी षोडशीसित ॥३६॥
आलिङ्गन गरी भोग स्वर्गको सुखसागर ।
तिम्रो चुम्बनको दिन्छन् यिनै चुम्बन उत्तर ॥ ३७ ॥
सेता हात उठाएर माला मन्दारका निकै ।
पहिन्याए युवालाई युवतीले लहर्सिंदै ॥ ३८ ॥
सुगन्धी वस्तुको मीठो बास्ना छर्ने सबैतिर ।
मणिमाणिक्यले गर्दा झल्कने अतिसुन्दर ॥
लर्केका पुष्पमालाले अर्पेका पुष्पले अनि ।
हुर्केका पुष्प-वल्लीको कुञ्जझैं देखिने पनि ॥
तामा, फलाम, चांदीका भाग राखी बराबरी ।
बनाएको [3]जलाकाशभूमा चल्ने सरासरी ॥ (क)
वस्ता लचक्क लच्केर दिने आनन्द अद्भुत ।
[4]चतुश्चक्री भूमियान-भयो चांडै उपस्थित ॥४२॥
सेतो वस्त्र लगाएकी चालिका यानमा थिईन् ।
ओठको लालिमा-थि सेता दन्त खुलाउंथिन् ॥४३॥

---

१. शुक्र लोकका नागरिक । २. अतिथिसत्कार ।

३. पानी (समुद्र), आकाश (अन्तरिक्ष), भुइं (डांडाकांडासमेत) ।

(क) 'समानयोजनो हि वां रथो दस्रा वमर्त्यः समुद्रं अश्विनेयते ।
(ऋग्वेद अ. १. अ, २ सू. ३०, १८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छानुसार चाल्नेछु चालिका म छु आउनोस् ।
प्रत्यक्ष प्रेमको राज्य स्वर्ग-संसार हेर्नुहोस् ॥
भन्दै तिनै अप्सराले गरिन् आह्वान यानमा ।
आनन्दी दुनियांमा यी परे मान र शानमा ॥४५॥
विना घर्घर त्यो यान मनको वेगमा कुदयो ।
[1]देव-पत्तनको [2]इन्द्रचोकबीच पुगी अडयो ॥४६॥
युवाले युवतीलाई भूमिमाझैं सगौरव ।
युवतीले युवालाई उतारिन् स्वर्गमा तब ॥४७॥
घेरे नगर-बालाले पाई तरुण नूतन ।
पियाए सोमका प्याला, गराए केलिमा मन ॥४८॥
विलास-रसमा मस्त शुक्र-यात्री 'तुषार' छन् ।
बिर्सिई शुक्र-भूगोल स्वर्गमा सार देख्तछन् ॥४९॥
न बिर्सून् कसरी यात्री ! जब आराम पाउंछन् ।
प्रेयसीको गला मीठो सुनमा छ सुगन्ध झन् ॥
आंखाले मनको भाखा आंखामा पढ्न पाउंछन् ।
बाहुमा बाहु जोरेर नशा झम्म गराउंछन् ॥
मधुबालाहरू मीठा मधुप्याला पियाउंछन् ।
तिनै परीहरू कैले गाला गाला जुदाउंछन् ॥
छाती टांसेर छातीमा दुइ एक बनाउंछन् ।
अनि ओष्ठ-सुधा पाई अन्तस्तल रमाउंछन् ॥५३॥
कलामे वा सुनैको होस् भेद के ?, नेल हो भने, ।
चोर वा सुन्दरीकक्ष भेद के ? जेल हो भने, ॥
इन्द्रको जालले यात्री सभ्यतासित बांधिए ।
पुरा र सुन्दरी भन्दा ठूलो बन्धन पो छ के ? ॥५५॥
चन्द्रमण्डलका भित्र देवताको सभा बस्यो ।
पौटा प्रस्ताव गोष्ठीमा गाम्भीर्यसित राखियो ॥५६॥

१. देवताको सहर । २. इन्द्रको चोक बजार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[1]"अप्सराघाटमा शुक्र-ताराको एक पण्डित ।
गरेर अनुसन्धान बस्छ हाम्रा परीसित ॥
भन्छ रे—'सुरतन्त्रीय प्रशासन असुन्दर ।
फितलो राज्यको सत्ता, देवता अति कातर' ॥
नेता जस्तो छ ओजस्वी चेहराले र चालले ।
जेता जस्तो छ योद्धामा देहको चालढालले ॥
कविझैं बोल्छ मीठो र बोली गाम्भीर्यपूर्ण छ ।
अभिनेता बनी नाच्छ, त्यो छ निर्भीक, सभ्य छ ॥६०॥
सारा छिद्रहरु जान्यो त्यसले स्वर्गलोकमा ।
बताउला गई अन्य—देशवासीहरूकहां ॥
वैरीको हमला होला यो शान्त स्वर्गमा, अहो !
दन्की अशान्तिको ज्वाला खाग होला स्वदेश यो ॥
डग्मगाई सबै हामी खसौंला अन्धकारमा ।
हांस्लान् भूगोल वा अन्य-गोलका देवता त्यहाँ ॥६३॥
तसर्थ यसकोनिम्ति व्यवस्था बांध्नुपर्दछ ।
मैत्री लिई यिनी फर्कून्, जाऊन् पढ्न संगै [2]'कच'" ॥६ ॥
भयो पारित प्रस्ताव निर्विरोध सरासरी ।
खटिइन् ल्याउनालाई उनलाई कुनै परी ॥६५॥

(द्रुत विलम्बित छन्द)

'म त परीसित बस्छु झुमी झुमी
कविसमान, छ जो [3]सहलेखनी ।
भनि निधो नलिए, भनि एउटी
अब [4]कविप्रियलाई सुनाउंथी ॥६६॥

---

१. अप्सराहरू बस्ने घाट २ कच नामक बृहस्पतिका छोरा । ३. कलम सहितको अर्थात् कलम लिएको-कविको विशेषण । ४. शुक्राचार्यका प्यारा व्यक्तिलाई अथवा कवि नै प्यारा लाई अथवा कवि जस्ता प्यारा व्यक्तिलाई ।

—दोस्रो सोपान समाप्त—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सोपान

(मालिनी छन्द)

युवति अधर खोली, रूप-सौन्दर्य घोली,
गरि नव मधुहोली, स्वर्गको बोलि बोली ॥
सरल दिल छिचोली, भन्दथिन् लालचोली
पुर—पथ भइ जाऔं, हेरिहालौं हवेली ॥ १ ॥

अरुण अधर, सेता दांतको कान्ति पर्दा;
मृदु वचन निकाली वान्किई टक्क अड्दा ॥
तरुण अधरमा क्यै कुत्कुती ल्याइदिन्थ्यो
अनि मुसुमुसु हांसी छन्दले बोल्नुपर्थ्यो ॥ २ ॥

[1]अमरनगर-नारी भन्दथिन् 'यात्रु नौला !
सब सहर सुनौला स्वप्नझैं हेरिरौं'ला ॥
रजनि सुरुहुंदा जो झुल्कने रत्न जस्तो
[2]ग्रहवर छ, त्यही यो स्वर्ग हो, हेर कस्तो ! ॥ ३ ॥

अमर-जनहरूका [3]श्रीगुरु, [4]ख्यातनामा
यश विकसित पारी वस्तछन् वन्यभूमा ॥
अनि सब 'गुरुतारा' भन्दछन्, किन्तु मित्र !
सकल सुर बसेको स्वर्ग यो हो पवित्र ॥ ४ ॥

अलि तल जुन साथी ! बाटुलो रत्न जस्तो
गुड्डु [5]उडुहरूका माझमा कुदछ कस्तो ! ॥
जुन छ अति उज्यालो वस्तु तारासमान,
[6]मनुज-वसतिको त्यो चन्द्रगामी विमान ! ॥ ५ ॥

---

१. देवताको सहर (अमरावती) की स्वास्नीमान्छे ।
२. ग्रहमा श्रेष्ठ (ठूलो) । ३. अध्यापक (वृहस्पति) ।
४. नाम चलेका ('वृहस्पति' भन्ने नाम चलेका) ।
५. तारा हरूका । ६. मनिस को वस्ती (पृथ्वी) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि तल पृथिवीका व्यक्तिले स्वर्ग जान
जलधर तह सम्मन् राखिदिन्छन् भय्याङ ॥
सगरभरि बसेका देवता इन्द्रिनीझैं ॥
मणिरचित खसाल्थे लामु लिस्नो त्यहीं नै ॥ ६ ॥

कति झिलिमिलि होला शुक्रको शुभ्र तारा !
[1]गुरु-सुत 'कच' तिम्रै साथ जालान् कि प्यारा ! ॥
सरस नव मुना झैं शुक्र-पुत्री सुभानी
भवनभरि उज्यालो छर्दिहुन् 'देवयानी' ॥ ७ ॥

हंसमुख भइ यात्री भन्दथे 'देवनारि !
मधुर वचन बोल्छ्यौ कस्तरी छन्दपारी ! ॥
अमर—नगर जस्ता शुक्रका धाम हैनन्
किनकि मधुरवाणी सुन्दरी धेर छैनन् ॥ ८ ॥

अधर-कुसुमलाई श्वासले क्यै कमाई
नजिक परि सुगन्धी वासना छर्नलाई ॥
युवति अव युवाको मोहनी जादु खोज्दै
[2]सरस कर समाती बोल्दथिन् मन्द हिड्दै ॥ ९ ॥

तरुण ! गुरु-निवासी देवका स्थान, हेर !
घर, सहर वगैंचा, केलि-मैदान, हेर ! ॥
हृदय सदय पार्ने [3]अङ्गना-संङ्घ हेर !
अनि ललितकलामा नृत्य-पाण्डित्य, हेर ॥ १० ॥

नयन खुस हुने यी चारुताका प्रमाण,
मुसु मुसु मृदु हांसी बोलिहाल्लान् समान ॥
झुनु झुनु मणिमाला लर्कने [4]हर्म्यमाथि
प्रिय ! नजर लगाऊ, साथ द्यूंला म साथी ॥११॥

---

१. वृहस्पतिका छोरा । २. काम-वासनाजन्य पसिनाले भिजेकोले सरस । ३. महिला संघ । ४. धनीहरूका घर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल, बल छलका वा द्यूतका घूसका वा
प्रतिकृति घर हैनन् यी सबै देवताका ॥
घर [1]अतुलित-शिल्पी[2] दिव्य-विज्ञानवित्का
सफल कृतिहरू हुन् कीर्तिका स्तम्भ जस्ता ॥१२॥

अनि त युवक भन्थे हेरिहेरी मुहार-
'नजर कति उज्याला ! स्वर्गका हुन् जुहार ॥
अलिछिन [3]करभोरु ! श्वास मारी बसौंन,
प्रियतम भनि मेरो काखमा पल्टियौन ॥१३॥

विकसित उरदेखिन् [4]सुस्तनीको खसेको
अरुण कमलबुट्टा झल्किने श्वेत सप्को
हंसमुख रमणीले छन्दपारी सह्यारिन्
अरुण अधरमाथि ज्योति राम्रै फिंजारिन् ॥ १४ ॥

अनि मृदु [5]मृग-नाभिगन्धि-पाषाण माथि
दिल संग दिल गांस्थे वैंशका साथि साथी ॥
अमृत-जल भरेको ओठको अंखराले
नव अधर रुझाई बोल्दथिन् अप्सराले ॥१५॥

महल महल खुल्छन् रत्नका दीप खूप
दिवस र रजनीको भिन्न देखिन्न रूप ॥
[6]कुमुद, [7]कमल, एकै याममा छन् प्रसन्न
विरह-जनित-बाधा पाउने एक हुन्न ॥ १६ ॥

---

१. तुलनानगरिएको (अतुलनीय) शीप भएका । २. अलौकिक विज्ञान जान्नेहरूका (देवताहरूका) ।

३. करभ (नाडी देखि कान्छी औंलाको फेद सम्मको अङ्ग) जस्तो तिघ्रा भएकी ! । ४. राम्रा स्तन हुने सुन्दरीको ।

५. मृगको नाइटाको वास्ना आउने (कस्तूरी मृग बसेर हिड्दा त्यसको वास्ना आइरहेको) ढुङ्गामाथि । ६. चन्द्रमा उदाउंदा फक्रने फूल । ७. सूर्य उदाउदा फक्रने फूल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतुल विमल पानीसाथ एकाम्मिएको
फल-कुसुमहरूका वृक्षले झ्याम्मिएको ॥
घर छ वरुणको यो मित्र ! साह्रै पवित्र,
सब ललितकलाको पूर्णता मिल्छ मित्र ॥ १७ ॥

कण कण जल छर्दै झुल्छ [1]पानीय-झूल,
शयन छ त्यसभित्रै स्वच्छ [2]वातानुकूल ॥
[3]फणि-मणिहरू बल्छन्, किन्तु छन् शान्तिमूल,
वरुण रमण गर्छन् स्त्री लिई [4]दिग्दुकूल ॥ १८ ॥

मृदुल अधर रेखा लाल पारी सुराले,
युगल-नयन लीला लोल पारी कुराले ॥
तरुणवरुणलाई बाहुमाला उज्याला
दिइ नववय वाला चुंदछन् [5]नीर-बाला ॥ १९ ॥

[6]मणिमय—फणधारी नागले नागिनीको
परम प्रणय पाई गर्छ फूत्कार मीठो ॥
जलचर जलमाथि गर्दछन् लोल चाल
[7]वरुण-सचिव हेर्छन् दृश्य यो, हेरिहाल ॥ २० ॥

नव [8]जलदहरूका चार पर्खाल मित्र
विमल जल झरी झैं झर्छ, कस्तो विचित्र ! ॥
जब प्रियतम साथै [9]सुस्तनी स्नान गर्छन्,
[10]दिनकर त्यसवेला इन्द्रिनी पारिदिन्छन् ॥ २१ ॥

---

१. पानीको झूल । २. चीसो तातो अनुकूल भएको । ३. सर्पका मणिहरू । ४. दिशा नै वस्त्र भएका (नाङ्गा) । ५. जलपरी । ६. मणि भएको फणा धारणगर्ने । ७. वरुण का सचिव । ८. मेघहरूका । ९. राम्रा स्तन हुने सुन्दरी । १०. सूर्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब प्रियवर साथी ! उक्लदै माथि माथि
त्यस [1]शिखरि-शिखामा पुग्नु नै हुन्छ जाती ॥
[2]सुललित अलका, जो यक्षको राजधानी,
विकसित छ त्यहां, भै नित्य श्रीको जवानी ॥ २२ ॥

यति भनि प्रमदाले मित्रको गात्र तानिन्,
मणि विरचित्त यौटा खुड्किलामा उकालिन् ॥
सरर सरर आफैं चल्न सोपान थाले
निमिष पनि नवित्ते लक्ष्यमा आइहाले ॥ २३ ॥

[3]सुरपति-धनु जस्तो सप्तरङ्गी झिलिल्ल
सुललित अलकाको द्वार आएछ बल्ल !॥
सकल सहर हेर्ने उच्च थुंको चढेर
उभय नगर हेर्थे भाग्यमानी बनेर ॥२४॥

विविध मणि बलेका रत्न-छाना खुलेका
भवन गगन-चुम्बी यक्षका क्या मिलेका !
दिन भरि जलदानी छन् जहां [4]सूर्यकान्त
रजनिभर त चन्द्र-ज्योतिमा [5]चन्द्रकान्त ॥२५॥

युवति कर उठाई झट्ट देखाइ भन्यिन्—
'सर, ह्रद, नद, नाला, स्वर्ण-सौन्दर्य लिन्छन् ॥
जब दिनकर ढल्की हेमको कान्ति छर्छन्,
तब भवन सुनैका हुन् कि जस्ता बुझिन्छन् ॥२६॥

सडक कति खुलेका ! दीर्घ, सोझा र स्वच्छ !
झन दुइतिर पेटीमाथि छन् कल्पवृक्ष ! ॥
चहल पहल ज्यादा यो पुरीभित्र पो छ,
तरुण र तरुणीको मात्र संसार यो छ ॥२७॥

---

१. पहाडको चुचुरामा । २. अतिसुन्दर ।
३. इन्द्रेनी । ४. सूर्यमा पग्लने मणि । ५. चन्द्रमामा पग्लने मणि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसति छ [1]धनशाली यक्षको यो पवित्र,
[2]तरुण-वय छ नित्यै यक्षको क्या विचित्र ! ॥
सब ऋतु सब रोजै छन् यहांभित्र, मित्र !
सकल कुसुम फुल्छन् नित्य उद्यानभित्र ॥२८॥

प्रिय ! नगर-निवासीलाइ क्यै दुःख छैन,
सब जन सुखमा छन् पाइ आराम, चैन ॥
प्रणय-कलहलाई दुःख भन्छौ भने, छ,
तर मिलन हुंदा त्यै दुःख आनन्द बन्छ ॥२९॥

क्षणभर पनि जोडी छुट्टिदैनन्, [3]वयस्य !
बिछुट हुनगए ता बांचदैनन् कि सत्य ।
युवक युवति एक्ला भेटिने छैन क्वै वा,
प्रणय-रस छ खालि प्राणको मुख्य टेवा ॥३०॥

प्रणय नगरि भित्रै चित्तदेखिन् खुलस्त
अतिथिकन बताएमात्र बाटो यहां त
मकन यस पुरीकों ऐनले दण्ड दिन्छ
'प्रणयसित अंगालोमार' कानून भन्छ ॥३१॥

अब अतिथि अचम्मै मानि हांस्थे र रंथे
कुसुमसरह नौलो ओठमा चट्ट चुंथे ॥
स्तन छुनछुन खोज्ने [4]केशवेणी हटाई
निज करकन राख्थे प्रेममाला बनाई ॥३२॥

अब दुइ अलकाका तर्फ गर्थे त्रिलास,
छतउपर नियाल्थे मेघका रास रास ॥
अलिपर पुगि भेटे [5]कालिदासीय यक्ष,
जुन अब [6]दयिताका साथ बस्थे यथेच्छ ॥३३॥

---

१. धनी । २. जवान उमर । ३. हे साथी ! ४. चुल्ठो । ५. कालिदास कविले 'मेघदूत' खण्डकाव्यमा बयान गरिएको यक्ष, जो कुबेरकोसरापले पृथ्वीतलमा एक वर्ष प्रियतमासित छुट्टिएर बस्यो । ६. प्रियतमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मणि पहिरन धर्ने यक्षले किन्नरीका
मुख अलक सिंगार्दै प्रेम गांसी रहेका ॥
विविध विविध यस्ता दृश्य देखाइ बाला
[1]पुर-परिचय दिन्थिन् हो भनी 'प्रेमशाला' ॥३४॥

मणिविरचित, सेतो मेघको शृङ्ग जस्तो,
[2]विधु-विजयिप्रभाले शुभ्र कैलास जस्तो ॥
[3]कनक-छत भएको नील आकाशबीच
[4]धनद-सदन साथी ! हेर, आंखा नगीच ॥३५॥

[5]मृदुलतम-तनूमा बैशको पाइ पोष
[6]मदन-मद बनेका चञ्चले [7]आशुतोष ॥
[8]प्रणयकुशल राम्रा कामिनीका [9]धनेश
दिलसंग दिल गांस्छन् त्यो थलामा विशेष ॥३६॥

विकसित छ यहां [10]'सौगन्धिका' मिष्टगन्धी,
जुन लिइ अलकाका सुन्दरी छन् सुगन्धी ॥
मृदु पवन यसैको छर्छ सर्वत्र रेणु,
भ्रमरहरु यसैमा फुक्तछन् [11]कामवेणु ॥३७॥

अलक अति सिंगार्दी 'मिश्रकेशी' त्यहां छिन्,
ललित जघन सार्दी रम्य 'रम्भा' यहां छिन् ।
सब दिन घिउ जस्ती गन्धिनी ती 'घृताची'
[12]चपलतनु 'लता' यी बेरिहाल्छिन् कि जस्ती ॥३८॥ (क)

---

१. सहरको जानकारी । २. चन्द्रमालाई जिले शोभाले । ३.सुनको छत ४. कुवेरको महल । ५. अति कोमल शरीर । ६. काममद । ७. चाडै खुसी हुने । ८. प्रेम कला जान्ने । ९. कुवेर १०.कुनै स्वर्गीय पुष्प । ११. काम देवको वंशी १२. चटपटे शरीरकी ।

(क) मिश्रकेशी रम्भा, घृताची, लता, यी स्वर्गमा प्रसिद्ध अप्सरा छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिलसरि रउंबाली 'उत्तमा', 'वुद्वुदा' ती,
ऋषि मुनि वश पार्ने 'उर्वशी', 'मेनका' यी ॥
स्तन, जघन, नचाई नाचने यी लिएर
[1]धनपति नित नाच्छन् सोमप्याला पिएर ॥३९॥ (क)

'कुसुम वदन' नामा एक गन्धर्व ती हुन्
कनक नयन' नामा अन्य गन्धर्व यी छन् ॥ (ख)
अभिनव-वयका यी नित्य संगीत भर्छन्,
नरउपर रहेरै वित्तका देव हेर्छन् ॥४०॥ (ग)

नर पनि धन पाए, बिर्सिई आत्म-सत्त्व
पशुसरह रहन्छन्, वित्तको क्या महत्त्व ! ॥
धन नभइ जगत्मा बांच्नु बेकार हो कि !
धनविनु कसको नै भोक वा रोग गो कि ? ॥४१॥

धनपति धन [2]मन्त्री भैगए अर्थमन्त्री,
जलकणसरि छर्छन् स्वर्ण ती एकतन्त्री ॥
अनि किन नपुगून् यी ऐस, आराम, रामा !
सबतिर प्रभुसत्ता एक सम्पत्तिनामा ! ॥ ४२ ॥

तरुण ! किन भयो यो चेहरा म्लान तिम्रो ?
मन धमिलिइ छायो कालिमा क्या नराम्रो ! ॥
धन नजिक हुंदा यो हुन्छ ! आश्चर्य के र ?
मति विमल बनाऊ [2]भारती-द्वारनेर ॥ ४३ ॥

---

१. धन का मालिक (कुवेर) । (क) उत्तमा (तिलोत्तमा) । वुद्वुदा, उर्वशी, मेनका यी स्वर्गका प्रसिद्ध अप्सरा हुन् । (ख) कुसुमवदन (पुष्पानन), कनकनयन (हेमनेत्र) यी स्वर्गका प्रसिद्ध गन्धर्व हुन् । (ग) कुवेर को नाम 'नर-वाहन' छ ।

२. मन्त्रेर अर्थात् खर्चगरेर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिरन अति सेतो पैह्रने [1]शुक्लगाथा
[2]स्वरमुखरित-वीणा वादिनी काव्यमाता ॥
[3]श्रुति अमृत लिएकी भारतीको निवास
अलि उपर छ, छर्दो सभ्यताको प्रकाश ॥ ४४ ॥

प्रिय ! सदन त्यही हो शारदाको, अटाली
स्फटिक-मणिहरूको हारले कान्तिशाली ! ॥
विषय विषयका छन् [4]पुस्तकागार काफी !
[5]कलरव सुन विद्वान् हंसका कान थापी ॥ ४५ ॥

यम, नियम, तपस्या मरमगाई फुलेको
घर वरिपरि देख्यौ त्यो वगैंचा खुलेको ? ॥
कुसुमित लहरामा वेदका [6]वर्ण, हेर
ऋषि-[7]मधुप त्यहीं छन् गुन्गुनाई रहेर ॥ ४६ ॥

[8]निगम-कुसुम फुल्छन् खोलि [9]साहित्य-पत्र
अमृत रस चुहुन्छन् चूलिई पूर्णपात्र ॥
सब ललित कला छन् मूर्तिमा वागभित्र
विनु कठिन तपस्या पस्न पाइन्न, मित्र ! ॥ ४७ ॥

मृदुल कलिहरू झैं बुद्धि फक्राउंदीले
हृदयतम पखाल्दा ज्ञानगङ्गानदीले ॥
[10]अमर [11]अमरवाणीको [12]सुधास्वाद मित्र
गुरुवचन मुखाग्री पारि बस्छन् समग्र ॥ ४८ ॥

---

१. सेतो (गोरो) शरीर भएकी ।
२. स्वर स्पस्ट भएको वीणा बजाउने । ३. वेद ।
४. पुस्तकालय । ५. मन्द मधुर ध्वनि । ६. अक्षर ।
७. भमरा । ८. शास्त्र नै पुष्प । ९. साहित्य नै पाता ।
१०. देवताहरू । ११. संस्कृत भाषा को । १२. अमृतको स्वाद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदय सरस पारी लोकको स्नेहबाट
तरुण अमर पढ्छन् सत्यको शान्तिपाठ ॥
उपवन, गृह, यान ध्वस्त पारी बिथोल्ने
कलुषमति यहां क्वै छैनन् नबुझ्ने ॥ ४९ ॥

[1]परिमित नभएको, स्वर्ग भन्दा विशाल,
प्रतिपल अतिनौलो देखिने क्या कमाल ! ॥
घर छ [2]सुखद भोक-प्यास केही नलाग्दो,
[3]मणि विरचित, अर्को, देख्तछौ ज्योति छर्दो ॥५०॥

सदन छ अति सेतो [4]शारदापीठनेर
सगर जग हुनाले छैन आधार, हेर ॥
रवि पनि घरका ती रत्नले वैलिइन्छन्
कुशलसित त्यहां नै सृष्टिकर्ता रहन्छन् ॥ ५१ ॥

जल, पवन र तेज, व्योम, माटो र शब्द
विविध रस र गन्ध, स्पर्श, रूपादि सर्व ॥
प्रकृति, विकृति जो छन्, सृष्टिका ती पदार्थ,
नित खचित रहन्छन् त्यो महान् सौधभित्र ॥ ५२ ॥

चिटचिट पसिनाका विन्दु मोतीसमान
झलमल लघुजूंघामाथि छन् विद्यमान ॥
रुखमनि बसिहालौं, घाम-छाया रहेछ,
प्रकृतिसित चिनारी गर्न मौका परेछ ॥ ५३ ॥

तरुतल लहराले झ्याम्म कोठैसमान ।
प्रकृति पुरुष जस्तै ती बसे शोभमान ॥
प्रकृति पुरुषकी हुन् मोहिनी एक छाया,
अनि किन तिनमा ती गर्दिनन् पूर्ण माया ! ॥ ५४ ॥

---

१. सीमित । २. आराम दायी । ३. मणिहरूले बनाएको ।
४. सरस्वतीको घर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुमुखि ! सुन, सुरा औ सुन्दरीको छ स्वर्ग,
[1]सुकृत-फल म ऐले भोग्छु कस्तो अपूर्व !' ॥
भनि युवक खुसी छन्, सुन्दरी झन् खुसी छन्,
किनकि अतिथिसेवा गर्नलाई तिनी हुन् ।.५५॥

नगर गृहहरूको झिल्झिले ताज जस्तो
परम असल हीरामात्रको भाग जस्तो ॥
अलिपर अति राम्रो अन्य [2]लोकप्रतिष्ठ
दृग तिरिमिरि पार्ने, हेर, त्यो [3]सौधपृष्ठ ॥ ५६ ॥

छतउपर अनेकौं रङ्गका मेघ घुंछन्
प्रतिपल बिजुली क्या बल्दछन्, झ्याप्प निभ्छन् ॥
छिरिबिरि जुन देख्छौं त्यो त हो [4]इन्द्र-चाप
गिरि थरहरि पार्ने वज्र त्यो उग्र-ताप ॥ ५७ ॥

[5]रजत-रचित अग्ला थाममा चोकमाथि
झलमल कति बल्छन् बाटुला रत्न, साथी !
जुन निशिभर नित्यै चंकिदा, चन्द्रमाको
उदय-छवि र अस्त-ज्योति जान्ने यहां को ? ॥ ५८ ॥

तल र उपर लामो मेघमाला छ श्याम,
घर छ अनि त्यसैको माझमा भासमान ॥
जब फरफर झण्डा गर्छ [6]ऐरावताङ्क
तब सरसर उड्ने हो कि त्यो खोलि पंख ॥ ५९ ॥

मणिपहिरन धर्ने देव—देवीहरूका
अशन–शयन–पाठ-स्नानका स्वच्छ कोठा ॥
झिलिमिलि जसमा ती रत्नपर्दा रहन्छन्,
अतिशयरमणीय स्वप्न साकार झैं छन् ॥ ६० ॥

---

१. पुण्यको फल । २. दुनियांमा प्रतिष्ठा भएको । ३. दरवारको पछाडिको भाग । ४ इन्दु धनु । ५. चांदीले बनाएका । ६. ऐरावत हात्ती को चिह्न भएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरुण-अधरप्याली, सोमले लालगाली
मुसुमुसु मुखवाली दांतमा मोह बाली ।।
चपल नयन चाली चञ्चली राजगर्छन्
घर भरि, जुन मीठा कल्पनाझैं रहन्छन् ।। ६१ ।।

तरुण तन सिंगारी रम्य [1]रामा सहस्र
[2]शतमखकन पारी बाहुको वृत्तभित्र ।।
अधर, रस पियायी पालि पाली तथाच
प्रणयवश रमाई नाच्तछन् गोल नाच ।। ६२ ।।

घर वरिपरि राम्रो [3]नन्दनोद्यान त्यो छ,
दिनदिन हरियो त्यो झांगिलो कल्पवृक्ष ।।
प्रवर तरु छ त्यो श्रीखण्डको, वास चल्छ,
पवन [4]मदनजन्य-स्वेद बोक्तै बहन्छ,

मृदुल [5]कुमुद थापी श्वास निश्वास राति
प्रणयिजनहरूका, प्रेमका भै संगाती ।।
छिरबिर [6]छविछाया-क्षेत्रमा पत्र-चोली
[7]निधुवन-मनले झैं खोल्दछन् मौन बोली ।। ६४ ।।

अलिकति परमात्रै हेर त्यो धेनु गोठ,
कति ललित छ ! कस्तो स्वच्छ ! सानन्द मोठ ! ।।
अति सरल सुभानी [8]नन्दिनी कामधेनु
सुखसहित रहन्छन्, दुःखको छैन रेणु ।। ६५ ।।

---

१. रमणीहरु । २. इन्द्रलाई ।
३. नन्दन बगैंचा । ४. काम वासनाबाट उत्पन्न भएको पसिना ।
५. राति जूनमा फक्रिने फूल । ६. किरण र छाया परेको ठाउंमा ।
७. रति क्रीडाको इच्छा ८. कामधेनुकी बाच्छी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकल गुण भएको पोषिलो दूध खाई
सुर अमर रहन्छन् वृद्धता नै नआई ॥
त्रिभुवन छ यिनैको वंशले व्याप्त सत्य !
तर अब किन मान्छे बुझ्दथ्यो यो महत्त्व ! ॥६६॥

प्रिय ! उठ, पसिनाका विन्दु राम्रै सुकेछन्,
तरुतल सपनाझैं संझनेछौं, सुधीमन् ! ॥
तब दुइ हरियो त्यो झांग छाडेर निस्के,
युवति मधुर बोल्दै छाड्दयिन् नेत्र छड्के ॥६७॥

अब परतिर जाऔं, अश्व 'उच्चैःश्रवा' छ,
अनि छ [1]धवल हात्ती, जो छ [2]ऐरावताख्य ॥
पुरभरि अति शोभा थप्तछन् यी, छ सामु
लघु विहग [3]शचीको, पंख खोल्दैछ लामु ॥६८॥

जुन जुन उनलाई ती भली आइमाई
मृदुल कर उठाई भन्दथिन् हेर्नलाई ॥
युवक धक नमानी हेर्दथे. दङ्गपर्थे,
क्रमश सुर-पुरीका चोकमा पाउ राख्थे ॥६९॥

स्तनतलतक कस्ने, नाभिलाई नछोप्ने,
असल अरुण चोली ज्यास्ति खुल्ने र हांस्ने ॥
मृदु [4]गजगमनी ती चारु [5]ऊरू चलाई
अतिथि युवकलाई भन्दथिन् झल्मलाई ॥७०॥

अमर-नगर यो हो ज्योतिको रास जस्तो,
[6]प्रणय-मधुरिमा या शान्तिको वास जस्तो ॥
तप, कुसुमहरूको गंकिलो सास जस्तो
[7]प्रकृति-विहित [8]सत्यानन्दको हास जस्तो ॥७१॥

---

१. सेतो । २. ऐरावत नाम गरेको । ३. इन्द्राणीको ।
४. हात्ती जस्तो हिंडाइ भएकी । ५. तिघ्राद्वय । ६. प्रेमको माधुर्य ।
७. प्रकृतिले गरेको (दिएको) । ८. सत्य र आनन्दको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहर, सब कलाको रूपिलो ज्यान जस्तो।
कवि-कलम—चुचाको कल्पनोद्यान जस्तो॥
चिर विकसित हिन्दू-चेतको घ्यान जस्तो।
[1]स्वकृत [2]सुकृत भोग्ने स्थान यो, रम्य कस्तो! ॥७२॥
[3]रथ पथ अति चिल्ला चन्द्रकान्ते शिलाले॥
जुन जलकण लिन्छन् जूनमा पग्लिनाले॥
दुइतिर कति राम्रा लाल पेटी खुलेका!
कुसुम-तरु तिनैका माथि छन् झन् फुलेका! ॥ ७३॥
[4]मदन-मद लिएका काञ्चनी-कान्तिवाली
स्तन, जघन, मिलेका, मुस्किनेओठ-प्याली
नगर-युवति हाम्रा वैंश छाएर राम्रा
प्रिय बिछुट भएमा मात्र हुन्छन् न राम्रा॥ ७४॥
विमल कमलपत्ती गांसि गांसीबुनेको
स्तनतलतक ढाक्ने पुष्पचोली हुनेको॥
छरवर छवि छर्ने इन्द्रिनीको छ सप्को
पहिरन कति राम्रो! हेर, यी चञ्चलीको॥७५॥
युवतिहरु हिंडेका देख्तछौ, सुन्दरी छन्!
सकल मृदु गुलाफी फर्ष्टिदा अङ्गका छन॥
[5]सुरभित [6]मकरन्द स्रोतमा स्नान गर्छन,
तरुण! मन भए, लौ बोल, यी बोलिहाल्छन् ॥२६॥
अब त [7]हरितताको राजधानी समान
[8]कुसुमित [9]सुषमा झैं कल्पनाको मुहान॥
अपरिमित जगत्मा शान्तिको मूलधाम
प्रियवर! वनरेखा हेर, कस्तो [10]ललाम! ॥७७॥

---

१. आफूले गरेको। २. पुण्य। ३. रथ चल्ने मार्गहरू। ४. काम मद। ५. बास्ना आउंने। ६. फूलको रस। ७. हरियोपनको। ८. पुष्पित। ९. परम सौन्दर्य। १०. सुन्दर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चरण कम चलाई, शब्द सानो तुल्याई
अलि [1]ऋजु गरि आंखा शान्तिको भाव ल्याई ॥
तरुण अगि अगि श्रीतुल्य ती दिव्य केटी
वन-पथ लिइ बढ्थिन् चारु सप्को समेटी ॥७८॥

गहन विपिन बाक्ला वृक्षले झ्याम्मिएको !
तरुकूल[2] लहराले दाहिने बेरिएको, ॥ (क)
छिरबिर छवि-छायापूण यो स्वर्ग-भाग
वन-कुसुमहरूको बोक्छ मीठो पराग ॥ ७९ ॥

मधुर स्वर भएका छन् चरा, जो [3]अभीरु,
प्रकृतिरस पिई छन् पुष्टगात्रा [4]चमूरु ॥
सरस, सरल, शान्त, स्निग्ध यो शुद्धवास
[5]विपिन-शिशुहरूको निम्ति नै हो कि खास ॥८०॥

गिरितट पर छाडी वेग रोकी बहेझैं
जल-लहर संगाली खेलिखेली चलेझैं ॥
[6]उभय-पुलिनवर्ती फूलकी स्वामिनी झैं
बहुजल-सरिता यी बग्दछिन् नागिनी झैं ॥८१॥

अधिक प्रणयवर्षा धैर्य छाडेर गर्दै
सरलहृदयभित्रै प्रेयसीको बसेझैं ॥
मधुर पवन-झोक्कामा खसालेर फूल
तरुवर जलछातीभित्र छन् [7]तीरमूल ॥८२॥

---

१. सीधा । २. रूखहरू । (क) लहराले दाहिनेतर्फ रुखलाई अगालेको ठाउं पुण्यभूमि हो ३. नडराउंने । ४. मृग आदि पशु । ५. वनका साना प्राणीहरूको ।

६. दुवै किनारामा रहेको । ७. किनारामा मूल (जरा) भएका अर्थात् किनाराका ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन, अब वनदेवी [1]नीरदेवी संगै छन्
मधुर मिलन पाई गोप्य संलाप गर्छन् ॥
तर वचन चराले चट्ट टिप्तै उकेल्छन्
अनि जल-लहरीमा गुञ्जनाले सुनिन्छन् ॥ ८३ ॥

'छल-कपट विनाको शुद्ध संसार हाम्रो,
कलुषित दिल, वाणी छैन हाम्रो नराम्रो ॥
प्रतिपल शिवसत्यप्राप्त सौन्दर्य हाम्रो
[2]पुलकित तनु हाम्रो, जिन्दगानी छ राम्रो ॥

तट-निकट खुलेको [3]पुष्प-वल्ली-निकुञ्ज
जलकण परि [4]रत्नागार झैं झल्कंदो छ ॥
मिलन-भवन हाम्रो यो छ राम्रो यहां त्यो
असल गहन शिक्षा पाउला, आउला जो' ॥

भनि पवन सुसेली पुष्प-होली छरेर
जब दुइ बहिनीले नाच गर्छन् रमेर ॥
तब कति सरितामा फींजिला गोल पर्छन्
सब फरहर पारी पंख पंखी दगुर्छन् ॥ ८६ ॥

वन छ [5]कुसुमश्रीको आफ्नु उद्यान, हेर
कनक-कमल जस्तो सामु सानो कुटीर ॥
तृणविरचित छानाबाट निस्कन्छ धूम,
हवि-सुरभि छ मीठो, नित्य नै हुन्छ होम ॥ ८७ ॥

(अनुष्टुप् छन्द)

[6]पर्णशाला छ यो स्वच्छ, शुद्ध, शान्त र सुन्दर ।
आउंदैमा यहां आत्मा भयो आनन्दनिर्भर ॥ ८८ ॥

---

१. जलपरी । २. रोमाञ्चित । ३. फूलको लहराले वनेका कुञ्ज । ४. रत्नहरूले वनेको घर । ५. पुष्पलक्ष्मी (शोभा) । ६. कुटि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धकुटिमा शुद्ध हंसिलो अनुहारका ।
पति सधैं बस्छन् [1]अहस्पति-मुहारका ॥ ८९ ॥
ले देवताका ती गुरु छैनन् कुटीरमा ।
ले भर्खरै त्यक्त व्योम झैं छ त्यही यहां ॥ ९० ॥
मित्र ! यताबाट जाऔं त्यो चन्द्रलोकमा ।
छ देवको गोष्ठी पर्खेका छन् सबै जना ॥ ९१ ॥
य आइ टेकेको 'चन्द्रलोक' तलै छ त्यो ।
ोम-लोक' छ जो माथि, त्यही त्यो चन्द्रलोक हो ॥ ९२ ॥

(द्रुत विलम्बित छन्द)

यति भनेर तिनी अतिमोहिनी
युवकसाथ हुंदा झन शोभिनी ॥
अतिथिलाइ सरासर नै लगिन्
[3]सुखद [4]सोम-सभागृहमा पुगिन् ॥ ९३ ॥

---

१. सूर्य जस्तो मुख भएका (उज्याला) । २. चन्द्रलोक ।
३. आराम दायी ४. सोमलोक (चन्द्रलोक) को सभाभवन ।

—तेस्रो सोपान समाप्त—

—×—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सोपान

(मन्दाक्रान्ता छन्द)

अल्का, गोरा, तरुणवयका, नेत्र लामा परेका,
यात्री आए; विमल, मसिनो, श्वेत, जामा धरेका ॥
झीना, चुच्चे; सलबल सफा. लांचिला अंगुलीका
लामा लामा दुइ भुज-थिए [1]जानुसम्मै पुगेका ॥
खुल्थ्यो आभा धपधप, सफा चेहरा मौन, शान्त,
देख्ता लाग्ने धक, तर हुने भित्र श्रद्धा अनन्त ॥
तर्के आंखा अमरहरुका गर्न सौन्दर्यपान
ती तेजस्वी जब सुर-सभाभित्र आए [2]स-मान ॥२॥
राखे चारैतिर युवकले शीघ्र भावज्ञ नेत्र,
देखे ठूलो सदन सुरको, सोमको क्षेत्रभित्र ॥
लामा घुम्तीसरि वरिपरि प्रष्ट खुल्थे अटाली,
फुल्थे नाना कमल जसमा स्त्री हुंदा श्री खसाली ॥३॥
टेक्ता राम्रो लचक रहने, भव्य शोभा लिएको,
बाक्लो, रातो; मखमल थियो द्वारदेखिन् खुलेको ॥
भित्री छाना झलमल थियो रत्नले ज्योति छर्दा,
इन्द्रेनी झैं झिलिमिलि थिए दोहरी दीर्घ पर्दा ॥४॥
यौटा यौटा नजिक नजिकै राखिएका सहस्र
उच्चा स्वर्णासन लहरमा देख्तथे ती सहर्ष ॥
थेप्चा थेप्चा नवमणि-शिला पीठका सामु देख्थे,
सुन्ने, बोल्ने विमलमणिका यन्त्रले मञ्च खुल्थे ॥५॥

---

१. घुंडा । २. सम्मान पूर्वक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेणी-मालासरि सदनमा मोडिई जोडिएको
ञ्च-श्रेणी वरिपरि थियो गोल लाली लिएको
श्रेणीको उपर रहने मञ्चदेखिन् हंसाई
न्थे [२]वाचस्पति अनुमति स्वेच्छया बोल्नलाई ॥६॥

यो हो भित्री तह तर पनि व्योमको मेघमाला
देखिन्थ्यो त्यो छत उपर नै भव्य[३]आश्चर्य-शाला ॥
ढोका, [४]वातायन, दलिनमा चित्रिएका अजीव
पन्छी बोल्थे, चलमल हुंदा सर्प, मानों, सजीव ! ॥७॥

ता नीला मणिहरु हुने पीठमा चारहाते
नों नीला कुसुमहरुका आंकुरा चारपाते !! ॥
स्ता राम्रा, जुन हृदयमा राखिराखौं कि जस्ता !
स्ता कस्ता भनि नसकिने ! वा भनौं, चन्द्र त्यस्ता ! ॥८॥

खुल्थ्यो ठूलो सदन, जसमा देवता कोटि कोटि
बस्थे देवीसहित सजिला [५]पीठमा मानुं लेटी ॥
पल्टाएका कनक-लिपिका [६]कथ्यका [७]सूत्र सामु
विद्या, बुद्धि, प्रणय जतिका स्पष्ट आकार मानुं ॥९॥

ाज्ञा पाए अब अतिथिले बस्न श्रीइन्द्रनेर
स्ता राम्रा सुर-सदनमा देखिए शुक्रवीर ॥
ाने बल्ल [८]त्रिदशहरुले-'अन्य तारा रहेछन्
ाफू जस्तै अतिशय उंचो सभ्यतामा पुगेछन् ॥१०॥

१. चुल्ठोकोमाला । २. वृहस्पति । ३. आश्चर्यलाग्ने घर । ४. झ्याल ।
५. आसनमा । ६. बोल्ने कुराका । ७. बूंदाहरू ।
८. देवताहरूले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखे आगन्तुक युवकले आसनीमा रहेका
सामुन्ने नै अधिक रसिलो कल्पनामा डुबेका
दाढीवाला [1]'तरुण तपसी'का पिता [2]'भानु'सन्त,
राम्रा प्यारा [3]'मदन' र [4]'मुना' का [5]विधाता [6]वसन्त॥
बोले वाचस्पति अब उठी मञ्चमा, यात्रुतर्फ
राखी आंखा दुइ मुख दिई बोलिने यन्त्रतर्फ ॥
चंके विद्या-विनय भरिलो तेजिलो चेहरा र
सेतो दाढी, सुगठित जटाजूटका [7]अक्षहार ॥१२॥
"यात्री ! आयौ यस नगरमा शुक्रको लोकबाट
पाई हाम्रो अनुमति बस्यौ अप्सरस्तीर्थ-घाट ॥
स्वर्गङ्गाका तट निकटमा देवका धाम देख्यौ,
हाम्रा राम्रा नवयुवतिका चित्तमा नाम लेख्यौ ॥१
यो हो ठूलो सुरनगर, जो पुण्यले मात्र प्राप्य,
स्वार्थी-लोभी-हृदय नहुने प्रेमको मात्र राज्य ॥
वृद्धावस्था यस वसतिमा आउंदै आउंदैन,
खाने प्यूंने विषय-विषको वेदना क्यै हुदैन ॥१४॥
हाम्रो आध्यात्मिक गमनको सिद्धि हो स्वर्गलोक,
तिम्रो वैज्ञानिक रगडको ऋद्धि हो शुक्रलोक ॥
तिम्रा हाम्रा गुण, गुण,सिकौं,बैगुनी वस्तु फ्याकौं
जाऊन् प्यारा कच पनि तिमी साथ, सम्बन्ध राखौं ॥१५

---

१. कुनै युवक तपस्वीका पितालाई अथवा 'तरुण-तपसी' नाम काव्यका निर्माता (स्वर्गीय कविशिरोमणि लेखनाथ) लाई २. सूर्यल अथवा स्वर्गीय कवि भानुभक्त लाई। ३. ४. ५. ६. मदन= कामदेब, मुना=फूलको टुसा, यी दुबैका विधाता=निर्मा वसन्त=वसन्त ऋतुलाई अर्थात् कामदेव र फूलका मुना जागृत गरा वसन्त ऋतुलाई अथवा 'मुनामदन' नामक खण्ड काव्यका निर्मा (स्वर्गीयमहाकवि लक्ष्मीप्रसाद देवकोटा) लाई। ७. रुद्राक्षमाला।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(द्रुत विलम्बित छन्द)

अब बसे लिन उत्तर [1]वाक्पति,
अतिथि बोल्न उठे लिइ सन्मति ॥
कर जुदेर बज्यो करताल र
सदनमा भरियो क्षणमा स्वर ॥१६॥

नयन ती [2]अनिमेष-सदस्यका
अटल भै उनको मुखमा हुंदा
[3]श्रवण-द्वार उघारि खुला रहे ।
तरुणको [4]प्रतिभा-जल प्यूंन, रे ! ॥१७॥

वदनमा प्रतिभानल सल्कियो,
तरुणको तरुनोपन झल्कियो ॥
अरुण सुस्मित ओठ सफा खुल्यो
मधुर, दोषविहीन, [5]गिरा झन्यो ।.१८॥

वचन सीमित छन् र कृतज्ञता
अखिल व्यक्त गरौं कसरी म ता ! ॥
सकल हुन् अभिवादनमा खुस,
हृदय बन्दछ अञ्जलिको वश ॥१९॥

अमर ! स्वर्ग सबैदिन सुन्दर,
नव युवा-युवतीहरुको घर ! ॥
[6]अमर यौवनको सुमनोहर
वसति वा असतीहरुको पर ॥२०॥

---

१. बृहस्पति । २ परेला न झिक्याउंने देवता नै गोष्ठी-सदस्यहरूका ३ कान नै ढोका । ४. प्रतिभा (प्रज्ञा) नै पानी । ५. वाणी । गिराः (गिर + क्विप् + टाप्) । ६. नमर्ने (क्षय नहुने) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन, सुरा र [1]सुरोपम–सुन्दरी,
सुख-विलास, अलौकिक माधुरी ॥
सुकृतका फल हुन् जुन, ती सब
सतत देख्छु यहां म लवालव ॥२१॥

सुन कलङ्क विना छ अलौकिक
अनि सुरा छ पवित्र र पौष्टिक ॥
प्रणय-पावन[2] छन् प्रमदा, अहो !
यति भए, पृथिवी पनि स्वर्ग हो ॥२२॥

गृह नवीन, विशाल, सुचारु हून्
शयन सुन्दर हून् रमणी रमून् ॥
धन र धान्य, विभूषण, वस्त्र, हून्
नरक ती, यदि आय अशुद्ध छन् ॥२३॥

असल वस्त्र र भूषण पैह्रियून,
नृपति मान दिऊन्, जनता झुकून ॥
तर कठै ! [3]धन-मान-मदान्धले
पतन–ज्ञान लिदैन [4]दिनान्तले ॥२४॥

त्रिदिवमा[5] नहुने धन-शोषण,
न त सुरा पिइ अर्ध छ चेतन ॥
सुर भएपनि [6]कामकला-रत
प्रणयको महिमा छ असीमित ॥२५॥

धरणिका तृणका घरमा पनि
अमर ! देख्छु म स्वर्गिक जीवनी ॥
किनकि [7]आत्म-परिश्रम-पावन
उपज छन् तिनमा सुख-साधन ॥२६॥

---

१. मदिरा जस्ता (मादक) २ प्रेमले पवित्र । ३. धन, मानको मदले अन्धहरु अथवा धन, मान र मद (मद्यले) अन्धहरु । ४. दिनको अन्त हुंदा । ५. स्वर्ग । ६. स्त्रीसंगममा लग्नु । ७. आफ्नु परिश्रमले पवित्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वचनको गति छैन बताउने
सबुझमा यति नै छ बुझाउने ॥
भनि तुषार महाकवि बोल्दथे
सकल त्यो मनको तह खोल्दथे ॥२७॥

म ऋषि कश्यपको [1]दिति-वंशज
अदिति[2]–पुत्र तिमीहरू [3]काश्यप ॥
रगत एक छ, बान्धव छौं तब,
फरक छौं तर बिसिइ गौरव ॥२८॥

कति बिते दिन, रात रमाइला !
कति मिले सहवास भला भला ! ॥
अब म जन्म-धरातिर जान्छु, जो
पर हुंदा मनभित्र नगीचियो ॥२९॥

परम शान्ति तथा परम-[4]द्युति,
जति यहां छ, कहां छ अहो ! त्यति ! ॥
म त भुलेंछु यही रसरङ्गमा !
कुन विदा लिन खोज्छर स्वर्गमा ?' ॥३०॥

(तोटक छन्द)

'अलकापुरि कान्तिपुरी नगरी
सुखको सगरी, नभुले यसरी !' ॥
भनि [5]'भानु' उठे अनि देवपरी
अति दङ्गपरे सुनि त्यो नगरी ॥३१॥

---

१. दिति नामकी कश्यपकी पत्नीको वंशमा जन्मेको । २. अदिति नाम गरेकी कश्यपकी पत्नीका पुत्र ३. कश्यपका छौरा ।
४. शोभा । ५. भानुभक्त वा सूर्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुरराज उठेर भने विचरी
अलकापुरि-कान्तिपुरी नगरी ! ॥
अरुका सब चीज र बीज भरी
अब छैन, थिई पहिले जसरी' ॥३२॥

अनि [1]'लेख' उठेर भने यसरी
'अलकापुरि कान्तिपुरी नगरी ॥
दल-बादल[2]–शून्य छ [3]पञ्चपुरी
अमरावति कान्तिपुरी नगरी' ॥३३॥

(उपजाति छन्द)

(इन्द्रवज्रा र उपेन्द्रवज्रा)

जन्में मही-स्वर्गविषे पलाएं !
इच्छा नपुग्दै तर छाडि आएं ! ॥
नेपालमा खुल्दछ स्वर्ग-रश्मि'
भनी उठे भावुक सौम्य [4]'लक्ष्मी' ॥३४॥

बोले समागन्तुकले [5]वयस्य !
हेर्नेछु नेपाल – धरा अवश्य ॥
लैजान्छु साथै 'कच'लाइ मित्र !
पढ्नू, रमाऊनू, [6]भृगु-लोकभित्र ॥३५॥

---

१. लेखनाथ वा कुनै देवता । २. दल (पार्टी) रूपी मेघ न भएको (निर्दलीय व्यवस्था भएको) ३. पञ्चको सहर (पञ्चायत व्यवस्था भएको सहर) ४. लक्ष्मीप्रसाद देवकोटा वा श्रीः । (लक्ष्मी, शोभा र ऐश्वर्यका देवता) ५. हे साथी ! । ६. शुक्रलोक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाई इशारा गुरुको पुनीत
खुसी हुंदै इन्द्र बनी विनीत ।।
बसे दिई क्यै उपहार - हार
[1]सभा सभा त्यो सकियो ससार ।।३६।।

(शालिनी छन्द)

लाली छाई, पश्चिमा शैल टेकी,
अस्ताए श्रीसूर्य आभा समेटी ।।
भन्थे–मीठो वाणिमा [2]विप्रपुत्र
'साथी ! मेरो गेह पार्नोस् पवित्र' ।।३७।।

---

१. शोभायुक्त । २. ब्राह्मणका छोरा (बृहस्पति-पुत्र कच) ।

चौथो सोपान समाप्त

—×—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाचौं सोपान

(स्रग्विणी छन्द)

सूर्यको रश्मिको लालिमा रेखियो,
पूर्वको शैलको चूलिमा देखियो ।
नीदमा जो थिए, ती उठी ज्योतिमा
देख्तथे प्राकृती जागरा[1] प्रीतिमा ॥१॥
वृक्षमा स्तब्धता जो थियो निश्छल,
धोविनी[2] – शब्दले त्यो भयो चल्बल ।
घांसको भूमिमा रत्न झैं झलमल
वर्षिए पातका शीत, क्या [3]मञ्जुल ! ॥२॥
निर्झरी लग्दथे जो सुधा सिन्धुमा,
बर्बरी छर्दथें वायु त्यो बिन्दुमा ।
बिन्दुले मुस्मुसे पुष्पका गन्धमा
स्वर्गले फेर्दथ्यो श्वास स्वच्छन्दमा ॥३॥
मेघको क्यै उंधो, शैलको क्यै उंभो,
व्योमको सांगुरो जो धरो देखियो ।
त्यो धरो वा गरोबीचको तारका
फुस्रियो, जस्तरी फुस्रियो द्वारका ॥४॥
यामिनी[4] पन्छिदा व्योम नै रित्तियो,
दृष्टिमा सृष्टिको नीलिमा भित्तियो ।
त्यै पुनः स्वर्णको ज्योतिले पोतियो
[5]स्वर्महीं नौलियो, भावना लोलियो ॥५॥

---

१. जागृति, तर जागृति शब्द अशुद्ध छ । २. धोविनी चरीको शब्द ।
३. राम्रो । ४. रात । ५. आकाश र पृथ्वी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उड्न भों चाहना व्योममा फुर्फुर,
सुत्न को चाहला ज्योतिका मन्तिर ? ॥
'उठ्नुको भावना पार्छु रे ! शून्य' यो
भन्दथ्यो रात जो, त्यो भयो [1]स्वप्न पो ॥६॥

मिर्मिरे शुभ्रता शान्तिको भावना,
झुल्किने सूर्य हुन् स्फूर्तिका प्रेरणा ॥
जागरा[2] प्राण हो शान्तिको निर्मल,
भू भयो सभ्यतापूर्ण झैं झलमल ॥ ७ ॥

सूर्यको ज्योतिमा स्वर्णको शृङ्ग झैं
झल्झली झल्कने शुक्रको यान नै ॥
पुष्पको पुञ्जले छोपिंदा कुञ्ज भो,
वा नयां पुष्पकों यान भो पुञ्ज त्यो ॥ ८ ॥

सुन्तला-केसरे ओठका आंकुरा,
खेसरा[3] [4]भूसरा [5]अप्सरा अप्सरा ॥
यात्नुले छाडिंदा प्रेमका आसरा,
धूसरा फूसरा भैगए हा ! बरा !! ॥ ९ ॥

बैंशका बोट ती, फूलका ओठ ती,
प्रीतिका [6]घोट ती, रूपका [7]गोठ ती ॥
दांतका चोट ती, आंतका [8]भोठ ती
यात्नुले छाडिंदा वैलिए हाय ! ती ॥१०॥

यात्नुको भाल भो लाल क्यै चूर्णले,
कान भो कान्तिमान् मूल्यवान् स्वर्णले ॥
कण्ठ क्यै झुक्न गो माल्यले, स्वर्गमा
त्यो थियो [9]शिष्ट प्रस्थानको तर्जुमा ॥ ११ ॥

---

१. सपना अर्थात् अशक्य । २. जागृति । ३. आकाशमा हिड्ने ।
४. जमीनमा हिड्ने । ५. पानीमा हिड्ने । ६. भाङको शरबत ।
७. आश्रय ८. विवरण खुलाएर राखिने स्रेस्ता । ९. सभ्यतायुक्त ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शस्त्रका; शास्त्रका, ज्ञानका मूर्ति जो,
देवता-लोकका ज्यान वा स्फूर्ति जो, ॥
स्वर्गका देवका स्नेह जो पुञ्जमा,
ती चढे मित्रका साथ [1]दयौ-कुञ्जमा ॥१२॥

घर्र प्राक् शब्द भै थर्कियो [2]गह्वरी,
भुरियो पक्षवान् यान त्यो कस्तरी ! ॥
सर्कियो सर्र भै व्योमको मार्गमा
अश्रुका निर्झरी वैरिए स्वर्गमा ॥१३॥

हुत्तियो माथि त्यो यान भै नीरव,
लाम्चिलो पुच्छले छर्दथ्यो सौरभ ॥
चम्कियो तारकातुल्य त्यो [3]श्रीधर
स्वर्ग [4]भूगोलको भैगयो बाहिर ॥१४॥

त्यो [5]मरुत्-तोयको शक्तिले अस्थिर
वेगले चल्दथ्यो मेघको मास्तिर ॥
एक क्वै मानव व्योममा भेटिए,
जो, विना यान, त्यो शून्यमा कुद्दथे ॥१५॥

रोकियो टक्क त्यो वेगवान् साधन,
सोद्धथे ती दुबै-हे [6]महीनन्दन ! ॥
टिप्न के कुद्दछौ स्वप्नमा झैं यहां ?
यान ख्वै ? के गरी पुग्नु हो रे ! कहां ? ॥१६॥

स्वर्गको गोल यो व्योमको बाहिर,
भूमिकै गोलको व्योममा छौ नर ! ॥
स्वर्ग नै लक्ष्य हो ? वा कुनै लक्ष्य हो ?
मानुषी भूमिमैं फर्कने ? या कसो ? ॥१७॥

---

१. आकाशको कुञ्ज (विमान) । २. गुफा भएको पृथ्वी (स्वर्गको पृथ्वी) ३. शोभा धारण गर्ने (श्रीमान्) ४. स्वर्ग भूमण्डलका । ५. हावा र पानी । ६. हे पृथ्वीका पुत्र ! ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका पुत्र त्यो यानमा भित्रिंदा
मित्रता भित्रियो चित्त नै चित्रिंदा ॥
स्वर्ग औ शुक्रका देवता–दैत्यमा
भूमिको मानवी मूर्ति भो [1]चैत्यमा ॥१८॥

भन्दथे ती–'म ती चन्द्रमा कुल्चिन
चाल्छु यी हात औ पाउ यी हर्दम ॥
सर्छु यै वायुमा पौडिएझैं, सुन,
योगले हुन्न रे के कुरा ?, लौ भन ॥१९॥

हांक यो यान क्यै दूर, औ मोड क्यै,
देखिए अल्किंदा भूमिका ढांढ क्यै ॥
सूर्यका तेजमा टल्कने हेर, त्यो
स्वर्णको हा र झैं, भूमिको [2]धार हो' ॥७॥

भूमिका पुत्रको युक्तिमा तत्क्षण,
शुक्रका व्यक्तिको मोडियो वाहन ॥
ओलियो चील झैं नीलिमामन्तिर
शुभ्र त्यो शैलको शृङ्गकै मास्तिर ॥२१॥

[3]'देवडुङ्गा' पुग्यो यान, ती ओलिए
मुस्किइन् भू-परी नूतन - स्पर्शले ॥
शृङ्ग-डुङ्गा बने यानका आसनी,
प्यूंदथे भू-सुधा नेत्रले तन्तनी ॥२२॥

शुक्र औ स्वर्गका यन्त्रले-मन्त्रले
दूरता दूरता हुन्नथ्यो हेर्न रे ! ॥
देश-का-देश, ती भूमिका नन्दन
भन्दथे हेर भू-खण्डमा शोभन ॥२३॥

---

१. धार्मिक पूजाको स्थान (श्रद्धेय स्थान) २. सीमा (उंचाइ तर्फको) ।
३. सगरमाथा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेनु झैं देखिने भूमि त्यो, हेर त !
एउटै नामको राष्ट्र हो 'भारत' ॥
आज जो'हिन्द'औ'पाक'औ'बङ्ग'मा
टुक्रियो धेनुका अङ्ग झैं खण्डमा ॥२४॥ (क)

आजका यी कुरा पूर्वका कालमा
कें गरी गांसिए भावका जालमा ? ॥
कल्पना हुन् सबै, सृष्टि नै कल्पना !
सृष्टिका भित्र छन् [1]कल्पना-जल्पना ! ॥ २५ ॥

जो शशी-सूर्यले शान्तिको लक्ष्यमा
क्रान्तिको प्रेरणा हुन्छ सत्पक्षमा ॥
हिन्दुको राज्य यो' नित्य जो भन्दछ,
त्यो ध्वजा यो धराशृङ्गमा नाच्तछ ॥२६॥

स्वर्गको छ ध्वजा 'श्वेत ऐरावत'
रक्तता-व्याप्त यो [2]चन्द्रसूर्याङ्कित ॥
स्वर्गको श्वेतता, शान्तिकी [3]दीपिनी,
रक्तता, मानव-प्रीतिकी रोशनी ॥ २७ ॥

भूमिमा उच्च यो शैलको भालमा
फर्र भै यो ध्वजा भन्छ उत्तालमा—॥
'आर्य-संस्कारको मूल नेपाल हो,
विश्वमा न्यायको पाल नेपाल हो' ॥२८॥

गोरखा राजको गर्छ जो त्राण, त्यो-
गोरखा जाति झैं विश्वमा वीर को ? ॥
यो मही-स्वर्गमा देवता बस्तछन्,
गोरखा-पुत्र वा देवकै मूर्ति हुन् ॥२९॥

(क) यी तिनौटै देशमा गांबध हुन्छ, त्यसैले पनि यो उपमा ।
१. कल्पनाका कुरा । २. चन्द्रमा र सूर्यले अङ्कित । ३. दीपको नेपालीमा स्त्रीलिङ्ग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वमा छुट्टिदो सभ्यता, संस्कृति,
रीति वा नीतिका छन् पृथक् पद्धति ॥
यी सबै विश्वका नेत्रका[1]कर्षक
'यो पृथक् देश हो' भन्छ त्यो [2]सुध्वज ॥३०॥

पूर्व 'मेची' यता 'कालिका'[3] सम्मको,
शैल योदेखि त्यो भारतै सम्मको ॥
देश-नेपालको आजको क्षेत्र हो,
जन्मभू, कर्मभू मित्र! मेरो छ यो ॥३१॥

'व्यास' जन्मे यहीं पूर्वको कालमा,
'बुद्ध' जन्मे यही शुद्ध नेपालमा ॥
'जानकी' जन्मिइन् यै महीखण्डमा
हेर, 'वाल्मीकि'को [4]वासभू त्यो [5]यहां ॥३२॥

चीनको राज यो शैलको उत्तर,
गोरखा—राजमा अर्ध यो [6]भूधर ॥ (क)
यो चुचो कुल्चने विश्वमा गीत भो,
पूर्व-नेपालका पुत्रकै जीत भो ॥ ३॥

देवता-मूलका शैलका चूलि, यी
श्वेत हयूं-वस्त्रले बस्तछन् ढाकिई ॥
जो दुवै सांझमा स्वर्णका धारक,
चंकिदो आर्यसंस्कारका स्मारक ॥३४॥

---

१. खिच्ने (आकर्षक) । २. राम्रो वा असल झण्डा ।
३. महाकाली नदी । ४. वासस्थान (आश्रम) ५. नेपालमा ।
६. पर्वत । (क) अक्टूबर १९६१ को सीमा-सन्धिमा भएको हस्ताक्षर-अनुसार दक्षिण भाग नेपालले नियन्त्रण गर्ने रत्तउत्र भाग चीनले गर्ने भन्ने भएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ध भूलोकमा ज्योतिको दृक्[1] दिन
मानवी नीचता मेटि उक्साउन ॥
शिष्टता छाउंदै दुष्टता मासन
शैलले शुभ्रता लिन्छ रे ! पावन ॥३५॥

डाक्छ यो शैलले शीघ्र नैं उफ्रिन,
स्वर्गको [2]भर्गको केन्द्रमा उविलन ॥
ज्योतिको स्रोत ली भूमिमा फर्किन
सत्यको निम्तिमा प्राण नै अर्पिन ॥३६॥

भूमिको [3]शीर्ष यो, सभ्यता-शीर्ष यो,
शीर्ष-ऐश्वर्यको, खानिको शीर्ष यो ॥
औषधी औ नदीको महान् शीर्ष यो,
खोज आरोहको शीर्ष संसारको ॥३७॥

हेर, यी टाकुरा, शैलका सार वा
हांसदी भूमिका दांतका हार वा ॥
व्योम नै ढाकने उच्च यी टाकुरा
[4]दिव्यताभासका हुन् कि वा आंकुरा ॥३८॥

यी शिखामुन्तिरै मेघका छन् घटा,
ज्योतिमा छन् हिउं स्वर्णका झैं जटा ॥
शैलका छाहरी [5]हृद्-हरी छन् कहीं,
रम्य यो [6]दुर्गले [7]दुर्गमा छिन् मही ॥३९॥

---

१. आंखा । २. ज्योति ।
३. शिर । ४. दिव्यताको प्रतिबिम्ब (छाया) वा ज्योति । ५. हृद्-हरण गर्ने । ६. किल्ला । ७. दुर्गम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व-पाश्चात्यको[1] दीर्घ विस्तार लो
पल्टने यो कुनै जन्तु हो वा बली ॥
श्वास हो बाफ वा रोम हुन् वा तरु,
हचूं परी राखियो देहको आवरु ॥४०॥

यो उठे, [2]स्वर्महो-श्रेणिका बन्दथ्यो,
इन्द्रको [3]सौधको द्वारमा पुग्दथ्यो ॥
बन्दथे [4]वल्लरीभित्रका यी [5]दरी
स्वर्गमा कामका केलिका [6]गह्वरी ॥४१॥

छेकियो उत्तरी शीतको [7]मारुत,
रोकिंदा मौसुमी वायु भो [8]तोयद ॥
पूर्ण नेपाल भो पालने [9]भू-परी
पल्टंदा यो महान् शैलले यस्तरी ॥४२॥

भूमिको रूपले तानियो चित्त र
बस्तछन् शृङ्गमा [10]श्रीउमा-शङ्कर ॥
राख्तछन् ती नदी-रेखिता-चित्रिता
रम्य-नेपालको भूमिमा भव्यता ॥४३॥

खुस्किंदा चीनका [11]वस्त्र निर्वस्त्रकी
सुन्दरी क्वै छ कि हचूं हुने यो शिखी ॥
शृङ्गका अङ्ग यी गौर छन् पुष्ट छन्
खस्किंदा वस्त्र झैं यी नदी खस्तछन् ॥४४॥

---

१. पूर्व र पश्चिमको । २. स्वर्ग र पृथ्वी जोड्ने सीढी वा लिस्नो । ३. दरबार । ४. लहरा । ५. गुफा । ६. गुफा भएकी पृथ्वी (स्थान) । ७. हावा । ८. पानी दिने । (वर्षा दिने) । ९. पृथ्वी नै देवी । १०. गौरी-शङ्कर (हिमाल) । ११. रेशमी वस्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खस्तछिन् हेर यी [1]'कालिका' पश्चिमा
झर्दछिन् 'गण्डकी' देशको माझमा ॥
सप्तकी[2] तुल्यका सप्त ती कौशिकी
बग्दछन् पूर्वका भागमा [3]पारखी ! ॥४५॥

शम्भुको भालको भस्मले सुन्दरी
हेर, ती [4]स्वर्धुनी झर्दछिन् झर्झरी ॥
गोरखा-वीरका खड्ग-[5]प्रक्षालमा
लाल भै बग्दथिन् ती कुनै कालमा ॥४६॥

जीवकी प्राणदा, [6]भूतिदा, ईश्वरी
यी नदी [7]गामिनी नागिनी झैं परी ॥
हार झैं भूमिका वक्षमा छर्बरी
बग्दछिन् सम्ममा कस्तरी सर्सरी ॥४७॥

यो गिरि श्वेत-भू[8], [9]नीलभू कानन,
[10]पीतभू सम्ममैदान झन् शोभन ॥
ली त्रिरङ्गी छटा, भूमिको सम्पदा
खुल्छ नेपाल वा विश्वको नै ध्वजा ॥४८॥

साल, सल्लो, सिसौ, चांप, [11]पुंनागका
उच्च यी वृक्षले निम्न यी भागका ॥
थप्तछन् उच्चता, चारुता, पूर्णता
पुष्पका बोटमा पुष्पले झैं यता ॥४९॥

---

१. महाकाली नदी । २. कम्मरपेटो । ३. धुने । हे पारख गर्ने
४. गङ्गाजी । ५. तरवारको धुलाइमा । ६. ऐश्वर्य दिने
७. हिंड्ने । ८. सेतो भूमि । ९. नीलो भूमि । १०. पहेंलो भूमि
११. चिलाउने रूख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो महाभारत-श्रेणि हो, त्यो यता
शैलका पङ्क्तिको देखियो दीर्घता ।।
हुन्छ कोदो, मकै, शैलका लेकमा
धान छन् बेसिका खेतका भेकमा ।।५०।।

धानका बोटमा हेमका लुर्कन
फेरि तोरीभरि स्वर्णको सिर्जन ।।
हुन्छ रे ! त्यो महाभारत-श्रेणि र
त्यो चुरे-बीचको खूंजमा सुन्दर ।।५१।।

पूर्व-पाश्चात्यमा[1] दीर्घता रेखिंदो
त्यो चुरे-श्रेणिको मन्तिरै फैलिंदो ।।
उर्वरा निर्जरा सम्म भू खुल्दछ
काञ्चनै झंकिंदा देश नै फल्दछ ।।५२।।

अन्नले पूर्ण त्यो सम्म भूभाग हो,
देशको प्राण औ चित्तको वाग हो ।।
तोरिका पुष्पले पुष्पिता, उर्वरा
धानको शानमा मानिनी छिन् धरा ।।५३।।

सम्म त्यो उर्वरा भूमिको तीरमा
देखियो [2]पावनी-[3]काननी-[4]मञ्जिमा ।।
सभ्य नेपालको भव्यता हो त्यही,
दीनता नाशने [5]वन्यभू हो सही ।।५४।।

---

१. पूर्वपश्चिम । २. पवित्र । ३. वनसम्बन्धी । ४. सौन्दर्य । ५. वनभूमि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्ग झैं शैलको वृत्तले घेरिंदी
आर्यकी आदिभू, पुण्यभू, शोभिंदी ॥
[1]देवतोपत्यकी पुष्पझैं पुष्पिता
हेर, भूमोहिनी राजधानी उता ॥५५॥

शुष्क [2]कासार यो, सार संसारको,
निष्क[3] झैं सारवान्, केन्द्र [4]आसारको ॥
शौर्य, सौन्दर्यको उज्ज्वल द्वार यो
एक [5]केदार यो धर्म-संस्कारको ॥५६॥

[6]श्रीपशुस्वामि-संवासको शैलमा
मन्दिर स्वर्णको वाग्मती तीरमा ! ॥
शैव वा बौद्ध वा एक भै पूज्दछन्
शम्भु वा बुद्ध वा अन्य जो देव हुन् ॥५७॥

'पृथ्वि'का शौर्यले हिन्दुका राज्य नै
गोरखा-राज्यमा गाभिए एक भै ॥
पूर्ण-नेपालको चन्द्रसूर्याङ्कित
'लाल-झण्डा' भयो विश्वमा चर्चित ॥५८॥

(द्रुतविलम्बित छन्द)

प्रकृतिको प्रिय देश मनोहर
विकृतिको अधिवास भयो तर ॥
तदपि देख्छु भविष्य निको, अहो !
किनकि पावन यो शिव-देश हो ॥५९॥

---

१. देवताको उपत्यका । २. तलाउ । ३. असर्फी । ४. वर्षा । ५. क्षेत्र ।
६. श्रीपशुपति बस्ने पर्वत (कैलास) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गिरि-शिखानिर त्यो लघु गाउं छ;
नजरलाइ त्यसै ललचाउंछ ।।
अघि थियो कति दुःखविमोचन !
अब छ त्यै स्थलमा सुखमोचन ।।६०।।

पाँचौं सोपान समाप्त

—×—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं सोपान

(मन्दाक्रान्ता छन्द)

त्यो बस्तीमा, उपरि वनको श्याम रेखा जहां छ,
त्यस्तै तल्लो तह वन हुंदा पुष्ठिएको जहां छ, ॥
सेता पाटा वरिपरि भई जाति फापर् फुलेका
तोरी-बारी कनक-छविले वर्षिनै छन् खुलेका ॥१॥

टुक्रा जस्तो अति चहकिलो इन्द्रका लोकको वा
इन्द्रेनीका [1]शवल छविको थुप्रिदो पुञ्ज यद्वा ।
यद्वा नीलो रंग सब हुने झ्यालमा सानु स्वच्छ
हांसे-जस्तै शिशु, विपिनको माझमा, गाउं खुल्छ ॥ २ ॥

त्यो बस्तीको नजिक नभनौं, पूर्वको शैल जो छ
अग्ला अग्ला शिखर—तरुले जो महाव्योम चुम्छ ॥
छर्छन् ज्योति प्रतिदिन रवि त्यो उंचो चूलिबाट
मानों थप्छन् छवि किरणले स्वर्गको धूरिबाट ॥३॥

त्यो वेलामा, जब [2]घडिचरा ब्यूंझ रे ! ब्यूंझ, छात्र !
यात्री ! यात्रा गर, कुलवधू ! पैह्र रे ! पैह्र वस्त्र ।
भन्दै दिन्छन् विविध-विषयी सूचना नादद्वारा
हुन्थे चांडोसित घरघरै बन्द ढोका उघारा ॥४॥

---

१. छिरबिरे । २. घडी (मुहूर्त्त) बताउने चरो कुखुरो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो वेलामा द्विजहरु जसै स्नान सन्ध्या गरेर
शालग्राम प्रणवसहितै वेदवाणी पढेर ॥
पूज्छन् श्रद्धासहित, जुन हो आर्यनिष्ठा-चरित्र
हुन्थ्यो भित्री तह दिवसको थालनीमै पवित्र ॥५॥

त्यो वेलामा, जब तरुहरू पूर्ववर्त्ती चुचामा
पाई झुल्को रवि-किरणको खुल्दछन् चारुतामा ॥
कस्तो बस्तीनजिक वहने निर्झरी-स्रोतलाई
ग्रामस्त्रीले [1]अरुण-रजले लाल पार्थे नुहाई ! ॥६॥

गाग्री च्यापी प्रबल कटिमा वा पिठ्यूंमाथि राखी
हिंड्दा, भिज्दा जललव चुही वा छवल्केर काफी ॥
वास्ता-व्यास्ता नगरि त्यसको, कामका बात मारी
चल्थ्यो नारीलहर, करले माथि क्यै सारि सारी ॥७॥

त्यो वेलामा, जब नववधू बन्द ढोका उघारी
जिभ्रो काड्छन् भय शरमले पूर्व आभा निहारी ॥
ढुङ्ग्रो च्यापी बलसित दुवै नग्न घूंडा घुसारी
बस्थे गाई दुहुन छरिता अर्धबैंशालु नारी ॥८॥

त्यो वेलामा, जब अलि घडी बित्छ, नेती चलाई
मोही पार्थे झनझन चुरा पारि क्यै आइमाई ॥
चल्दा चांडो कटि र त्यसको भाग [2]तल्लो र [3]माथि,
उभ्री बस्थे शशि-वदनमा [4]स्वेदका बिन्दु, साथी ! ॥९॥

---

१. रातो धूलो (सिन्दूर) २. नितम्ब । ३. स्तन । ४. पसिना ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो वेलामा, जब अलि निकै घाम चढ्छन् उकाली,
मेला छाडी, घर पुगि, छिटो सानु भांडो बसाली ॥
नारी गर्थे तरखर निकै, तान्दथे वृद्ध सोते,
साना [1]जिण्डा [2]कल गरि गरी बोल्दथे मिष्ट तोते ॥१०॥

पाक्ता पीठो, जुन कपटले आर्जिएको थिएन,
यद्वा साझा श्रमफल हुंदा व्यक्ति-पेवा थिएन ॥
आफ्ना आफ्ना परिजन खुशी साथ जम्मा भएर
भर्थे भोको उदर, जसमा छैन मन्दाग्नि, हेर ! ॥११॥

त्यो वेलामा, जब समयको सूचना दिन्छ छाया;
त्यो बस्तीका हंसमुख ठिटा औ ठिटी एकमाया ॥
गाई भैंसी सकल घरका एक ठामै मिसाई
लैजान्थे क्यै पर चउरमा चर्न फुक्का गराई ॥१२॥

दाम्ला बाटी घर-मनि हुने गोठमा, खोलि गाता
पढ्दापढ्दै कि त कनिकुथी वीरका वीर्यगाथा ॥
बित्थे बांकी दिवस घरका वृद्धका, वृद्ध नारी
गर्थे आफ्नो समय-कटनी अन्नदाना सह्यारी ॥१३॥

त्यो वेलामा मधुर मदको लालिमा सल्किएको
गाला जस्तो जब जलदको पुञ्ज हुन्थ्यो खुलेको ॥
फांचो रन्की घरतिर फिरी लैनु गाई कुदेको
गोधूलि[3] क्या सरल मनमा हर्षका रेणु छर्थ्यो ॥१४॥

आजै जस्तो गरि समयमै भोलि हामी जुटौंला
भन्दै मीठा वचन प्रियले छाडिएका ठटयौला ॥
डोको बोक्ने, सरस, कलिला बेंशका, घांसिनीको
तांती पुग्थ्यो वसति-नजिकै पूर्व नै [4]यामिनीको ॥१५॥

---

१. केटाकेटी (पूर्वी पहाडी बोलचालमा चलेको शब्द) । २. झगडा ।
३. गाई हिंड्दा उडेको धूलो । ४. रात्रिको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती मैह्नामा, जब कुसुमका बोटमा बैंश फुल्छन्
बैंशालु क्यै फुरफुर हुंदै भावनाबीच झुल्छन् ॥
सुन्दै मीठो [1]सुमन-वनमा कोइली-कण्ठधून
सिक्थे प्रेमी प्रकृतिसित क्यै प्रेमभाषा नवीन ॥१६॥

वर्षालाई घरघर निकै दाउरा चाहिनाले
जोडी-जोडी मधुवनविषे घुम्दथे कामनाले ॥
साक्षी राखी युगल दिलको प्रेम ती छाडि मान,
गर्थे गर्दै टहल हरिया कुञ्जमा आत्मदान ॥१७॥

जाडो घट्ता तर गरमको याम आई नपुग्दा
ठूलो नीलो [2]सगर-सरमा चन्द्र वेदाग खुल्दा ॥
सोते घुर्थ्यो जुन घर पिंढी चोकमा घुर्र [3]घोर,
त्यो नै हुन्थ्यो विविध गफको केन्द्र-शाला अघोर ॥१८॥

ती मैह्नामा, जब विटपमा पात खंग्रंङ सुक्छन्,
वर्षा संझी जब सगरमा लोकका दृष्टि घुंछन् ॥
लामा डांडा अति चहकिला हार पैह्रेर राति
देखापर्थे, तदपि वनको त्यो डंडेलो नजाती ॥१९॥

गर्मी चढदा सहन नसको टंटलापूर घाम
थाकी बस्थे तरुमनि सबै चट्ट छाडेर काम
खान्थे कांचा फल पनि कति, ज्यास्ति खाने प्रियामा
भन्थे प्याराहरु अनि यसो—'दोजिया ! मेट तृष्णा' ॥२०॥

ती मैह्नामा, जब सगरको मेघ ओलिन्छ सुस्त,
लुक्थे थुंका-वरिपरि त्यही मेघको झूलभित्र ॥
झर्थे झर्ना झरझर गरी, खेतपाटा हिलिन्थे,
राम्रा राम्रा पहिरन धरी स्त्रीहरू धान रोप्थे ॥२१॥

---

१. फूलको वनमा । २. आकाशरूपी तलाउमा । ३. डरलाग्दो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाई वर्षा प्रकृत कविको भावना छल्किएर
बाढी आएसरह कवितारूपमा नौलिएर ॥
बढ्दाखेरी पनि नदनदी तर्दथे बोकि भारी
[1]सारी [2]सारी जघनतक, त्यो गाउंका सर्वनारी ॥२२॥

ती मैह्नामा, जब सगरमा मेघको दाग हट्छ,
चन्द्रश्रीको अमृत करले विश्वमा प्राण भर्छ ॥
हांसी हांसी युगल युवती दोहरी पीङ खेल्थे,
गाई गाई प्रिय युवकका वाद्यमा नृत्य गर्थे ॥ २३ ॥

ती मैह्नामा, वरिपरि सबै खेतमा पूर्णतामा
झुल्छन् बाला जब तल नुही झल्किदै स्वर्णतामा ॥
देखी आफ्नो श्रम-सफलता हर्षका गीत गाई
जोडाजोडी मिलिजुलि त्यहां धान काट्थे रमाई ॥२४॥

केही हप्तापछि घरधुरी थेगने थाम बारी,
राख्थे त्याहीं श्रमफल सबै पारि झूसी भकारी ! ॥
भान्सादेखिन् उचित कपडा-चाडपर्वाहिसम्म
पूरा वर्षभरि सह बसी अन्न पुग्थ्यो, अचम्म ! ॥२५॥

ती मैह्नामा, जब घरघरै धान भित्रीसकिन्थ्यो
जाडो न्याना रविकिरणको ताप वैल्याइदिन्थ्यो।
छाप्रा बारी गृहपति हुंदा ऊखु पेल्न प्रवृत्त
हुन्थ्यो मेलासरह घरका बालबालानिमित्त ॥२६॥

पैलो घण्टीसरह खगको डांकमा कोल चाली
पेली ऊखु द्रव सकल नै खड्कुलीमा खसाली।
खुंदो ढुङ्गाभरि कि सखरै पारि, बाहान पैलो
चौतालाई भनिकन सबै राख्तथे फालि मैलो ॥२७॥

---

१. सारी पहिरिने साखे। २. सारेर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्थे हिन्दू चलन सबले धर्मको गर्व मानी
पूजा गर्थे विधिसित जगन्नाथको पर्व जानी ॥
जल्ले सञ्चालित प्रकृति यो गर्छ, सिर्जन्छ, मास्छ
त्यो होईश, प्रबल मनले मान्दछन्, मान्नुपर्छ ॥२८॥

त्यो बस्तीका थितिबितिहरू राख्नलाई पवित्र
बूढापाकासित तरुणले सोद्धथे भै सुपात्र
राजा, द्यौता, कुल-नियम को नाघ्दथ्यो रञ्च मात्र ?
मर्यादामा सकल रहिने पूर्ण स्वातन्त्र्य-भित्र ॥२९॥

त्यो बस्तीका सकल जनको जो थियो चालवाल
त्यो आफ्नै हो, अनुकरण क्यै हुन्नथ्यो, यो कमाल ! ॥
यल्ले गर्दा सब सहरिया सभ्यता तुच्छ हुन्थ्यो
चोखा चोखा सरल-दिलका व्यक्तिको मेल हुन्थ्यो ॥३०॥

यौटालाई पनि यदि परे पीर, गामै पिरिन्थ्यो,
यौटाकै होस् सुखद घटना; गाउंकै हर्ष हुन्थ्यो ॥
त्यस्तो चाला, जुन सहरमा एक भोको छ, अर्को;
खाँदा खाँदा पशु बनिसक्यो, हुन्नथ्यो गाउंमा त्यो ॥३१॥

एकैनासे घरहरु थिए, [1]आय-वैषम्य ह्वैन
अर्मापर्मा प्रियचलनले काममा ऐनचैन ॥
उस्तै खाना, पहिरन उही देखिने ह्वैन चर्को
सारों गाह्रो सब मिलिजुली टर्दथ्यो को छ अर्को ? ॥३२॥

त्यो बस्तीका युवक युवति प्रेम-संलाप गर्थे,
बेसारे भै मृदु वचनका जाल बुन्ने न हुन्थे ॥
नातागोता, जनक, जननी, सन्तति, स्नेह गर्थे
साथी साथी विमल दिलको मित्रता पाइ रंथे ॥३३॥

---

१. आम्दानीको घटी-बढी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो बस्ती हो कलह नहुने, प्रेमले मौलिएको,
मानों यौटै घर सब जना भै जहानै बनेको ॥
जल्ले जस्तो पनि प्रणयले गर्दथे काम सेवा
ठूलो सानो धनिकन कहीं हुन्न चर्चा र चेवा ॥३४॥

'त्यो बस्ती हो कवि-हृदयमा कल्पनाले रचेको !
वाधा के भो ? जब भुवनमा वेग रोकिन्नथ्यो पो !'
भन्ने होला ! हुन पनि यही कल्पना झैं भयो, ए !
आंखा गाडी जब सहरका एक सामन्त आए ॥३५॥

फांडे पैले विपिन उनले वासको निम्ति केही
तोरी-बारी पनि अनि किने द्रव्य खर्चेर केही ॥
तालुक्दारी हक पनि लिए एक अड्डा मिलाई
रैती पारे [1]ऋजु प्रकृतिका सभ्य सन्तानलाई ॥३६॥

पैलेको यो सकल छ कथा, आज कस्तो छ मित्र !
ती साहू छन, जुन अघि भनें, सर्प झैं गाउं भित्र ॥
सोझालाई हरतरहको भान पारी बझाई
बस्छन् ऐले बहुत खंदिलो मेल त्यस्तो टुटाई ॥३७॥

जल्ले गर्दा बहुत खंदिलो आपसी मेल छैन,
आफैं जम्ने कुटिलपनको भावना नै छ बिघ्न ॥
आयो नौलो अब सहरिया चाल जो नक्कली छ
त्यो बस्तीमा [2]श्रमज-धनको हुन्छ बेकार खर्च ॥३८॥

तालुक् मान्ने थितिबिति भयो जो नयां, त्यो हुंदामा
बाली बुझ्छन् धनिक श्रम वा खर्चको शून्यतामा ॥
पर्मादारी प्रिय चलनको काम छाडी किसान
सित्तैं आफ्नो भुज-बल उनैलाइ गर्छन् प्रदान ॥३९॥

---

१. सरल । २. परिश्रमबाट उत्पन्न धन अर्थात् पसिनारूपी धन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सित्तैं पाई श्रम सकलको, जो छ ऐश्वर्य भारी
बस्छन् साहू गुठिल गठरी सालसालै सह्यारी ॥
उब्जा घटता श्रम दिनु परी तालुकी मान्नलाई
खान्छन् सारा ऋण अब्र कडा ब्याजमा आदि भाइ ॥४०॥

सांवा ब्याज प्रथम, अनि त्यो ब्याज नै फेरि सांवा,
ब्याजैको भो दिनदिन पुनर्ब्याज यस्तै हुंदामा ॥
नाङ्लो ढुङ्ग्रोतक दिइ बसैं सर्न लाग्दा किसान
रुन्छन् संझी श्रमकण पिई सप्रिएका विरान ॥४१॥

ती साहूले क्रमसित निकै भूमि आफ्नो गराए,
चक्ला पारौं भनिकन निकै व्यक्तिलाई धपाए ॥
साटोपाटो पनि गरि-गरी सांघका खेत-बारी
आफ्नो पारे सकल जनका जल्दछन् चित्त भारी ॥४२॥

मांग्दा केही धन, रिन दिने काटि ठेकी तमाम,
फांड्दा केही वन पनि, लिने मूल्य झैं [1]चारदाम ॥
तिर्दा केही कर पनि, लिने उत्ति नै तायदात
यस्तै मर्का कति कति परी मर्दछन् सर्वजात ॥४३॥

त्यो बस्तीमा जति त अब छन्, छन् सबै बांच्न-निम्ति
ती साहूका अगिपछि लिई दासताको प्रवृत्ति ॥
जल्ले गर्दा मनुजपनको भो बहिष्कार सारा
आफैं आफैं कटु कलहले अन्ध हुन्छन् बिचारा ॥४४॥

कोही पाई अलिकति, सबैं दाहिना झैं रहन्छन्,
कोही रित्ता मृदु वचनका सान्त्वनामा दगुर्छन् ॥
कोही आफ्नो सिरिखुरि लिंदासम्म छन् रे अजान !
यो चालाले क्रमश सबका चल्दछन् शान, मान ॥४५॥

---

१. 'चारदाम' नाम गरेको गहकिलो रकम, जुन तालुकदारहरूले जग्गा दर्ता गर्दा खाइने दस्तूरी हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो बस्तीमा अब त युवति द्रव्यमा बेचिने छन्;
बेसारेका मृदु वचनका जालमा वेह्रिने छन् ॥
छोरा छोरी, जनक जननी, बन्धु नै बाङ्गिने छन्
साथी साथी छल कपटका रागमा रङ्गिने छन् ॥४६॥
बस्ती छायो कटु कलहले क्रोधले रन्किएको
ज्वाला दन्क्यो दनदन महादीनताको ननिभ्दो ॥
कल्ले गर्ने अब त कसको प्रेमले काम सेवा !
ठूलो सानो भनिकन चल्यो उग्र चर्चा र चेवा ॥४७॥
पैलेको त्यो हिलमिल गरी काम गर्ने स्ववृत्ति
वेला वेला दिल दिल मिली खेल खेल्ने प्रवृत्ति ॥
त्यो स्वातन्त्र्य, प्रणय, प्रणति, त्यो सुखी सभ्य चाल,
त्यो बस्तीमा अब हुन गयो स्वप्न झैं साल साल ॥४८॥

(द्रुतविलम्बित छन्द)

अब त लेक तथा गडतीरका
पखत खुंज; तराइ र भीरका ॥
वसतिको भइ हालत दुर्गत
जनपद[1] क्षिति[2]मा छ अधोगत ॥४९॥
सहरका घरमा छलछाम छन्
कपटमा नर जाल फिजाउंछन् ॥
नबुझदै निज-संस्कृति त्याग्दछन्
[3]अपर-संस्कृतिको पछि लाग्दछन् ॥५०॥
कलमको [4]नवकेलि-कलापले
वचनको चतुर्याइं र चापले ॥
दुरित[5] कर्म छिपाउनमा निजी
कुशल छन् [6]जन-नायकवर्यजी ॥५१॥

---

१. देश । २. पृथ्वीमा । ३. अर्काको संस्कृति ।
४. नयां खेलको विविधताले । ५. खराब आचरण । ६. जननेताहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधम काम गरी धन आर्जिने
फजुल खर्च गरी सब रित्तिने ।!
दिनहुं अर्ध हुने, पिइ [1]आसव,
प्रणय भन्नु छ [2]यौनमयोत्सव।।५२।।
अपरिपक्व विचार फिंजाउने
स्वकुल-पद्धति[3]लाइ गिज्याउने
युवकको छ यही जनसेवन
युवतिको निज अङ्ग-प्रदर्शन ।।५३।।
कृषक शोषित छन् र [4]वणिक्-व्रज
बहुत धूर्त्त तथा [5]परदेशज ।।
प्रगति नाम अधोगतिवादले
मनुज छन् सब दानव तुल्य रे ! ।।५४।।
स्थिति सुधार्न उपाय बताउंदै
रगतको बलिदान चढाउंदै ।।
अघि युवा युवती पहुंचे कति
अमर नाम लिई अमरावती ।।५५।।
जुन भनें—'म हुं मानिस' यो भनी,
भ्रम-निवारण होस् अब त्यो पनि ।।
म न सजीव मनुष्य हुं, चन्द्रमा
छुन न कुद्छु नभोमय शून्यमा ।।५६।।
[6]अमर नै छु मरे पनि मित्र हो !
सगरमा म रहन्छु स्वदेशको ।।
जति छ भूतलमा स्थिति बैगुनी
त्यति भनिन्न, म हुन्छु बिदा पनि' ।।५७।।

१. मदिरा । २. काम–भावनापूर्ति गर्ने उत्सव (संगम) । ३. आफ्नो कुल परम्परालाई । ४. बनिया (व्यापारी)को समूह । ५. अर्काको देशमा जन्मेका (विदेशी) । ६. नमरेको (शहीद) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(मालिनी छन्द)

[1]यतिसरि, यति भन्दै भैगए ती विलीन,
[2]यति-वसति-शिखामा छक्किए ती नवीन ॥
[3]क्षिति–ग्रह कति राम्रो ! चाल कस्ता नराम्रा !'
भनिकन पथ लागे शुक्रका यात्रु हाम्रा ।।५८।।

१. योगी वा हिमालमा हुने यति । २. यतिको वासस्थान भएको शृङ्गमा । ३. पृथ्वीग्रह ।

छैटौं सोपान समाप्त

—×—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं सोपान

शिखरिणी छन्द

उडे यात्री छाडी रजत सरिको उज्ज्वल शिखा,
पुग्यो पृथ्वी धेरै तल, वन बने पुञ्ज तृणका ॥
गरा, बारी-पाटा छिरबिर गलैंचा बनिगए,
नदी रेखी जस्ता, घर, गिरिहरू चित्रित भए ॥१॥

पुगी माथि ज्यादा, गगनतलमा यान सुकिलो
शशी झैं देखिन्थ्यो [1]छवि-निचय झल्की चहकिलो ॥
तलै फ्यांक्तै फ्यांक्तै जलधरहरू पापसरह
पुग्यो पुण्यात्माको हृदयगति झैं उच्च सतह ॥२॥

अंध्यारो पन्थाको तहकन छिचोलेर अब त
उज्यालोमा भेट्थे [2]गगनचरले दिव्य अमृत ॥
कुनै तारा झुल्क्यो अति चहकिलो पूर्व नभमा
भए ती आनन्दी ऋषिसरि [3]समाधिस्थ वनमा ॥३॥

थियो ठूलो तारा नव किरण छर्ने नभभरि,
उदाएको अन्तर्हृदय-तम हर्ने छविसरि ॥
दुवै शान्त स्निग्ध प्रकृतपनमा [4]सुस्मित थिए,
हटाई निद्राका विकृतिकन ब्यूंझेसरि भए ॥४॥

थियो तारा सारा सगरभरिको श्रीसरि नयां,
थियो भाग्यश्री वा सब भुवनको उज्ज्वलतमा ! ॥
थियो यद्वा ठूलो [5]गगनचरको ताज झलल !
न वा त्यो हो ज्योतिर्मय भुवनको द्वार विमल ! ॥५॥

---

१. कान्तिको पुञ्ज । २. आकाश-यात्री । ३. समाधिमा रहेको ।
४. मुस्काएका । ५. आकाशमा हिड्ने प्राणी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो हीराको वा सकल [1]उडुको गोलक नव !
कि हो ज्योतिष्मान् त्यो [2]अमृत-घट ठूलो [3]अमुलभ ! ।।
सुहाएको हो वा कवि—हृदयले नील गगन !,
टिपी ल्याऊं जस्तो गगन-तलको नव्य [4]सुमन ! ।।६।।

कि विद्युत्-बत्ती हो गगन-पथका लागि ज्वलित !
"मृतात्माको ज्योति प्रकटित र [6]गोलायित कि त !"
कि दुष्प्राप्य, प्राणप्रद, मधुर, संजीवन-बुटी !
कि झल्केको हो त्यो [7]असुर-गुरुको सुन्दर कुटि ।।७।।

दयाको हो वा त्यो छविमय तनू शान्त थितिको !
थियो वा आभा त्यो प्रणय र उदार प्रकृतिको ! ।।
कि हो विद्या, ज्ञानस्थिति, कुशलसाक्षी सुदिलको, !
कि आशाको झुल्को ! कि नव कविको स्वप्न खंदिलो ! ।।८।।

'सखे ! यो द्यौताको स्फुरण छ कि नीलो गगनमा ?
उज्यालो केको हो ? अविदित छ कस्तो नयनमा !' ।।
भनी जिज्ञासाले जब असुर साथीकन कच
त्यहां सोध्थे, भन्थे अनि असुर-'यों शुक्रग्रह छ' ।।९।।

मिलेझैं जीवात्मा अमर परमात्मा प्रभुसित,
कि ताराको तारासित मिलन झैं ज्योतिसहित ।।
सुपंखी त्यो तेजोमय गगनको यान अहिले
भयो त्यो ताराको नव चहकमा लीन पहिले ।।१०।।

त्यहां टाढादेखिन् नजरभरि आयो सररर !
सफा, सोझो, दोटै ध्रुवकन छुने, दीर्घ, नहर ! ।।
तथा झल्क्यो आंखाभरि [8]हरितको राज्य [9]वरद,
थियो जो फैलेको अनि स्तर उठेको [10]जनपद ।।११।।

---

१. नक्षत्र वा तारा । २. अमृतको गाग्रो । ३. नपाइने । ४. फूल वा उत्तम मन (विचार) । ५. मरेका मानिसको जीवात्मा । ६. गोलो परेको । ७. दैत्यकागुरु (शुक्राचार्य) । ८. हरियाली । ९. वर दिने १०. देश ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[1]हिमानी हीराको मुकुट जसका छन् शिखरमा,
तथा घुंछन् [2]सानु-स्थित जल दिने मेघ जसमा
बस्यो त्यो टुप्पामा गरुडसरिको यान सरर !
दुबै ओर्लें हेरे, [3]दिति-कुलज बोले सुमधुर ॥१२॥

नशा झैं फैलेका लघु नहरद्वारा सलबल
जरामा रोपाका रगतसरि पानी छलबल ॥
पुगी क्यै उक्सेका तरुण-वयले झैं [4]अवयव,
गराको छातीमा हरित बिरुवा छन् नव नव ॥१३॥

चलाई कोदाली [5]सबल भुजले, च्वाप्प चपरी
निकाली संम्याई अधिक थुपरीमाथि थुपरी ॥
बनाएका आली जल चुहुन दिन्नन् वरिपरि
गरा छन् पानीले [6]श्रम-सलिलले झैं भरि-भरी ॥१४॥

यहां [7]दृश्यालोकी जनहरु घुमेको लिइ पथ
सवारीमा आई शिखरभरि बस्छन् चिरतक ॥
कुनै चिप्ली खेल्छन् हिउं भरि, तथा नर्तन निको !
विलासीको लागि प्रिय शिखर हो यो अवनिको ॥१५॥

यहां आई गर्दा सयल, हरिया कुञ्जहरुमा
पुगी आंखा अड्दा क्षणतक दुबैका समयमा,
इशारा पाएझैं लिइ कुसुमको स्वागत-कर
कुमारीका टिप्छन् मृदुलतम कौमार्य चतुर ॥ १६ ॥

---

१. हिउंको रास । २. पहाडको बीच भागमा रहेका । ३. दितिका वंशज (दैत्य-'तुषार') । ४. अङ्गहरू । ५. बलिया । ६. काम गर्दा आएको पसिना । ७. दृश्य हेर्न चाहने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहां जत्था जत्था [1]जलदकन देखी चलमल
वियोगीका आंखा पनि [2]जलद बन्छन् टलपल ॥
पढी [3]स्वर्वाणीमा लिखित कविको काव्य सरस (क)
बिताई बस्छन् क्यै विरह-दिन क्वै यक्षसदृश ॥१७॥

यहांदेखिन् घुंदै रथ-पथ पुगी सम्म तलमा
बन्यो सीधा, अर्को सरल पथ काटचो पनि त्यहां
त्रिपाशाको थर्की सरि छ सम-भू तीर-तरु झन्
फिजाएका गोटी सरह त्यसमा दृष्टिगत छन् ॥१८॥

चलेका छन् अग्ला गिरि-शिखरमा [4]चक्ररथ ती
तथा पाखा भंज्याङ् विकट पथमा छन् कति कति ॥
तलैं फेदीमा छन् अझ कति फिराऊ नजर ती,
गुरांसे डांडाका अरुण-वनको भाग्य छ कति ! ॥१९॥

छ राताम्मे कस्तो गिरि-वन ! झुले लाल कुसुम !
छ छातीमा कालो विपुल पथ [5]सर्पाकृतिसम ॥
बगेझैं दौडन्छन् रथ स्वपथमा चक्र-चपल
नहोला को यात्री खुशदिल हुंदा 'दृष्टि सफल' ॥२०॥

न यो बाटो अर्कासित, शिर झुकाएर खनियो,
न अर्काका ज्यामीजन पनि यहां आइ भरियो ॥
निजी शक्तिद्वारा [6]खनित [7]पर-ईर्ष्याप्रद यहां
हजारौं छन् यस्ता पथ अचल वा सम्म तलमा ॥२१॥

---

१. पानी दिने मेघलाई । २. पानी दिने , आंसु झार्नें) । ३. संस्कृत भाषामा । (क) संस्कृत भाषामा महाकवि कालिदासले लेखेको खण्डकाव्य 'मेघदूत' । ४. मोटरहरू । ५. सर्पको आकार जस्ता (लामा लामा) । ६. खनिएका । ७. शत्रुलाई ईर्ष्या गराउने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हजारौं झर्ना छन् प्रबल बिजुलीका जनथिता ।
सवारी छन् विद्युत्-बलकन लिने रम्य रमिता ॥
फलामे डोरीका [1]पथहरु हुंदा उन्नत गिरि ।
मिलेका देखिन्छन् लिइ परम शोभा वरिपरि ॥२२॥

पहाडी थुंकाका तल तल, नदीका तट तट
बनेको त्यो [2]पूर्वापर-परिधि-पर्यन्तक पथ
तथा धेरै लामो पर सम्थलीको [3]नृपपथ
सबै नै देखिन्छन् यस शिखरदेखिन्, गुरु सुत ! ॥२३॥

यहाँ दायाँ बायाँ पथ मिलित छन् राजपथमा
तथा दोहोरो नै प्रतिपलक चल्छन् रथ यहाँ ॥
सबै तामे तार ध्वनि-वचनका [4]सारक बनी
किनारामा खुल्छन् अखिल पथका मास्तिर पनि ॥२४॥

सबै बाटा राम्रा [5]तरुवरहरूका लहरले,
तथा विद्युत्-बत्ती झलमल बलेको प्रहरले ॥
किनाराका पाटी, पसल र बगैंचा सहरले,
प्रवासीको बढ्दा चलमल टहल्ने रहरले ॥२५॥

उता डाँडै डांडा, मनि मनि तथा ती तल तल
तले लामा लामा युगल लिगमा रेल विपुल ।
चलेका छन् धेरै [6]जल-जनित-विद्युत्-बल चली
जहाँ लाखौं लाखौं पथिकहरू घुंछन् मिलिजुलि ॥२६॥

निहारी प्याराका श्रमकण परिक्लान्त मुखमा
बहाना ली चाले जति युवतिले नाउ जलमा ॥
वरै नै देखिन्छन् टलपल, सबै दूर पहुंचे,
छ यो सानो भित्री जलपथ असाध्यै चुलुबुले ॥२७॥

---

१. रोपलाइन बाट हिड्ने बाटाहरू । २. पूर्व-पश्चिम-सीमासम्मका । ३. राजमार्ग । ४. ओसार्ने । ५. श्रेष्ठ रूखहरू । ६. पानीबाट उत्पन्न विजुलीको शक्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फिराऊ हे साथी ! नजर [1]समभूमाथि अब ता,
विमानैले ढाक्छन् जलदहरूले झैं सगर ता ।।
पुगी टाढाटाढा जल-पवनले चालित सब
यहाँ फर्केका छन् गगन-पथका यान [2]सजब ।।२८।।

लिई छाता; नीलो गगनतल देखिन् [3]नर-परी
परी झैं झर्दाछन् लरवर गराएर [4]कवरी ।।
कसेका सप्कोमा गुटुमुटु हुने आकृतिकन
संगै झर्दा देख्यौं भनि युवक भन्लान् मनमन ।।२९।।

पहाडी भू कस्तो हरितवनका फाँटहरूले !,
पहेंला औ राता तृण-कुसुमले, अन्न-फलले ! ।।
कतै चाक्लो बाक्लो वसति छ, कतै क्यै घरजम !,
बगैंचा केराका तरुहरू हुंदा सुन्दरतम ! ।।३०।।

शिला सेता, राता, हरित र पहेंला बहुत छन्,
छ यो औंठीमा त्यै उपल, सब नै राष्ट्रधन हुन् ।।
अङारे डांडाको तल खनि छ हीरा र सुनको,
फलामै वा तामा, अरु खनिजको खानि परको ।।३१।।

कुंदेका ती चिल्ला [5]उपल र सफा धातुहरूमा
कला झल्केका छन् हृदयभरिको राखि सपना ।।
यसैले यो हाम्रो प्रणय-ममताको छ मुलुक,
छ गाई नाचेको रसिका-रसिकाको जमघट ! ।।३२।।

नयां छन् ती सेता घरहरु, जहाँ पुष्पवन छ,
उज्याला झर्नाले गिरि-हृदय देखाउँछ कच ! ।।
हुंदा तामे तार प्रतिगृह, कुरामा न विकट ।
चतुश्चक्री[6] छन् झन् [7]त्वरित-गतिका [8]तैल-शकट ! ।।३३।।

---

१. मैदान । २. वेगसहित । ३. मनुष्य-देवी (स्त्रीहरू) । ४. चुल्ठो । ५. ढुङ्गा । ६. चारपाङ्ग्रे । ७. छिटो हिड्ने । ८. तेल (पेट्रोल) ले चल्ने गाडी मोटर (कार) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाई त्यै तार प्रियसग वियुक्ता प्रणयिनी
गरी प्रेमालाप प्रतिपल, बिताएर रजनी ॥
बिहानी स्वप्नामा प्रिय-अधरको चुम्बन लिंदा
परेको बान्कीमा मुख-कमल फक्रन्छ कतिका ! ॥३४॥

वतुश्चक्री[1] चाली, नजर पर फाली प्रमदमा,
मुसाई, क्यै गाई गुनुगुनु जुनेली बखतमा ॥
वलेका देखौला तरुण, तरुणी तुर्न रहर,
मुसुक्कै बिर्सौला अमरहरुको स्वर्ग-नगर ! ॥३५॥

पनेरा, चौतारा [1]वर [2]वर, वधू पीपल हुने
चनेराका छाप्रा, कल-पवनले चालित हुने ॥
सबै पानी झर्दा घनजन हुने घट्ट-घर र
परेवाका खांवा उपर गुंड देख्यौ वर पर ? ॥३६॥

छ बङ्गाला[3] विद्या-भवन र चिकित्सालय उता,
महाशाला[4] पाटी अनि उपज राख्ने घर यता ॥
छ त्यो गोशाला, त्यो [5]हु० घर, सुख्वृद्धाश्रम पर
छ घेरै बस्तीका बिच सब व्यवस्था सुरुचिर ॥३७॥

यहाँ विद्यार्थी छन् नतशिर सधैं शिक्षकनिर,
तपस्वी विद्याका, सुचरित तथा वाणि-मधुर ॥
महान् विज्ञानी औ शुभ-हृदयका [6]संस्कृति-प्रिय
तथा सेवाधर्मी अवनि-जननीका सुतनय ॥३८॥

यहांका छात्रा छन् प्रणय र उदार-प्रकृतिका,
सुशीला, जानेका हक अखिल कर्त्तव्य सबका ॥
चरित्र-श्रीले छन् झलमल, छ विद्या [7]सुमतिदा
झन-झन् झन् राम्रा छन् तरुण सहपाठीसंग हुंदा ॥३९॥

---

१. मोटर । २. वरका बोट (वट वृक्ष) । ३. वर=दुलाहा—(वर पीपलको विहा गर्ने चलन छ । वृक्ष प्रतिष्ठालाई विहा भनिन्छ) । ४. ठूलो घर ५. हुलाक घर । ६. संस्कृति (आफ्नो) मन पराउँने । ७. असल बुद्धिदिने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहां पढछन् धेरै चरक र वृहत् सुश्रुत अति
र स्वास्थ्य-ज्ञाता छन् सफल-कृतिले उज्ज्वलमति ।।
जरैदेखि फ्यावछन् थरिथरि [1]रुजा औषध गरी
परेमा [2]शल्यादि प्रचुर तरिकाले पनि गरी ।।४०।।

यहां क्कै मर्दैनन् तरुण, तरुणी, बालकहरू,
सबै बित्छन् पूरा वय भइ र चाहेपछि बरु ।।
चिकित्साको यस्तो स्थिति छ, गइहाले त तरुना,
तुरुन्तै ती बांच्छन् गुरुचरणको पाइ करुणा ।।४१।।

यहां बीयां उम्री, तरु भइ, कपास स्फुटित छन्,
सधैं चर्खा चल्छन्, विविध कपडा तानभरि छन् ।।
घरैपिच्छे चाँडै पहिरन बदल्छन् परिजन,
न होला निर्वाहा किन र ? जब गर्छन् श्रम जन ।।४२।।

लुगाको के खाँचो ?, जब छ घरमा तान सजिलो,
न खानाको खाँचो ! जब छ उपजे बाहुबलको ।।
न रोगी छन् कोही, जब गठिल छन् अङ्गहरु नै
गरीवी के बस्थ्यो ! व्यय जब वृथा हुन्न कण नै ।।४३।।

गृहस्थीका प्यारा पशु र उनको निम्ति चरन,
चिकित्साको चाँजो गरि, मखन, घ्यू पारि उधुम ।।
सधैं चिल्लाचाप्ला परिजन भएको छ वसति,
घडेरी बारीकै उपज-फलले छन् लखपति ।।४४।।

सुरक्षा बस्तीमा अति छ वनको 'राष्ट्र धन यो,
छ राष्ट्रद्रोही त्यो, हरित वन मास्ने जन छ जो'
भनी त्यस्तालाई पर पर गरी, बीज बिरुवा
लगाई गर्छन् यी सुजन वनको उत्सव क्रिया ।।४५।।

---

१. रोग । २. चीरफारआदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छिमोलेमा गाढा विपिन, त्यसका जन्तु विविध
वृथा मासिन्छन् वा अनियमित गर्दा पनि [1]वध ॥
वृहत् सम्पत् ह्राम्रो [2]प्रकृतिज छ' भन्ने बुझिकन
छ रक्षाको लागि प्रकृति-प्रियको जोर जुलुम ॥४६॥

यो साझा-संस्था-गृह, धन दिने सर्वजनमा,
ी सारा गामैं जुन गठित भो यो मुलुकमा ॥
यो साहूखोरी, कुचलन तथा शोषण चले,
[3]अन्योन्य भ्रातृ-प्रणय, सहकारित्त्व जसले ॥४७॥

न यौटैकी हुन्छिन् अवनि नरभोग्या हद परी
न कोही मोही छन् हक-रहित ! बस्छन् श्रम गरी ॥
न आगो वा चोरी बचत-धनमा लाग्दछ उता !
न चूसेको चोखो रगत लिइ फष्टन्छ जनता ॥४८॥

स्त्री वा कोही पुरुष न बिहा गर्छ बहुत,
टाकेटीमैं [4]परिणय हुने!, जो छ अहित ॥
न्नेरी वृद्धासंग, न तरुणी वृद्धसंग छन्
ा छन् क्वै एक्ला विधुर, विधवा स्त्रीहरू न छन् ॥४९॥

हुंदा तन्नेरीका अधरभरि जूंघा लहलह
किशोरीका फुक्ता कुसुमित मनोहारि-हृदय ॥
नट्टने खारेको प्रणय रहँदा, [5]सुन्दरवय
मिली आफैं गर्छन् व्यय कम गराई परिणय ॥५०॥

बंसेवी मध्ये उपरि तहकाबाट बहुत
ा निर्माणार्थ श्रम र धनको दान सतत ॥
राशाको छाया, कुनियत र अन्याय नभई
सप्रेको गाउँ प्रतिजन मिली सुन्दर भई ॥५१॥

हत्या (सिकार) । २. प्रकृतिमा जन्मेका जनावरहरू । ३. परस्पर ।
विवाह । ५. राम्रो उमेर भएका ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ गाउँ त्यागी सहरतिर सर्ने पठितको,
धनी, उद्योगीको न त अधिक चेष्टा छ ननिको ॥
यसैले यो 'धारा-नगर' सरि भो [1]भोजपतिको
हुनेथ्यो यो [2]शैलाञ्चल मरु-मही नत्र धमिलो ॥५२॥

यहाँ आई पाखा, पखत, पहरा, भीर, बगर
तथा भंज्याङ्, थुंकी अनि गिरि-नदीका तटतिर ॥
खनी, जोती वा जो गरिनु छ गरी त्यो, सहरकै
युवा; छात्रा, छात्र, प्रबल गुरु गर्छन् श्रम निकै ॥५३॥

गरी चोरी सामाजिक र सरकारी रकमको,
दुराचारी भारी अधम व्यभिचारी भइ बडो ॥
सुखी, अर्थी, मानी, बनि घर बनाऊँ तिरमिर
म हाँसूँ, मैं नाचूँ भनि मनहुने छैन [3]कुनर ॥५४॥

भई भ्रष्टाचारी, अधम, धनपोका लिन, दिन,
महान् अन्यायी भै छल कपटले बाँच्न, नुहुन ॥
थिए जान्ने जो, जो, सब अब गए भूमितलमा,
छ चोखो यो धर्ती [4]असुरहरुको आत्म-बलमा ॥५५॥

प्रशान्तिप्रेमी यो मुलुक [5]सह अस्तित्वरत छ
न कैल्यै संसारी कुटिल दलबन्दी कुपथ छ ॥
छ भूगोलै हाम्रो [6]परिधि, अरु ताराहरुतिर
मितेरी गाढा छ, प्रणयपटु छन् दैशिक नर ॥५६॥

दिई पुर्खाका सत्कृति अनि विभूतिप्रति रुचि,
उनैका संज्ञामा विविध पथ, विद्यागृह रची ॥
बसेका छन् हाम्रा ससुख दुनियां, [7]कोविद बनी;
बडा गाथा पढ्छन्, अनुसरण गर्छन् गमिगमी ॥५७॥

---

१. राजा भोजको । २. पहाडी प्रदेश । ३. खराव मानिस ।
४. देहम्भरी (शरीरका मात्र ध्यान दिने), असुभिः प्राणैं इत्यसुराः । अर्थात् भौतिक कुरामा मात्र लागेका मानिसहरू । ५. सह मन पराउने । ६. सीया' । ७. विद्वान् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हटचो [1]जाति-क्षेत्र-स्थित अखिल[2] हृद्भाव घमिलो
भयो 'भूमाताका तनय सब' भन्ने मति भलो ॥
सबै आफ्ना आफ्ना स्थल-कुलहरूका प्रचलन
बखानेरै हिड्छन् गुण, गुण सुनाएर सुजन ! ॥५८॥

(वसन्त तिलका छन्द)

न् प्रशासक कुनै भय, लोभ, आस,
ाइजा र करकाप परेर खास ॥
व्य-विच्युत, अनैतिक, पक्षपाती,
देशभक्त, नृपभक्त, [3]स्वदेशजाति ॥५९॥

क्या गाउं सुन्दर छ ! क्या छ विशुद्ध वायु !
आवास जो प्रकृतिको ! सब छन् शतायु ! ॥
साहित्य, संस्कृति, कला, जुन सभ्यता छ,
पाइन्छ त्यो घर-घरै, अनि भव्यता छ ॥६०॥

न्न देश छ, प्रदेश छ स्वच्छ, शान्त,
ुच्च, भव्य गृहले नगरी छ कान्त ॥
ोन्य[4] आश्रय सदा पुर-ग्राममा छ,
ा, विभूति, धन-धान्य जहां तहां छ ॥६१॥

सन्ध्या भयो अब, भए [5]दिनराज अस्त ,
छेडेर मौन शुभ वाद्य बजे समस्त ॥
जाऊं त्यहां अतिथि भै, सबले नियालून्
को हुन् भनेर पहिले, पछि मित्र पारून् ॥६२॥

ातिगत र क्षेत्रगत । २ हृदयको भावना (साम्प्रदायिक भावना)
आफ्नो देशमा जन्म भएका (नागरिक) ।
४ परस्पर । ५ सूर्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पृथ्वी छन्द)

भनेर यति, ती दुवै पवन-यान छाड़ी त्यहां
चढे [1]सुरथ, चल्दथ्यो जुन उंचो-निचो मार्गमा ।।
यही शिखरमा मिले रथ अहा ! त्यही चालको,
म चढ्न मन गर्दथें सहर जान नेपालको ! ।।६३।।

।। सातौं सोपान समाप्त ।।

१ राम्रो बग्गी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठों सोपान

(पृथ्वी छन्द)

कुनै घर थियो त्यहां, ऋषि कुटीर झैं सुग्घर;
त्यहीं कुसुम-वाटिका पनि थियो संगै सुन्दर ॥
जहां अरुण पुष्पका लहलहाउंदा [1] वल्लरी
अंगालि [2]कदली, तरु, क्रमश चढ्न पुग्थे धुरो ॥१॥
त्यही घरअगाडिको विमल चोकका बान्किला
अनुच्च परखालका उपरि भाग ढाक्ने शिला ॥
शशी सकल गोलिंदा, झ लल झल्कदै रत्न झैं
उरःस्थल सजाउंथे भवनका लिई [3]बिम्ब नै ॥२॥
त्यही रुचिर चोकको अलि उंचा किनारा तिर
[4]अनुच्च तरु बोक्तथ्यो कुसुम सुन्दरै सुन्दर ॥
त्यही लघु प्रसूनको तरुनिरै महापावन
प्रशान्त तुलसीवन प्रकृतिले थियो मोहन ॥३॥
वनेनजिक, पुष्पको मधु-सुगन्धि-कुञ्जैनिर,
अधीर [1]गिरिनिर्झरी-जलकणा परी सुन्दर ॥
चरा चिरबिराउने, मन रमाउने मन्दिर
प्रशान्त घर त्यो थियो, कलह-पापदेखिन् पर ॥४॥
विशाल घर ह्वैन त्यो, तदपि त्यो विशालै थियो
अपार जब गौरव प्रकृतिको बहालै थियो ॥
प्रफुल्ल मृदु भारले नव उमेर लच्काउंदै
जहां प्रकृति छर्दथिन् निज विभूति मुस्काउंदै ॥५॥

---

१ लहरा । २ केरा । ३ छाया । घेरै अग्लो नभएको ।
१ पहाडका चपल झर्नाका जलकणहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मयूर निज अङ्गका [1]शवल पंख केलाउन
तथा हरिण चञ्चले शिशुबथान खेलाउंन ॥
त्यही घरपछाडि नै दिन नढलिंकदै आउंथे
अजाशिशु र धेनुका शिशु जहां मिली बस्तथे ॥६॥

त्यही लघु कुटीरमा ऋषिसमानका एकला
सुदीर्घ कदका कुनै [2]स्थविर बस्तथे पातला ॥
क्षमा, सहनशीलता अति हुंदा थिए उज्ज्वल,
समूर्त्त अनुभूति झैं धवल केश थे निर्मल ॥७॥'

असी पटक बृद्धले ऋतु वसन्त भेटे त नि !
थिएन तर भावना अब त ज्यूंन सम्मन् पनि ॥
थिइन् संग न बैंशको प्रबल वेग बोक्ने सखी
बुढ्याइं पनि शान्तिले सरस पार्न सक्ने बसी ॥८॥

तथापि नव भावले कलकलाउंदो यौवन
थियो मृदुल देहमा अघि उनै प्रियाको जुन
त्यही प्रतिलिपि, त्यही छवि लिंदी र वात्सल्यकी
पवित्रतम भूमिका संग थिइन् सुता एउटी ॥९॥

वढालु-वयकी तिनी प्रकृत भाव मुस्काउंथिन्;
सुडोल कदकी तिनी ललित राग टप्काउंथिन्; ॥
लजालु दिलकी तिनी वसन शीघ्र सप्काउंथिन्
तिनी प्रकृति-शिक्षिता !, हरिणनेत्र झिक्याउंथिन् ॥१०॥

सधैं नयन-नीलिमा कुसुममा सबेरै छरी
लिएर तिनको नयाँ रुचिरता मुहारैभरि ॥
सुरेख [3]मृदु पातलो अधरमाथि[4] दन्तावलि
जडाउन सिकाइंदी हृदयले, थिइन् एकली ॥११॥

---

१. छिरबिरे । २. बूढा मानिस । ३. राम्रो रेखा भएका । ४. दांतको पङ्क्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुलाफसंग जिस्किदी, पिकहरूसगैं गाउंदी,
सुशीत [1] वन-वारिले तन रुझाउंदै झप्किदी ॥
वसन्तसित फक्रिंदी, प्रकृत लालना पाउंदी
थिइन् [2]प्रकृति-नन्दिनीसरि तिनी त्यहां चम्किदी ॥१२॥
तिनी टहल वृद्धको अटल भक्तिले गर्दथिन्,
त्यहीं नव उमेरको सकल शक्ति वैन्याउंथिन् ॥
थियो मधुर नाम ती [3]कुसुमकान्तिको 'कान्ति' यो
न हून् कुसुम झैं बरी !, न टिपिएर जो सुक्छ पो ॥१३॥
मिल्यो सुखद वास त्यो लघुकुटीरमा सादर,
प्रसन्न मनका भए असुर वासमा ती सुर ॥
तुषारकन ता थियो परिचितै परीवार त्यो,
यताउति उनी गए, कच बसे संगै वृद्धको ॥१४॥
यही समयमा पर क्षितिज रम्य देखेर वा
प्रसून रसमा हुने चपल भृङ्ग संझेर वा ॥
घुमी कुसुम वाटिका प्रकृतिमा रमाऊँ भनी
चलिन् हृदयमा लिई सरस कामना [4] कामिनी ॥१५॥
थियो समय सांझको, सगरमा उदाए शशी,
सुचारु जगती बनिन् त्रिमल [5]चांदनी-फा वसी ॥
भयो प्रकृतिमा महाप्रणय शुद्ध आनन्दमा,
झुले [6]सुमन वल्लरीभरि [7]मिलिन्दका सङ्गमा ॥१६॥
कठोर पनि अङ्ग ती प्रकृतिका बने कोमल,
कठोर पनि [8]हृद् भयो सकल जीवको कोमल ॥
थियो परम शान्तिको विपुल राज्य यो कोमल
थियो कि नवरूप यो समयकै महाकोमल ॥१७॥

---

१. वनको पानी । २. प्रकृति की छोरी ।
३. फूलको सौन्दर्य हुने । ४. काम वासना भएकी स्त्री ।
५. चांदनीरूपी पाउडर । ६. फूल । ७. भंमरा । ८. हृदय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो [1]अलिसमूहको मधुर भुन्भुने वादन
[2]प्रफुल्ल-दल पुष्पको मन रमाउने नर्तन ॥
सुमन्द गतिमा थियो पवनबाट आवाहन,
थिए सृजनका कला प्रणय-रागमा छुन्मुन ॥१८॥

सफा सगरमा पऱ्यो प्रकृनिले कुनै छिद्र वा
चुह्यो कि भइ बाटुलो [3] अपरिमेय स्वर्गप्रभा ॥
त्यसैकन तिनी शशी भनि प्रमोदमा पर्दथिन्,
[4]सुधानिलय ! दचौ सुधा भनि [5]दृशी-घडा भर्दथिन् ॥१९॥

[6] अबोल तरुहारले उदय शैलमा छेकिंदा
सुगोल मृदु आकृति प्रचुर [7] चैलमा रेखिंदा ॥
सुचारु झन देखियो [8]धवल-भाग त्यो इन्दुको
नवीन पनमा थियो प्रबल राग आनन्दको ॥२०॥

गुलाफ संग जिस्किंदै नजर दूर फाली कहां
विकासि-मनका झिकी सरस वासना गीतमा
अथाह मदमा तिनी वन किनार गुञ्जाउंथिन् ॥
अचानक अडचो त्यसै मधुर गीत, ती के भइन् ! ॥२१॥

झिलिक्क सित झिल्किई [9]अविदित प्रभा क्यै गयो,
'मुहार यसरी त्यसै तिरिमिऱ्याउंने के छ यो !'
भनी युवति चांदनी जलप लाउने पुष्पको
प्रफुल्ल वनमा अझै जलप थप्तथिन् नेत्रको ॥२२॥

प्रसूनहरूमा छरी हृदयवासना श्वासले
हटाइकन बाहुले विटपलाइ, जो छेक्तथे ॥
बढिन् नजर छाउंदै, चरण सुस्त चाली तिनी,
भिडे नजर मर्दका नजरमा, पऱ्यो मोहनी ॥२३॥

---

१. भंमराका हूलको । २. पत्र फक्रिएका ।

३. परिमाण लिन न सकिने ? ४. हे अमृतका भण्डार ! ५. दृष्टि (आँखा) नै घडा । ६ मौन रहेको । ७ वस्त्र । ८ सेतो भाग ।

९ थाहा न पाएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अडे तरुणका दुबै नयन टक्क सम्मोहन !
झुके सहज चालले तब किशोरिका-लोचन ॥
अथाह रस पोखियो प्रकृतिमा बनी सक्रिय,
भयो हृदयमा नयां प्रबल मौन-[1] भावोदय ॥२४॥
चलौं कि न चलौं भनी छटपटाइने छन्दमा
परी परम सुन्दरी हुनगहन् स्वयं बन्धमा ॥
हिलाइकन सुस्तरी उदितज्योति, जूंघाकन
खुले अधर मर्दका, [2] मधुरिमा छरी नूतन ॥२५॥
'सुचारु ! भन, मञ्जरी छवि परेर छलंग छन्
नयां भ्रमर कस्तरी रस पिई पिई दंग छन् ! ॥
मदालस म देख्छु यी नजरनै पिए वा मद
उठाउन सुलोचने नयन रागमा बेहद ॥२६॥
खुले कुमुद-पत्र झैं अधर रेखिदै सुन्दर
खिल्यो टलक दांतको, अलक पन्छिए क्यै पर ॥
उठे [3]नयन-तारका टलपलाउंदै [4]नीरमा
जवाफ दिन पार्दथिन् जब उंचो तिनी [5]चन्द्रमा
उठ्यो नजर बोझिलो हृदयभाव बोकीवरी
सकेन तर जुघ्न ती पुरुषनेत्रजोडीभरि ॥
पुग्यो नयन तालमा तरुणरूप खुल्थ्यो जहां
त्यहीं अब अड्याउंथिन् नजरको नयाँ प्रेरणा ॥२८॥
तथापि मनको कुरो हृदयमा नरोकेर नै,
स्वयं तल गराइंदो वदनलाइ उच्चाउंदै ॥
असत्य लघु कोपका जलपबाट सिङ्गारिइन्
चिनेर उनलाइ ती प्रखर वाक्य बोल्दी भइन् ॥२९॥

---

१ भावनाको उदय ।

२ माधुर्य । ३ आंखाको नानी । ४ पानी (आंखाको पानी) ५ मुख (चन्द्रमासंग तुलगा गरिने हुनाले) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'तुषार ! तसवीर त्यो किन खिच्यौ विना स्वीकृति !
झिकेर सब फाल त्यो, शरम हुन्न मेरो रति ? ॥
पढ्यौ [1]त्रिदिवमा गई कुन कुरा ? छ यो सभ्यता ?
म देख्तिन कतं अहो ! हृदय लोभिने भद्रता ॥३०॥

भने तरुणले–'गड्यो हृदयभित्र जो चित्र त,
उही नजर खोज्दछन्, प्रकृत रीति यो [2] शाश्वत ॥
सकिन्न पनि भेट्न यो हृदयभित्रको चित्र त्यो,
न फाल्न पनि सक्छु रे, जुन छ यन्त्रका भित्र यो ॥३१॥

तिमी बरु बढाउंदै मृदुल बाहु यो तस्विर
स्वयं गर धुजा धुजा, हठ गरेर सट्टा तिर ॥
यसो भनि तुषारले जब स्वचित्र लाई दिए;
त्यहीं नयन तर्किए अनि निकै छिटो फर्किए ॥३२॥

भने 'म दिइ चित्र यो ऋण ल ! तिर्छु त्यो त्रित्रको
चुकाइंन छ शेष है ऋण निकै तिमीबाट पो ॥
दिई नगद, वस्तु वा भुवनमा तिरिन्छन् ऋण
तिरिन्न दिलको भने ऋण दिलै नअर्पीकन ॥३३॥

खुले अधर 'कान्ति'का प्रणयको फिंजाई छटा
छुटे मृदु पराग झैं [3] कुमुदबाट बोली छिटा ॥
'तुषार ! जुन भन्दछौ सबकुरा, म ती जान्दिन,
म जान्दछु त्यही कुरो हृदय भन्छ जे छिन्छिन ॥३४॥

मलाइ दिल भन्छ यो-'हृदयदान त्यो होइन,
जहांतक छ भावना हृदयभित्र सट्टा लिन ॥
कि त्यो पुरुषको निजी प्रकृति हो भने, जान्दिनं,
मिलेन बदला भने पनि अडिन्छ नारीमन ॥३५।

---

१ स्वर्गमा । २ नित्य । ३ बेलुका फुल्ने फूल (सांझ हनाले कुमुदको उल्लेख) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएपछि पवित्र यो दिल मुना कसैमा परी
मिले कदर फुल्दछन् युगलरूप बेली सरि ॥
अनादर मिल्यो भने पनि तृणै बनी लत्तिदै
रहन्छ निज कल्पना-गगन माथि अक्कासिदै ॥३६॥

नराखि प्रतिशोधको जटिल भावना आखिर,
ऋणी प्रिय नसंझदै हृदयदानको खातिर ॥
स्वभाग्य ननिको भनी जिउंन संझि व्यर्थ बरु
पुगे मरणका कडा शरणमा कति स्त्रीहरू ॥३७॥

तुषार ! पहिले थियौं संगसंगै कुनै कालमा
तनू[1] कुसुम-रेणुले भरिदियौं कुनै झालमा ॥
भयौं फरक आज ता अधरमा छ अर्कैहिसी
कि स्वर्गभरिको सुधा अधरबाट लिन्थ्यौ लुटी ॥३८॥

यहां [2]कुसुम-सुन्दरी, भ्रमर एउटा आफुमा
अकण्टक रहोस् भनी मन हुने, लता, सामुमा
सुकीकन छ पातली, अकपटी ठिटी झैं, जुन
तिमीकन नपाउंदा पिलिसिदी छ रातोदिन ॥३९॥

विचार गर, संझना छ कि ? लता यही हो, बढी !
उही, जुन तिमी र म प्रणय साथ मच्च्यौं चढी !॥
कठै ! सुकिसकी त्यसै, हुन त याद होला किन ?
तथापि मनको कुरों मुख फुटी छुट्यो यो छिन ॥४०॥

समाइ दुइ हातले युवकले दुबै हातमा
भने —'प्रियतमे ! सबै स्मरण हुन्छ पूरा ममा' ॥
नशा तब रसाउंदै वचनमा नअट्ने कुरो
बताउन पुगे दुबै हृदयबीच राम्रो, अहो ! ॥४१॥

---

१ शरीर । २ फूलले राम्रो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पऱ्यो कुसुम 'लाउरे' उभय बाहुभित्रै, तर
हिलेर जुन कान्तिको स्तन, तुषार-छाती तिर ॥
बराबर छुंदा छुंदै दुइ [1] उरःस्थ आनन्दको
प्रभाव परि मौलिदै मधुर प्रेमसाक्षी बन्यो ॥४२॥

त्यहां प्रणयरागले मृदु मुहारकी 'कान्ति' मा
बढी ललित देखिए अलक, आंखिभौं भ्रान्तिमा
परेर झन चन्द्रका किरण दन्तको कान्तिमा
सुरक्त अधरोष्ठमा अमृत बैरियो शान्तिमा ॥४३॥

यता युवकका दुबै नयन देखिए निर्मल,
निधार पुरुषत्त्वको चहकले निकै उज्ज्वल ॥
छऱ्यो [2]अधर-रोमले युवति-नेत्रमा मोहनी
भऱ्यो नर-मुहारमा शशिमुहारले रोशनी ॥४४॥

उता [3]विषय-वासना-भरित लाजका अङ्कुर
थिए अति सुहाउंदा नव सुपुष्ट छातीभर ॥
त्यहीं लरबराउंदो अरुण चोलिको माथिको
तुना बिच अडचाइंदो हृदय खोल्न सांचो थियो ॥४५॥

[4]प्रसून-वन, चांदनी, [5]विजनता' नयां जोवन;
तथा प्रणयका मुना लहलहाउंदाको क्षण ॥
अथाह रस-माधुरी पिउनलाइ उठ्ने मन,
दुबैकन यिनै भए मिलननिम्ति सम्मोहन ॥४६॥

उता गिरिशिखाहरू सगर चुम्दथे सांझमा,
यता भ्रमर चुम्दथे मधुर पुष्पका माझमा ॥
मुखामुख गरी त्यहां अधर जुध्न आंटे दुबै !
तथापि रस-माधुरी कलम टिप्न शक्तैन, खै !! ॥४७॥

---

१ छाती (हृदय) मा रहेको । २ ओठको रौं (जूंघा) । ३ काम विषयका वासनाले भरिएका । ४ पुष्प बन । ५ एकान्त ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(द्रुत विलम्बित छन्द)

[1] अब निशापति बादलमा सरे
भुवनका दृगमा तिमिरै छरे ॥
मन रमाउन ती मनगर्दथे
प्रकृतिको महिमा अनि पाउँथे ॥४८॥

॥ आठौं सोपान समाप्त ॥

---

१ चन्द्रमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं सोपान

(वंशस्थ छन्द)

प्रसन्नता पुष्पित झैं मुहारकी;
'तुषार'की प्राणसमान [1]सारकी ।
उषा उदाए सरि, 'कान्ति' [2]झुल्किइन्,
प्रियंवदा[3] भै 'कच' सामु शोभिइन् ॥१॥

गला भरी, बेरिइ, लर्किने तल
सुहारमा अङ्गुलि राखि कोमल ।
अंगालि आधा तरु अन्य बाहुले
रहिन् किशोरी [4]स्पृहर्ण य भाउले ॥२॥

समेटि दायां स्तन, बाजुसम्मका
फुका घना केशहरू अचम्मका ।
बजाइ बाघेमुख स्वर्ण कङ्कण
हिलाउंथिन् झलमल कर्णभूषण ॥३॥

कसेर रातो रङको किनारको
सफेद सारी स्तन-कुम्भ-भारको ।
घुमाइ सप्को पटुका बनाउंदी
थिइन् विना [5]कञ्चुक [6]रूप-कौमुदी ॥४॥

---

१. सार (महत्त्व, बल, साहस, निचोड) भएकी । २. अकस्मात् टुप्लुक्क मानिस आइपुग्दा पनि झुल्किनु भनिन्छ । ३. मीठो बोल्ने । ४. इच्छा गर्न लायक । ५. चोलो । ६. रूपकी चांदनी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडि सर्दै उनले भनिन् अनि-
'छ देवयानी' संगिनी [1]मनस्विनी ।
छ रूप–विद्या–गुणमा अपूर्वकी
छ [2]आत्मजा जो [3]उशना' महर्षिकी ॥५॥

भए चिनाजान, भनी पितासितै
गराउंथिन् ती प्रियशिष्य शुक्रकै ।
म, देवयानी, कच मित्र बन्दथ्यौं
वरिष्ठ विद्या अरु पाउने थियौं ॥६॥

अलभ्य संजीवन-ज्ञानदानका[4]
सुपात्र हुन्थे अनि एकदा सखा ।
भनी तिमीलाइ उहां पुऱ्याउन
खटाइएकी छु तुषारले, सुन ॥७॥

नयां सबारी छ, चलाउने म छु
बतासको वेगसमान हांक्तछु ।
रमाइलो शुक्रपुरी पुऱ्याउंछु
घुमाइ चारैतिर क्यै बताउछु ॥८॥

म शुक्रपुत्रीसंग गै मिलाउंछु
छिटै चिनाजान त्यहाँ गराउंछु ।
तुषारलाई अलकापुरीभर
घुमाइएको ऋण तिर्छु, सुन्दर !' ॥९॥

भनेर रोकी अरु शब्द, माधुरी
सुरक्त बन्दी दुइ ओठमा छरी ।
बढी सतर्क [5]श्रुतिलाइ नै गरी
तिनी रहिन् लोचन [6]चक्षुमा धरी ॥१०॥

---

१. ठूलो मन भएकी । २. छोरी । ३. शुक्राचार्य । ४. नपाइने संजीवनी चिन्ने ज्ञान (विद्या) दिन । ५. कान । ६. आंखा (कवका) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसन्न मुद्रा मुखमा उज्यालियो,
[1]दृगन्तमा [2]भाव-पराग फालियो ।
अनन्त [3]आशालव वैरिए तब
भए तिनै तुल्य 'कच' [4]प्रियंवद ॥११॥
सह्यारि पीताम्बर लर्कदा तल,
झलल्ल झल्काइ सुवर्ण-कुण्डल ।
सुपुष्ट गोरा नवबैंशका 'कच'
मुसुक्क हांसे भइ बोल्न भावुक ॥१२॥
'सुधन्य छन् मित्र 'तुषार', सङ्गिनी !
तिमी भयौ जो पथकी प्रदर्शिनी ।
अलभ्य या भव्य सुसभ्य लोकको
ससार संस्कार छ यो निकै निको ॥१३॥
यसो भनी हात समाइ कान्तिको
पसे दुवै साधनभित्र शान्तिको ।
घुमे चतुश्चक्र, समीर झैं कुद्यो,
निकै पुग्यो दूर र त्यो अडचाइयो ॥१४॥
दुवै सबारी नलिई पुगे पर,
थियो खुलमार्ग विशाल सुन्दर
अनेक [5]आकार-विकारि-दर्पण
थिए सजेका जसमा [6]शिलासम ॥१५॥
'छ देव ! यो दैत्यपुरी, म राक्षसी,
तिमी त्यसै राक्षस भैसक्यौ बसी ।
हुंदैन पत्यार भने, बसी, उठी
शरीर नै, हेर', भनी अडिन् ठिटी ॥१६॥

---

१. आंखाका छेउमा । २. भावना रूपी फूलको धूलो । ३. आशाका कणहरू । ४. प्यारो बोल्ने । ५. आकृतिलाई बिगार्ने ऐना । ६. ढुङ्गा जस्तै ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपालमा [1]ब्रह्म-शिखा म देख्तिनं,
निधारमा चन्दन छैन चम्कन ।
पसेछ गाला अनि ओठ शुष्क छ,
गएछ [2]पूर्वाकृति, के भयो ? कच ! ॥१७॥

न दाह्रि-जूंघा छ ! दुरुस्त स्त्रीमुख !
नितम्ब कस्ने [3]परिधान-धारक ।
ठिटा ठिटी झैं र ठिटी ठिटासरि !
भएछ संसार विचित्र के गरी ! ॥१८॥

न वा कचौरा शिरभित्र गुप्त छ !
[4]उरोज खस्ता पनि खोल तीक्ष्ण छ ! ।
नितम्ब कस्ने परिधान-धारिणी
ठिटी हिंडेछन् नवभूत झैं बनी ॥१९॥

अहो नि ! सिन्कोसरि त्यो हलो भयो !
निकै महान् खाड़ल पेटमा पऱ्यो ।
किसान हो के ?, 'म किसान हूं' भनी
उठे जिमिन्दार डराउलान् पनि ॥२०॥

रहेछ यो दर्पणभित्र के सखे !
फनन्न घुंदोछ ममाथि मेच, ए ! ।
परन्तु सुल्टो नघुमी हरे ! शिव !
[5]कुलेखनीकै सरि घुम्छ वास्तव ॥२१॥

सखे ! उता सुन्दर मञ्च सामु छ,
छ मञ्चमा नायक, कथ्य लामु छ ।
परन्तु खुट्टा नभमा र मस्तक
छ मञ्चमा, हेर-न ! के उदेक छ ! ॥२२॥

---

१. ब्राह्मणको शिखा (टुप्पी) । २. पहिलेको रूप । ३. वस्त्र ।
४. स्तन । ५. खराब लेखनी (रकमीको कलम) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहां जनानाहरुलाई, हेर त, !
[1]सुतेर सर्छन्, सकिएछ ताकत ! ।
अहो ! उता हेर त ! देशको कवि
मसी दली छोप्तछ तेजिलो रवि ॥२३॥

स्वदेशवासी तरुना विदेशिए,
विदेश-वासी बनियां स्वदेशिए ।
अचम्मको दर्पणभित्र के भए !
तिमी भयौ दैत्य, म देवता छु, ए ! ॥२४॥

धनीहरूलाइ गरीबलाइ झैं
असिद्धि खोस्टाहरु बेसरी दिंदै ।
विदेशिदा छन् निज देशका ज्यथा
ल ! हेर, यो दर्पणको विचित्रता ॥२५॥

अहो ! म यो दर्पणलाइ हेर्दिनं,
यहां विदेशी बहुसंख्य देख्छु म ।
छ उग्र खस्तो निज धर्म-संस्कृति
र तीव्र बढ्दो [2]परकर्म-पद्धति ॥२६॥

थिएं कुमारी, तर आज के भएं ?
नभन्नु है मित्र ! म दोजियां भएं ।
सुतीक्ष्ण छैनन् स्तन आज, यी गिरे,
म [3]कामिनी हुन्न, गिज्याउंछन् अरे !' ॥२७॥

भनेर हांसिन् हलल्ल कान्ति र
नहांसि सक्थे किन ती [4]विदांवर ।
प्रशस्त भो हास्य-विनोद, त्यो पथ
नलागि अर्को पथमा बढे अब ॥२८॥

---

१. सुती-सुती घस्रेर वा परपुरुषसंग सुतेर भौतिक उन्नति गर्छन् ।
२. अर्काको कर्मको विज्ञान । ३. कामभाव लिने स्त्री । ४. विद्वान् वक्ता ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'सखे ! गयो दर्पणमार्ग त्यो उता,
म राक्षसी छैन, तिमी त देवता ! ।
तसर्थ त्यो राक्षसकालका कुरा
[1]सुरा-सभाका सरि हुन् असारका ।।२९।।

स्वयं हिंडेको पथ यो मनोहर !
पुग्यौं नदी-माथि, छ सेतु सुन्दर ।
छपन्न-ढोके यसको बनावट
छपन्न कोटि व्ययभार मौद्रिक ।।३०।।

बनाउने 'मङ्गल' मित्र राष्ट्र हुन्,
बनाइयो [2]मङ्गल-निम्ति जे भनून् ! ।
'कदापि ती मङ्गलले अमङ्गल
हुंदैन रे' यो भनि भन्नु पर्छ, ल ! ।।३१।।

[3]जलाशय [4]स्वस्थल ढाक्छ बेपता !
विदेशको खेत पटाइने उता ! ।
स्वदेशमा लाभ छ खालि पूलको,
भनी उठे तर्क, अवश्य भूल हो ।।३२।।

बिझाउने सन्ततिलाइ व्यर्थमा
स्वमित्र हुन्थे किन लुब्ध स्वार्थमा !
मनुष्य हामीहरु ! बेच्तथ्यौं किन
मनुष्यता, राष्ट्रिय-सम्पदाकन ? ।।३३।।

[5]प्रदेश [6]सीमान्तसमान देखिई
उठी रहन्छन् मनबीच तर्क यी ।
यहां कुनै छैन बिदेश जोडिने
न शुक्रको छत्र कतै छ मोडिने ।।३४।।

---

१. जांडको जमघट । २. कल्याणको निम्ति वा मङ्गलग्रहको निम्ति । ३. पानीको दह (पूल-मन्तिरको बाँधले रोक्ता परेको दह) । ४. आफ्नो भूमि । ५. ठाउं । ६. सीमाको अन्त जस्तो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झरेर ढोका [1]अवरुद्ध भै जल
उछालिंदै मास्तिर, झर्छ क्यै तल ।
[2]स्वतन्त्रता-घातज [3]अन्तराग्निले
छ उम्लिएको जलराशि वेगले ॥३५॥

छ रोक यस्तो जलधारमा, जुन
अडचो कि झैं बोल्न, अडचो कि झैं मन ।
छ छट्पटाए पनि जो विना छल
सुधीरको उज्ज्वल बुद्धि झैं जल ॥३६॥

अदम्य त्यो प्राकृत शक्ति भै [4]जित
छ आज कैदी, परतन्त्र, [5]दुर्गत ।
हुंदैन कांही पनि मान रक्षित
कुदचो भने मार्ग नहेरि सर्वतः ॥३७॥

यता छ यस्तो जलराशि [6]उद्धत,
उता छ सुख्खा जलको महापथ ।
हुंदैन एकाम्य सदैव जीवन !
हराभरा हुन्छ र सुक्छ क्यै दिन ॥३८॥

छछल्किएको जलराशि उग्र यों,
तथा नदीको जल शून्य मार्ग त्यो ।
जनाइ वैषम्य, अशान्ति पार्दछन्
मनुष्य झैं जो धनवान् र दीन छन् ॥३९॥

[7]अशान्त छन् जीव यता हुंदा [8]पय
उता नभै त्यो, तर छैन विस्मय ।
कतै छ कोलाहल खालि अर्थको
कतै त्यही नै नहुंदा अनर्थ भो ! ॥४०॥

---

१. रोकिएको । २. स्वतन्त्रताको हननबाट पैदा भएको । ३. भित्रको आगो । ४. जितिएको (वशीभूत) । ५. खराब हालतको । ६. बढेको । ७. अस्थिर (चलेका) । ८. पानी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगाध यो [1]शम्बर-राशि देखने
[2]सुलेखनीले प्रिय बोल्छ क्यै भने ।
स्वतन्त्र त्यो छैन, स्वतन्त्र [3]जीवन
नदेखि को सक्छ प्रसन्नता लिन ? ॥४१॥

नपाइ, जो पाउनुपर्छ, पाउंदा
नपाइने [4]भू-क्षतिपूर्ति-सम्पदा ।
विषाद-हर्षाश्रु झरेर पो जल
बढ्यो भनी तर्क गरे, कुतर्क छ ॥४२॥

प्रशासक न्यायिक छन् यहाँ सब
प्रलोभ हाम्रो दुनिया घिनाउंछ ।
तसर्थ त्यो ह्वैन, परन्तु दुःखको
छ आंसु देशीय [5]सरित्समूहको ॥४३॥

बलिष्ठ यो बांध छ [6]सेतु-सुन्दर
छ [7]तोयको दृश्य निहारने घर ।
छ शुक्र भूमण्डलमा अपूर्व यो;
परन्तु हो कौशल अन्य राष्ट्रको ॥४४॥

यहां [8]अटाली घर दर्शनीय छ,
जहां युवा क्यै संगिनीहरूसित ।
पिई सुरा स्वादु, सुगन्धि, मूल्यवान्
सफा उज्याला रजनी बिताउंछन् ॥४५॥

बडा बडा उच्च पदस्थ शासक
प्रतिष्ठित व्यक्ति र लोक-नायक ।
यहीं बिदाका दिन मद्य प्यूंदछन्
र जीवनै मद्यनिमित्त मान्दछन् ॥४६॥

---

१. पानीको रास (धेरै पानी) । २. राम्रो कलम (निष्पक्ष लेखने कलम-व्यक्ति) । ३. जिन्दगी अथवा पानी । ४. जमीनको मुआवजारूप सम्पत्ति । ५. नदीहरूको समूह (धेरै नदी) । ६. पूल हुंदा राम्रो भएको । ७. पानी । ८. पूलमाथि बनाएको कोठा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर यस्तो [1]द्रुतगामि-मार्गमा
बढिन् तिनी मित्र लिएर [2]गर्वमा ।
पुगे छिटै एक बजारबीचमा
दुवै किनारा झलमल्ल छन् जहां ॥४७॥

'सखे ! छ यो 'सुन्दर' नाम [3]आपण
भनेर देखाउंदथिन् उनी क्षण ।
बताउंथिन् फेरि 'हरेक वस्तुको
छ मूल्यसूची सरकारको निको' ॥४८॥

यता भुईंलाइ नछोइ हे कच !
दगुर्छ त्यो रेल, रहन्न चालक ।
छ कारखाना पनि सामु क्यै पर,
न क्यै छ धूंवा, न त तीव्र नै स्वर ॥४९॥

विमानको घाट त्यता छ विस्तृत,
यता छ ठूलो [4]जलपात्र उन्नत ।
विशाल छन् [5]वारिधि झैं सरोवर
नुहाउने तीर्थ र [6]केलि-खातिर ॥५०॥

प्रसून, माला,फलफूल, हारको
विभूतिको चन्दनको बजार यो ।
यहां महान् [7]सौध छ, [8]भानुवंशज
जहां त [9]भानूदय तुल्य छन् नित ॥५१॥

छ सौध अर्को पनि, [10]कक्ष [11]भूमनि
र भू-उभो कक्ष विशाल छन् अनि ।
छ [12]दुर्ग जस्तो, मुसलीम कालिक
कलाहरूको घर नै छ सालिक ॥५२॥

---

१. स्वयं छिटो हिड्नेबाटो । २. आत्माभिमान । ३. बजार । ४. पानी-राख्ने भांडो (टङ्की) । ५. समुद्र । ६. पौडी खेल्नु वा ढुंगामा घुम्नु । ७. दरवार वा चूनले पोतेको ठूलो घर । ८. सूर्यवंशमा जन्मेको व्यक्ति अथवा श्रीरामचन्द्र । ९. सूर्योदय । १०. कोठा । ११. जमीनमनि । १२. किल्ला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल यो [1]आलयभित्र [2]नन्दिनी'
सुरत्नले झलमल देखि [3]मेदिनी ।
प्रसन्न छिन्, [4]भूजननी हुंदा खुशी
सधैं यहां [5]भू-परिवार छन् सुखी ॥५३॥

यहां हजारौं हृदयप्रकाशक
सुभव्य छन् सुन्दर सौध वैदिक ।
तथा सधैं प्रेरक सत्यका तिर
कुटीर छन् वाग तलाउ सुन्दर ॥५४॥

कुटीरमा सन्त महन्त बस्तथे
परन्तु ती सन्त भए असन्त रे !
असन्त कान्तासित सन्त भेषमा
गरे वसन्तोत्सव रे [6]वनान्तमा ॥५५॥

कठै ! हटचो यो असली प्रथा पनि
कुटीर छन् रिक्त, रहन्न क्वै पनि ।
विचार उठ्छन्-'अब राख्नु को ?' भनी
प्रयोगशाला बरु हुन् कि यी पनि ॥५६॥

समस्थली, शैल-शिखा, हुंदै पथ
छ राजधानीतक राज-निर्मित' ।
भनी सवारी लिइ ती पुगे पर
निहारि क्यै दृश्यहरू मनोहर ॥५७॥

भनिन् उठाई कर कान्तिले अनि
यहां छ [7]उदयान प्रसूनको धनी ।
विदेशदेखिन् विरुवाहरू लिन
जहां हजारौं थरि आउंछन् जन ॥५८॥

---

१. घर । २. पुत्रीलाई अर्थात् श्रीसीताजीलाई । ३. पृथ्वी । ४. पृथ्वीमाता । ५. पृथ्वीका सन्तान । ६. वनको छेउमा । ७. बगैंचा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ शैल सानो, तर दीर्घ सुन्दर,
उचालिएको वनले उतातिर ।
दुई नदीका जलको विभाजक
[1]वसुन्धराको सुकुमार भाग छ ॥५९॥

विशाल यो छैन, विशाल गौरव
यहां जुटेको छ र यो विशाल छ ।
छ शैलको गौरव, रम्य प्राकृत—
बनौट सम्पूर्ण हुंदा कलात्मक ॥६०॥

कला यहां फुल्दछ वल्लरीभरि
अंगालि क्यै वृक्षहरू, परीसरि ।
समीरले झार्छ परागको झरी
[2]जलस्थ-पत्रोपरि वा [3]जलोपरि ॥६१॥

न ज्यास्ति होचो न त उच्च नै अति,
न दीर्घ ज्यादा, रमणीय छ स्थिति ।
अतीव नै सुन्दर सानु शैल यो
जहां छ झन् सुन्दर सानु गाउं त्यो ॥६२॥

यहां छ लामो गृहपङ्क्ति श्रृङ्गमा
प्रसून मालासरि [4]उत्तमाङ्गमा ।
सफेद राता वन-पुष्पकै सम
सफेद राता घर छन् मनोरम ॥६३॥

छ [5]भित्तिमा बारि यहां दुवैतिर,
छ बारिका मन्तिर खेत सुन्दर ।
कुलो सबै याम चलेर कलकल
अनेक बाली भइ गाउं झलमल ! ॥६४॥

---

१. पृथ्वी । २. पानीमा रहेका पत्रमाथि । ३. पानीमाथि ।
४. शिरमा । ५. भित्ता (पहाडको भिरालोः फं) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ रम्य यो पूर्व हिमाद्रि[1]-खण्ड नै,
त्यहीं छ यो गाउं नदी नजीकमै ।
नदी हुंदै सुन्दर हुन्छ सिर्जन
यहां त झन् छन् वन, शैल, [2]शोभन ॥६५॥

शिलाहरूमा जल रत्न फालदै
तलै झरेकी बहुतै हतारिंदै ।
गभीर औ [3]शीतल-वारि-वाहिनी
छ [4]आपगा यो, सरि नील नागिनी ॥६६॥

छ गाउंमा क्यै त भने, नदी छ यो,
यही हुंदा गाउं धनी सधैं भयो ।
छ यो घुमन्ते मनको [5]निजस्थली
कि नाम राखौं यसको [6]मनःस्थली ॥६७॥

नजीकमैं खुल्छ हिमाल झलमल,
बहन्छ हावा दिन-रात शीतल ।
तसर्थ निर्दोष छ वायुमण्डल
मनुष्य छन् स्वस्थ, पवित्र, निश्छल ॥६८॥

छ पश्चिमी फांट विशाल उज्ज्वल
जहां छ यौटा वटवृक्ष निश्चल ।
भए, गए, क्षेत्रपति त्यहां कति !
हिसाब राख्ने छ त्यही वनस्पति ॥६९॥

[illegible]रेर हांगाहरुबाट क्यै जरा
[illegible]ने स्वयं नै [7]वटकुञ्ज सांगुरा ।
[illegible]कुञ्जमा [8]भीरु [9]पतिम्वरा कति
[illegible]प्रिय-प्रतीक्षा गरि बस्तछन् लुकी ॥७०॥

[illegible]. हिमालयको भाग । २. शोभा दिने । ३. चीसो पानी धारण गर्ने ।
[illegible]. नदी । ५. आफ्नो थलो । ६. मनको थलो (मन्थली) । ७. बरको
[illegible]टका जराभित्रको कुञ्ज । ८. डराएकी (लज्जाले) । ९. पति रोज्ने
[illegible]दी, स्वयंवर गर्न चाहने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घना छ छाया र किसान आउंछन्,
थकाइ मेटी पसिना सुकाउंछन् ।
अनेक घांसी घंसिनी यसैमनि
बनाउंछन् सिर्जनलाइ नै धनी ॥७१॥

छ खेतमा यो वटवृक्ष स्वर्ग नै,
बनाउने जो जिमिलाइ स्वर्ग नै ।
छ तापको हारक जो, छ स्वर्ग त्यो,
छ स्वर्ग यो, स्वर्ग अदृष्ट छैन त्यो ॥७२॥

विभूषणै तुल्य छ खेतबीच यो
तथा छ अर्को गिरिको पुछारको ।
जहां त स्वामी वटवृक्ष बेसरी
अंगाल्दछे पीपल[1] वृक्ष-वल्लरी ॥७३॥ (क)

खुला अंगालो दुइको नियालदै
गुमाउंछन् धैर्य यहां वधूवरै ।
कसिन्छ गाढासित बाहु-बन्धन
'नछुट्टिने है' भनि गांस्तछन् मन ॥७४॥

वृहत् जगत्मा दुइ लिङ्गभेद छन्,
परस्पराकर्षणबाट खिल्दछन् ।
दुवै मिलून् भन्नु यथार्थवाद हो,
नभन्नु सांसारिक रीत भुल्नु हो ॥७५॥

नमान निर्लज्ज मलाइ हे कच !
छु लज्जिता आदरणीय सम्मुख ।
तिमी हुंदा मित्र अभिन्न यस्तरी
बजाउंछु स्वैच्छिक बैंश-बांसुरी ॥७६॥

---

१. पीपलका खखको होगा ! (क) बर पीपलको प्रतिष्ठालाई वर पीपलको विवाह भन्ने चलन छ, जसमा बर दुलहा र पीपल दुलही मानिन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म बस्तथें मित्र ! कुरङ्गिणी[1] संग
कुरङ्गिणी तुल्य थिएं तिनै दिन ।
तुषारको शिक्षणले क्रमैसंग
बनें म उच्छृङ्खल झैं यिनै दिन ॥७७॥

परन्तु उच्छृङ्खल नै नसंझनु
छ सभ्य बाला भनि यत्ति संझनु ।
छ सभ्यता हृद्गत भाव पोखनु,
असभ्यता त्यै मनबीच कोचनु ॥७८॥

अंगालिएका दुइ वृक्ष हेर त !
त्यहीं शिला[2]-चत्वर फेरि हेर त !
बनाउने व्यक्ति भए कि 'इन्द्र[3]' पो ?
छ धर्मको औ यशको स्वरूप जो ॥७९॥

अंगालिएका दुइ भिन्न वृक्षको
नियालि आलिङ्गनको उमङ्ग त्यो ।
रसज्ञ यी सज्जनबाट सादर
बन्यो कि शय्या तिनलाइ चत्वर ॥८०॥

सखे ! सयौं वर्ष बिते, अझै पनि
नबिग्रिएको बलियो महा गुनी ।
पवित्र, सौन्दर्यमयी कलाकृति
बचाउने वंशज हून् महामति[4] ॥८१॥

यहां तिनै आदरणीय व्यक्तिका
समृद्ध छन् वंशज, जो भला, निका ।
वसन्तमा[5] शर्बत दान गर्दछन्
स्व-पुण्यले[6] अर्थ र कीर्ति पाउंछन् ॥८२॥

---

१. हरिणी । २. ढुङ्गाको चौतारो । ३. स्वर्गका राजा वा कुनै इन्द्रनामा व्यक्ति, जसले चौतारो बनायो । ४. ठूलो बुद्धि भएका । ५. वसन्त ऋतु, (अक्षय तृतीयाका दिन) । ६. आफ्नो धर्मले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसो भनी वाहनलाइ रोक्तथिन्
तथा समाई कचलाइ हिड्दथिन् ।
पुगी त्यही चत्वरमा र मित्रमा
सुनाउंथिन् एंक कथा मनोरमा ॥८३॥

हिमालको दक्षिणतर्फ क्यै पर
अधित्यकामा[1] बहुतै मनोहर ।
अगाडि जो हे कच ! अन्य गाउं छ,
हिमाल त्यो ह्वैन, 'हिमाल' नाउं छ ॥८४॥

त्यहां उज्यालो दिनमा झरे पनि
थियो अंध्यारो सबतर्फ रोशनी ।
नखाइयोस् घांस, पराल, हुन्छ के ?
मनुष्य बस्थे पशु झैं पशुत्वले ॥८५॥

विकासको मूल फुटाउने हुरी
चल्यो, चलाए सबले मुरी मुरी ।
विकास भन्ने कुन वस्तु हो तर,
बुझे, बुझाए कसले र आखिर ! ॥८६॥

यहां न शिक्षा नर-जिन्दगीकन,
न धर्मनिष्ठा, न विचार-मन्थन ।
किरा समानै नर जन्मि हुर्किने
युवा हुने, वृद्ध हुने र मासिने ॥८७॥

प्रशस्त पानी प्रतिवर्ष पर्दथ्यो,
तथैव माटो मलिलो त्यहां थियो ।
हराभरा सुन्दर गाउं ! क्या धनी !
अहो ! गरीबी घनघोर तैपनि ॥८८॥

---

१. पहाडमाथिको सम्म भूमि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यको दृष्टि मनुष्यमा पनि
परेन, हा ! हेतु छ स्वार्थ अग्रणी ।
नपाइ आफ्नो श्रमजात क्यै फल
सबै दलिन्थे पशुतुल्य केवल ॥८९॥

भएर एकत्रित मानवोचित
हकै लिने स्वत्त्व[1] बनाइ उन्नत ।
समान-नीति-प्रतिपादित[2] प्रथा
चलाउने बुद्धि हुने यहां कता ! ॥९०॥

रुखा-सुखा भोजनले भए पनि
सबै थिए लौ बल स्वास्थ्यका धनी ।
थियो त्यही प्राकृत देन केवल,
मनुष्यको ह्वैन प्रबन्ध-कौशल ॥९१॥

सुकम्बुकण्ठीहरुका[3] गलाभरि
सुवर्णका हार परे निकै थरि ।
परी हुने थे कति सुन्दरी, बरी !
प्रसन्न थे तैपनि बैंशले गरी ॥९२॥

थिइन् नजीकै ताल नील कौशिकी,
प्रशान्ति दिन्थिन् जसले अलौकिकी ।
प्रशान्तिले मात्र मनुष्यको तर
भएन रे जीवन पूर्ण, सुन्दर ! ॥९३॥

सधैं भए तापनि धूलि-धूसर[4]
थिए त्यहां बालक क्या मनोहर ! ।
धुले लुगाभित्र मनुष्य-शैशव[5]
परन्तु हांसे पनि के र गौरव ! ॥९४॥

---

१. आफ्नो भाव (सत्ता) । २. समान नीतिबाट बनाइएको ।
३. राम्रो शङ्ख जस्तो घांटी हुने स्त्रीहरू । ४. धूलाले धुलोफुलो ।
५. मानिसको बाल्यावस्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धुजा लुगामा पनि सुस्तनीहरू[1]
जताउंथे सुन्दरता र आबरु ।
नभै परिष्कार परन्तु माधुरी
उडेर जान्थ्यो मधु वायुमा सरि ॥९५॥

उंभो धरो मात्र लुगा लगाउने
समस्त नाङ्गो जिउ नै गह्राउने ।
मनुष्य देखेर मनुष्यता-प्रति
मनुष्यको चित्त नदुख्नु दुर्गति ! ॥९६॥

दबाउनेले दबिने हुंदा जन
गुमाउंथे मानवको विवेचन ।
कहां छ त्यो सभ्य समाज विश्वमा
नियाल्छ अर्कोकन जो स्व-रूपमा[2] ? ॥९७॥

मनुष्यबाटै रहंदा उपेक्षित
सहाय हुन्थिन् प्रकृतीश्वरी स्वतः ।
हिमालका शुभ्र-शिखा विना-छल
पठाउंथे वायुभरी सुधाजल ॥९८॥

सुनिर्मला कल्कल शैलनन्दिनी[3]
सुनाउँथिन् स्वर्गिक रागको ध्वनि ।
वनस्थलीले पनि शान्ति पावनी
खसाउंथिन् चारु चरी चुचा-मनि ॥९९॥

प्रसून राम्रा ! रसपूर्ण सत्फल !
सुपुष्ट ती जीव ! वनै सुमङ्गल !
मनुष्यको जीवन मात्र के छ नि !
अपूर्ण बन्ने परिपूर्णमा पनि ॥१००॥

---

१. राम्रा स्तन हुन स्त्री । २. आफ्नो रूपमा (आफू जस्तै संझिने भावनामा) । ३. पहाडकी छोरी (गिरि-नदी) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुशीतल स्वास्थ्य-प्रदायि-वायुमा
परिश्रम-स्वेद[1] सुकाइ स्नायुमा ।
बसेर आनन्द लिने मनुष्यको
नफुर्न पाई प्रतिभा त्यसै मऱ्यो ॥१०१॥

हुने थिए क्वै कवि कालिदास नै,
कि व्यास, वाल्मीकिहरूसमान नै ।
स्वराष्ट्रको नै क्षति हो, परन्तु को
विचार गर्थ्यो प्रतिभा-विनाशको ॥१०२॥

समाजमा नैतिकता जगाउन,
स्वदेशमा गर्न पथप्रदर्शन ।
दुरन्त[2] त्यो दुःस्थिति नै हटाउन
नयां व्यवस्था पनि ल्याउंथे कि न ! ॥१०३॥

मनुष्य ती हुन्, पशु होइनन् कदा !
मनुष्यको पाशव नीतिले सदा ।
मनुष्यका आकृतिका भए पशु,
मनुष्य पार्ने पशु हुन् महापशु ! ॥१०४॥

धरित्रिमा उच्च हिमालका चुचा,
हिमालकै आर्य मनुष्यमा उंचा ।
त्यही हिमाली वनभूमिको त हो
फराकिलो सुन्दर एक गाउं त्यो ॥१०५॥

लता अंगाली तरुलाइ बांद्धछन् ।
चरी चराको लघु[3] देह थाम्दछन् ।
छ तीव्र आकर्षण भिन्न लिङ्गमा
र बैंश लोभीहरु आउंथे यहां ॥१०६॥

---

१. परिश्रमको पसिना । २. अन्त्य पार्ने (मास्न) गाह्रो ।
३. सानो वा हलुका ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयां किशोरीहरुका सुसञ्चित
लिई मिठो बैंश-सुधा मजासित ।
खुरुक्क जान्थे धनमूढ मानिस,
हुंदैनथे यौवन-दानले वश ॥१०७॥

कथा छ—यौटा घरमा कुनै दिन,
पुग्यो युवा अश्व चढेर शोभन ।
मिलेछ आतिथ्य त्यहां त्यसै दिन
कुमारिकाको नवनीत-यौवन[1] ॥१०८॥

युवा थियो मानव-भावना हुने
धनी भए तापनि शुद्धता हुने ।
नयां सखीका [2]नयनारविन्दमा
विषाद देख्यो र भन्यो खुली त्यहां ॥१०९॥

वसन्त पाएर प्रसून फुल्दछन्,
प्रसून पाएर वसन्त खुल्दछन् ।
प्रिये ! तिमीसाथ म छु प्रफुल्ल औ
मलाइ पाएर तिमी प्रफुल्ल ह्वौ ॥११०॥

प्रफुल्लताको रसिलो बहारमा
अतीव नै सुन्दर यो निधारमा ।
उठ्यो मिठो चुम्बन गर्न यो मन,
ल ! खोल यी चञ्चल दीर्घलोचन ॥१११॥

विषाद केको दिलमा रह्यो दबी ?
निन्याउरो देख्छु मुहारको छवि ! ।
तिमी भए हर्षित हुन्छ जीवन !
खुली खुलाऊ प्रियको महामन'[3] ॥११२॥

---

१. नौनी जस्तो जवानी । २. कमल जस्ता आंखामा । ३. ठूलो दिल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारिकाले भनिछन् डरी डरी,
तिमीसंगै छन् धन, धान्य बेसरी।
धनै भए भो !, किन चाहियो मन ?
मजा उडाऊ, म दिदैछु यो तन॥११३॥

शरीर तिम्रो जुन तत्त्वले बन्यो,
तिनै कुराले धनहीनको बन्यो।
पृथक् त क्यै देखितनं हाय ! तीकन
पशुत्वमा राख्न सक्यौ सबै दिन ॥११४॥

मनुष्यलाई पशु संझिने किन ?
स्वराष्ट्रका सम्पद हुन् सबै जन।
तथापि चुस्छौ यदि रक्त नै भने,
ल ! चूस यो देह छ शीघ्र नाङ्गिने ॥११५॥

मदान्ध ! ठान्छौ युवती-कलेवर[1]
कुवासनाको परिपूर्ति-खातिर।
परन्तु थाहा छ कि छैन हे धनी !
यिनै धरा स्वर्ग[2] बनाउने मणि ॥११६॥

जवान छौ, सुन्दर छौ, स्वदेशको-
भलाइका निम्ति चले, थियो भलो।
पशुत्वको चाह लिएर मानिस !
यहाँ घुस्यौ, पाउ पशुत्वकै सुख ॥११७॥

सुनेर यस्ता तिनका प्रलाप ती
'तुषार' नामा धनवान् महामति।
उठेर बोले—'सुन, सभ्य, सुन्दरि !
भयौ गुरु, स्वप्नसमानकी परी ! ॥११८॥

---

१. युवतिको शरीर। २. पृथ्वीलाई स्वर्ग बनाउने अथवा पृथ्वी र स्वर्गको राम्रो तुल्याउने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनेर यो नाम, भएर विस्मित,
पुलुक्क हेरे कंचले सखीतिर ।
भने–कुमारी कति धर्म-सुन्दरी !
तुषार ती हुन् त यिनै कृशोदरि ! ॥११९॥

सलज्ज हांसेर जनाइ स्वीकृति
भनिन्–पुगे शुक्र कहां महामति ।
सधारियो गाउं हटेर रौरव
मनुष्यतापूर्ण मनुष्य छन् अब ॥१२०॥

सर्यौं त्यहांबाट प्रसन्नतासित
बस्यौं यहां[1] आइ बढी हुंदा सुख ।
तुषार छन् सुन्दर मित्र वा वर[2]
अभिन्न तिम्रा जुन मित्र हुन्, सुर[3] ! ॥१२१॥

सखें ! यही पीपल वृक्षकै पर
छ अन्य [4]अश्वत्थ अतीव सुन्दर ।
यिनै दुई सुन्दर दृश्य-बीचमा
प्रयोगशाला छ विशाल जो नयां ॥१२२॥

प्रयोगको स्थान बनाउने भृगु
प्रयोग देखाइ पढाउने भृगु !
यहाँ छ विज्ञान विभूति वास्तव
जडै शिला बोल्छ कि जीव झैं अब ॥१२३॥

प्रयोगशाला-बिचमा निकालियो
विशेष पर्यावरण[5] प्रकाशिलो ।
जडै पदार्थादि मिलाउंदा पनि
फुरेछ चैतन्य त्यहाँ कणा बनी ॥१२४॥

---

१. जहां कच र तुषार आएर बसेका थिए । २. दुलहा (भावी) ।
३. हे देव ! ४. पीपलको बोट । ५. ढकनी रूप एक वैज्ञानिक वस्तु

Prof. Mádhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निकालियो जो यसरी नयाँ कण
त्यही स-साना कण गर्छ सिर्जन ।
समस्त कोषाणु समान ती कण
समर्थ हुन्छन् शिशुतुल्य हुर्किन ॥१२५॥ (क)

छ सिर्जिएको जुन खास तत्त्वले
छ त्यो त पर्यावरणात्मरूपले[१] ।
सुतत्त्व[२] त्यो आदिम-काल-भूमिमा[३]
थियो र ऐले पनि पाउंछौं यहाँ ॥१२६॥

परम्परावादि विचार तर्कना
चटक्क छाडी लिइ नव्य भावना ।
गडी नयां जीवन-सृष्टि शास्त्रमा[४]
मनुष्य रच्लान् नव लोक शुक्रमा ॥१२७॥

प्रयोगशाला-नजिकै कुटीर छ,
जहाँ छ सञ्जीवनशास्त्र भौतिक ।
प्रयोग देखाइ सिकाउने गुरु
उनै मनीषी[५] यस लोकका भृगु ॥१२८॥

कुटीरको नील तडागतीरमा[६]
जहाँ मन.स्रोत मिसिन्छ नीरमा
प्रसून वर्षी तरुको समक्षमै
छ 'देवयानी' शतपत्रि-पुष्प[७] झैं ॥१२९॥

(क) मियामी (फ्लोरिडा) विश्वविद्यालयका आणविक विकास संस्थानका डाक्टर सिडनी फाक्स र उनका सहयोगीहरूको १५वर्षको अनुसन्धानपछिको निष्कर्ष-अनुसार । १. पर्यावरण (ढकनी रूप कुनै वस्तु) को भित्र रहेको रूपमा । २. राम्रो तत्त्व । ३. सृष्टिको पहिलो समयको भूमिमा । ४. जीवन सिर्जना गर्ने शास्त्रमा । ५. विद्वान् । ६. तलाउको किनारमा । ७. सयपत्रीको फूल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकेश बायाँतिर काँधमा झरी
सफेद सप्कोभरि कालिमा परी ।
विचित्र शोभा छरि गौर चेहरा
छ मित्र ! प्रष्टै, गर आज नै कुरा ॥१३०॥

परन्तु साथी ! दृग-वाणतुल्य छ
अवश्य नै बिझ्दछ टिक्न कष्ट छ !
छ वासनाले सब आंत उन्मुख,
अवश्य पुंश्वास[1] रुचाउंछे कच ॥१३१॥

[2]अबाहु चोलो कृश पेट मास्तिर
छ, हेर, सेतो, स्तन गोल ढाक्तछ ।
सुनील मोटो र नलट्रुंकिने तल
छ कण्ठमा सुन्दर हार स्वर्णिल ॥१३२॥

झरेर सप्को रमणीय क्यै तल
छ कांधदेखिन् करसम्म निर्मल ।
मलाइ देखी छरि दन्त-कान्ति[3] र
सह्यारदै वस्त्र उठाउंछे कर' ॥१३३॥

भनेर यस्तो जब शान्त ती भइन्
तथा अगाडि प्रिय दौंतरी बढिन् ।
उनी उठिन् स्वागत गर्न खातिर
बढाइ सौन्दर्य रसाउने कर ॥१३४॥

अदृश्य सौन्दर्य अपूर्व माधुरी
पिई पुमान्[4]को दृगले सुरासरि ।
प्रसन्न भै मस्त बनिन्, [5] सचातुरी
प्रतिक्रिया प्राकृत वस्तुमा छरी ॥३३५॥

---

१. पुरुषको सास । २. बाहुला नभएको । ३. दाँतको सौन्दर्य ।
४. पुरुष (मर्द) को । ५. चुतुर्‍याइसाथ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चले सबै सुस्थिर पत्र वृक्षका
मुना रसाए तृणका र पुष्पका।
समीरको सौरभबाट चित् अहो !
परस्पराकर्षणमा[1] विलीन भो ! ॥१३६॥

छ सत्य नै स्त्रीत्व र पुंस्त्व बीचको
महत्त्व सृष्टिप्रिय[2] हेतु विश्वको !
छ दोष के संगममा यथामन[3]
नरोकि क्यै प्राकृत प्रेरणाकन ? ॥१३७॥

यहां दुई प्राकृत तत्त्व छन् जुन
परस्पराकर्षक छन् सबै दिन।
स्वतन्त्र जीवात स्वतन्त्र मिल्दछन्
मनुष्य सीमा किन हो बनाउंछन् ? ॥१३८॥

भयो चिना-जान कथा तुषारको
सबै बताए कचले ससार[4] त्यो।
विशाल विद्यालयमा प्रवेशको
निमित्त मागे सहयोग मित्रको ॥१३९॥

सुनेर यस्तो उनले निवेदन
निधो गरी सुम्पिन आत्म-जीवन।
भनिन् गुलाफी अधरोष्ठमा छरी
प्रकाश दन्तावलिको बराबरी ॥१४०॥

म चित्तमिल्दी संगिनी छु 'कान्ति' की
छ कान्ति तिम्री संगिनी सुकान्तिकी[5]।
तसर्थ तिम्रो हितमा छु मै अब
सुमित्र ! मेरो हितमा प्रियंवद[6] ॥१४१॥

---

१. परस्परको आकर्षण। २. सृष्टिलाई मन पर्ने। ३. मनले चाहेबमोजिम। ४. सार-सहितको। ५. राम्रो सौन्दर्य भएकी। ६. मीठो बोल।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(उपजाति छन्द)

भनेर मुस्काउन ओठ पल्क्यो,
झिकेर सप्को पुनरेव[1] सप्क्यो ।
स्वीकार गर्दा कचले, छचल्क्यो
कौमार्यको[2] सिन्धु र बैंश बल्क्यो ॥१४२॥

नवौं सोपान समाप्त

---

१. फेरि फेरि । २. कुमारीपनको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सोपान

(अनुष्टुप् छन्द)

कचले देवयानीको सस्नेह सहयोगमा ।
विद्यामन्दिरमा पढ्न पाए असुर-लोकमा ॥१॥

ती दुवैको निको भाषा भएको प्रेम-पत्र ली ।
'कान्ति' कार्य गरी सिद्ध फर्किइन् भइ चञ्चली ॥२॥

देवयानी तथा देव महपाठी भए दुवै ।
अत एव संगै बस्न रहेन प्रतिबन्ध क्यै ॥३॥

समान आयुका साथी सम[1] सौन्दर्यका झन ।
संगै बस्थे, संगै पढ्थे, संगै खेल्थे दुवै जन ॥४॥

शुक्रले शुक्रको लोक-भित्रको राज्य-शासन ।
थाले छात्रहरूलाई प्रेमसाथ पढाउन ॥५॥

स्फूर्तिका[2] देवता जस्ता, मूर्ति विज्ञान तन्त्रका ।
उठे ओठभरि ज्योति छर्दै ती अग्रदन्तका ॥६॥

लांचिलो चेहरा लिन्थ्यो प्रतिभा शुभ्र-भालको ।
छात्रका नेत्रको बन्थ्यो अल्झिने केन्द्रजाल जो ॥७॥

---

१. बराबर (उस्तै) सौन्दर्य भएका । २. फुर्ती ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्दोष[1] नहुंदो कत्ति मेघ-घोष लिंदो स्वर । (क)
ओठबाट छुट्यो मानों कर्ण-पीयूष-निर्झर[2] ॥८॥
न होला किन त्यो वाणी श्रोताका कानको सुधा ।
जसै छ बुद्धिका आठै गुणले रसिलो सदा ॥९॥ (ख)

भने ती शुक्रले-छात्र ! शुक्र-भूगोलमा जुन ।
धर्म, संस्कार छन्, हुन्छन् तदाधारित[3] शासन ॥१०॥
यहाँ जो 'वृषपर्वा' छन् राजा उत्तम कर्मका ।
प्रजावत्सल ती, मानों खम्बा हुन् राजधर्मका ॥११॥
राजा छन् धर्मका प्रेमी तथा देवसमान छन् । (ग)
रजोगुणी, महावीर, दण्डनीति[4] प्रतिष्ठ छन् ॥१२॥
वसन्तका सूर्य जस्तै, न उष्ण, न त शीतल । (घ)
आत्मजेता, सदाचारी, राजा छन्, लोकवत्सल ॥१३॥

---

१. वचनको दोष । २. कानलाई अमृतको झर्ना ।

(क) वाग्दोषहरू:—अपेतार्थमभिन्नार्थमपवृत्तं तथाधिकम् ।
अश्लक्ष्णं चाऽपि संदिग्धं पदान्ते गुरु चाक्षरम् ॥
पराङ्मुखमुखं यच्च ह्यनृतं चाऽप्यसंस्कृतम् ।
विरुद्धं यत् त्रिवर्गेण न्यूनं कष्टातिशब्दकम् ।
व्युत्क्रमाऽभिहितं यच्च सदोषं चाऽप्यहेतुकम् ।
निष्कारणं च वाग्दोषान्.....स्कन्दपुराण
—१।२।४५।६८-७० ।

(ख) बुद्धिका आठ गुणहरू ; —
शुश्रूषा श्रवणं चैव ग्रहणं धारणं तथा ।
ऊहो ऽपोहोऽर्थविज्ञानं तत्त्वज्ञानं च धीगुणाः ॥
कामन्दकीय नीतिसार ४।२१

३. तिनैमा आधारित । ४. दण्डनीतिमा ख्याति पाएका (उचित दण्ड दिन जान्ने ।)

(ग) 'राजा चरति धर्मत्वं देवत्वायैव कल्पते' श्लो. ४, अ. ९. शान्तिपर्व महाभारत । (ख) 'वसन्त इव श्रीमान् स न शीतो न च घर्मदः' श्लो. ४ अ. ५६. शान्तिपर्व महाभारत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाका योग्य नेता ती नहुंदा हुन् त, सज्जन !
प्रजा विपत्तिमा पर्थे डुङ्गा[1] झैं शून्य-साधन[2] ॥१४॥ (क)
प्रजाका प्रिय छन् राजा, राजाका प्रिय छन् प्रजा ।
त्यसैले दुनियां सारा अनुशासित छन् सदा ॥१५॥
विधानलाई राजाले गर्छन् पालन नित्यशः ।
विधान पनि राजाको सदा सम्मान राख्तछ ॥१६॥
शुक्रमा दिन चाहन्छन् उनै शक्ति समन्ततः[3] ।
राज्य शासनको शक्ति त्यसैले छ विकेन्द्रित ॥१७॥
तर आपद्[4]-घनघटा लागेमा राष्ट्र-व्योममा[5] ।
दुर्गा जस्तै भई खिच्छन् ती सबै शक्ति आफुमा ॥१८॥
सर्वोच्च पद हो राजपद सम्पूर्ण शक्तिको ।
राजसत्ता रहे मात्र, राष्ट्र सत्ता छ शुक्रको ॥१९॥
सर्वाधिकार[6]-सम्पन्न, विद्या[7] कुशल, मन्त्रवित्[8] ।
भए पनि विना मन्त्री गर्दैनन् मन्त्र[9] भूमिभृत्[10] ॥२०॥ (ख)

---

१. समुद्र-बीचको डुङ्गा । २. बहना नभएको । ३. सबैतिर । ४. विपद् रूपी बादलको समूह । ५. राष्ट्ररूपी आकाशमा ।

(क) 'यदि न स्यान्नरपतिः सम्यङ् नेता ततः प्रजा ।
अकर्णधारा जलधौ विप्लवेतेह नौरिव । श्लो. ६५ अ. १. शुक्रनीति ।

६. सबै अधिकारले युक्त । ७. विद्यामा दक्ष (विद्वान्) । ८. नीति जान्ने । ९. नीति-सम्बन्धी काम (नीति-निर्धारण) । १०. राजा ।

(ख) 'सर्वविद्यासु कुशलो नृपो ह्यपि सुमन्त्रवित् ।
मन्त्रिभिस्तु विना मन्त्रं नैकार्थं चिन्तयेत् क्वचित् ।
श्लो. २, अ २. शुक्रनीति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यको स्थिरता एवं सुसञ्चालन-खातिर ।
मन्त्रीको परिषद् हाम्रो ताराभित्र छ सुन्दर ॥२१॥

सभासद, अधिकारी र अमात्यहरु[1] आदिका ।
परामर्श लिई गर्छन् कार्य भूपाल शुक्रका ॥२२॥ (क)

मन्त्रीको भूपले गर्छन् नियुक्ति र विमुक्ति त ।
एतदर्थ[2] व्यवस्था छ वैधानिक यथोचित ॥२३॥

सानो पद दिई पैले परीक्षा गुप्त-रीतिको ।
गर्दा उत्तीर्ण जो हुन्छ, मन्त्री बन्दछ व्यक्ति त्यो ॥२४॥

अधर्मी वा विधर्मी वा कामी, लोभी छ वा कि त ।
डरपोक, अनुत्साही[3] अथवा अल्पविद्य[4] छ ॥५॥

राम्रै जांचिन्छ पहिल्यै गरी गुप्त परीक्षण ।
काम पर्दा खेरि मात्र चिनिन्छन् साधु, दुर्जन ॥२६॥ (ख)

---

१. मन्त्रीहरू । २. यसका लागि ।
३. उत्साह न भएको । ४. थोरै पढेको ।

(क) 'सभ्याधिकारिप्रकृतिः सभासत्सु मते स्थितः ।
सर्वदा स्यान्नृपः प्राज्ञः स्वमतेन कदाचन ।' शुक्रनीति ।

(ख) मन्त्री पुरोहितसखः सामान्येष्वधिकरणेषु स्थापयित्वा मात्यानुपाधिभिः शोधयेत्' अर्थशास्त्र । 'नापरीक्ष्य महीपालः सचिवं कर्तुमर्हति ।' महाभारत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकप्रिय र विश्वासी प्रजाको छ कि छैन कि ।
अनुभूति[1] हुंदो पाको आयुको छ कि छैन कि ॥२७॥

चरित्रवान् र कर्मिष्ठ, देश, काल, परिस्थिति ।
जान्न सक्ने तथा राजहितैषी छ कि छैन कि ॥२८॥

गर्वहीन[2] तथा आत्माभिमानी[3] र जितेन्द्रिय[4] ।
क्षमाशील र गम्भीर, धर्ममा दृढ निश्चय ॥२९॥

सन्धि-विग्रहको[5] ज्ञाता, राजधर्म परायण ।
हंसिलो मुखको यद्वा छ कि छैन शुभानन ॥३०॥
राजालाइ सफा वाटो देखाउन समर्थ वा ।
असमर्थ छ त्यो आफ्नो देशको हो कि ह्वैन वा ॥३१
यसरी जांचदा हुन्छ उत्तीर्ण जुन पूरुष
गराइन्छ त्यसैलाई मन्त्रीको पदमा स्थित ॥३२॥

अनि प्रमादले मत्त तथा कर्त्तव्य[6] विच्युत ।
मन्त्री हुन्नन् र हुन्छन् ती लोकका नित्य सम्मत ॥३३॥

अनागरिक राजाको भक्त नै छ भने पनि ।
स्थिर सङ्कल्पकों छैन भने, विद्वान् भए पनि ॥३४॥

शत्रुसेवक, पापी र पापीको पुत्र, दुष्ट छ । (क)
कपटी स्पष्ट बोल्दैन, प्रशंसा आफ्नु गर्दछ ॥३५॥
भने, यस्ता दोषमध्ये कुनै दोष हुने जन ।
मन्त्रीको पदका निम्ति योग्य हुन्नन् कदाचन ॥३६॥

---

१. अनुभव । २. घमण्ड न भएको । ३. आत्माभिमान भएको ४. इन्द्रियलाई जितेको । ५. अर्को देश वा व्यक्तिसंग मेल राख्ने र मेल छुटाउने काम । ६. मङ्गलप्रद मुख भएको । ७. कर्तव्य कर्मबाट गिरेको ।

(क) पापीको पुत्रलाई मन्त्रिपद नदिनुको तात्पर्य—छोरो मन्त्री हुन बपाउला भन्ने डरले बाबु पाप नगर्ने हुन्छन् अनि सबै धर्मात्मा हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रीको परिषद् हुन्छ दश मन्त्री र भूपको ।
वा मन्त्री आठ औ राजा एक भै नौ सदस्यको ॥३७॥ (क)

ती मध्ये त्यो महामात्य[1] हुन्छ, जो हुन्छ उत्तम ।
विद्यामा, गुणमा, राम्रो सल्लाहा भूपमा दिन ॥३८॥ (ख)

रहन्छ मन्त्र संगुप्त[2] त्यहां तक, जहां तक—
क्रियात्मक[3] स्वरूपी त्यो हुन्न कूर्माङ्ग[4]-तुल्यक ॥३९॥ (ग)

हाम्रो वसुन्धराभित्र विद्याध्ययनको जब ।
समाप्ति हुन्छ हे छात्र ! जांच हुन्छ कडासित ॥४०॥

योग्यता अनि सामर्थ्य जांची त्यै अनुरूपको ।
दिइन्छ काम यो रीति कर्मचारि-नियुक्तिको ॥४१॥ (घ)

चलेको छ पृथक्-शक्ति[5] करणादि-प्रणालिका ।
अतः स्वतन्त्र छन् कार्य-न्याय-संविधिपालिका[6] ॥४२॥

यिनमा एकले अर्को अङ्गमा कहिल्यै यहां ।
हस्तक्षेप नगर्नाले अधिकार छ व्यक्तिमा ॥४३॥

---

१. प्रधान मन्त्री । २. निर्णीत कुरा । ३. कार्यरूप । ४. कछुवाको अङ्ग जस्तै ।

५. पृथक् पृथक् अधिकार दिने व्यवस्था (विकेन्द्रीकरणको व्यवस्था) ।

६. कार्यपालिका न्यायपालिका र विधिपालिका ।

(क) 'इत्येता राज्ञः प्रकृतयो दश' शुक्रनीति । 'अष्टप्रकृतिभिर्युक्तो नृपः कैश्चि् स्मृतः सदा' शुक्रनीति ।

(ख) 'सर्वेषां तु विशिष्टेन ब्राह्मणेन विपश्चिता ।
मन्त्रयेत् परमं मन्त्रं राजा षाड्गुण्यसंयुतम्' ॥ मानव धर्मशास्त्र ।

(ग) 'गृहेत् कूर्म इवाङ्गानि' महाभारत ।

(घ) 'समाप्तविद्यं संदृष्ट्वा तत्कार्ये तं नियोजयेत्—' शुक्रनीति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधि निर्माणको काम स्वतन्त्र र पवित्र छ ।
व्यक्ति-स्वातन्त्र्यको रक्षा त्यसैले छ अकुण्ठित ॥४४॥

अधिकार र कर्त्तव्य जान्दछन् सब, बालक !
जनता जनताधीश[1] छन् परस्पर पालक ॥४५॥

रागद्वेषहरूदेखिन् जो परै छन् सबै दिन ।
जसको लोकको सेवा गर्न मात्र छ जीवन ॥४६॥

जसमा न्याय वा कार्यपालिकाको विकारको
प्रभाव छैन, जसमा छ बुद्धि स्थिर, तेजिलो ॥४७॥

गर्दैनन् जसले कैल्यै पक्षपात कुनै प्रति ।
विधि निर्माणको काम गर्दछन् ती महामति ॥४८॥

लोक-सम्मतिमा कत्ति विरोध नहुने गरी ।
शास्त्रको राखि मर्यादा विधि बन्छ सधैंभरि ॥४९॥

हे छात्र ! नृपको मूल[2] कोष हो अनि सैन्य हो ।
सैन्यको मूल हो कोष, धर्मको मूल सैन्य हो ॥५०॥

प्रजाको मूल हो धर्म भन्ने याद सधैं गर ।
सबै गर सधैं यत्न मूलको वृद्धिखातिर ॥५१॥ (क)

सेना, प्यारा प्रजाको र यज्ञको [3]लागि वस्तुतः ।
राजाले राज्यमा गर्छन् कोष सङ्ग्रह सर्वतः ॥५२॥ (ख)

---

१. जनताका मालिक (राजा) ।

२. मूल जरो (आधार) ।

(क) 'राज्ञः कोषबलं मूलं कोषमूलं पुनर्बलम् ।
तन्मूलं सर्वधर्माणां धर्ममूला पुनः प्रजाः ॥'
श्लो० ३५, अ० १३० शान्तिपर्व, महाभारत ।

३. यज्ञयागादि दैविक कर्म र उद्योग आदि भौतिक सत्कर्म ।

(ख) 'बल-प्रजारक्षणार्थं यज्ञार्थं कोषसङ्ग्रहः ।' शुक्रनीति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूधका इच्छुले[1] जस्तो गाईलाई खुवाउंछन् ।
फांचो रन्केर नै गाई दुहुंदा साधु बन्दछिन् ॥५३॥

प्रजा तुष्ट गरी त्यस्तै करको रूपमा धन
राष्ट्र लिन्छ कसैमाथि नदिई क्लेश ताडन ॥५४॥ (क)

मालीले बोट जोगाई जसरी फूल टिप्तछ ।
राष्ट्रले त्यसरी लिन्छ प्रजाबाट कर स्वतः ॥५५॥ (ख)

थोरै थोर गरी सालै साल उठ्छ निकै कर ।
भमरो जसरी चुस्छ वृक्षबाट सदा रस ॥५६॥ (ग)

करदाताहरू तिर्छन् कर उत्पत्ति, शिल्पमा ।
वृत्ति, व्यापारमा तिर्छन्, तिर्दैनन् मूल-वित्तमा ॥५७॥ (घ)

मूल-वित्त र किन्दाको व्यय औ खानपानको ।
खर्चबर्च कटाएर लाभमा कर लाग्छ त्यो ॥५८॥ (ङ)

---

१. इच्छुक ।

(क) यो हि दोग्ध्रीमुपास्ते स च नित्यं विन्दते पयः ।
एवं राष्ट्रमुपायेन भुञ्जानो लभते फलम् ॥
श्लो० (१), अ० ७१ शान्तिपर्व, महाभारत ।

(ख) 'मालाकार इव ग्राह्यो भागो नाङ्गारकारवत् । श्लो० २३३; अ० ४

(ग) यथाल्पाल्पमदन्त्यादद्ये वार्याकी व्रतषट्पदाः ।
तथाल्पाल्पं ग्रहीतव्यो राष्ट्राद् राज्ञाब्दिकः करः ॥'
श्लो. २९, अ. ७, मानवधर्म शास्त्र ।

(घ) उत्पत्ति दानवृत्ति च शिल्पं संप्रेक्ष्य चासकृत् । श्लो. १४, अ. ८७
शान्ति० महाभारत ।

(ङ) 'क्रमविक्रममध्वानं भवतं च सपरिव्ययम् ।
योगक्षेमं च संप्रेक्ष्य वाणिजो दापयेत् करान् ॥'
श्लो. १२७, अ., ७ मानवधर्मशास्त्र ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो लाभमा षोडशांश[1] यद्वा विंशांश[2] शुल्क[3] नै ।
शुक्रभित्र उठाइन्छ शुक्रनीति - बमोजिमै ॥५९॥ (क)
शनैः शनैः अल्प अल्प क्रमवृद्धि गरी गरी ।
करवृद्धि हुंदा हुन्न करभार [4]प्रजोपरि ॥६०॥ (ख)
पशुपालनको राम्रो व्यवस्था गरियोस् भनी ।
तिर्दछन् कर [5]गोपाल पशुको लाभमा पनि ॥६१॥ (ग)
सुन, चांदी तथा तामा आदिको लाभमा त झन् ।
राष्ट्रको लागि रैतीले तिर्छन् लाग्ने कर स्वयम् ॥६२॥
चल्तीको मूल बाटो या गाउं या पुर-बाहिर ।
राज-शुल्क उठाइन्छ हाट लाग्दा सधैंभर ॥ ६३ ॥ (घ)
छ खण्डमा एक खण्ड उब्जामा [6]बलिरूपको ।
मालपोत प्रजा तिर्छन् व्यवस्था गर्न भूमिको ॥६४॥ (ङ)

---

१. सोह्र खण्डको एक खण्ड । २. बीस खण्डको एक खण्ड । ३. कर । ४. प्रजामाथि । ५. गाईवस्तु पाल्ने किसानहरू । ६. तीरोरूपको ।

(क) 'विंशांशं वा षोडशांशं शुल्कं मूलाविरोधकः' श्लो. २२० अ० ४, शुक्रनीति ।

(ख) अल्पेनाल्पेन देयेन वर्धमानं प्रदापयेत् ।
ततो भूयस्ततो भूयः क्रमवृद्धि समाचरेत् ॥
श्लो० ७, अ. ८८ शान्तिपर्व, महाभारत ।

(ग) 'अजादिगोमहिष्यश्च वृद्धितो वंशमाहरेत् । श्लो. २३१ अ. ४ शुक्रनीति ।

(घ) 'शुल्क-दोहन-हट्टमार्गाः करसीमाः प्रकीर्तिताः' श्लो० २१८ अ. ४, शुक्रनीति ।

(ङ) 'आददीत बलिं चापि प्रजाभ्यः कुरुनन्दन ।
सषड्भागमपि प्राज्ञस्तासामेवाभिगुप्तये ॥
श्लो० २५, अ. ६९२ शान्तिपर्व, महाभारत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रकारले धेरै वस्तुमा कर उठ्नछ ।
विना कर कुनै देश उठेको नै कहां छ र ! ।।६५।।

समस्त शुक्रभूवासी कर तिर्न प्रसन्न छन् ।
त्यसैले स्वस्थ, सम्पन्न, सभ्य छन् बहुविज्ञ छन् ।।६६।।

कुनै ठूलो काम परे, त्यो प्रपूर्ण गराउन ।
धनाभाव भए, राजा ऋण लिन्छन् प्रजासंग ।।६७।।

प्रजा धनी भए, राजा धनी हुन्छन् र राज्य त्यो ।
बलवान् हुन्छ, संवृद्धि प्रजाबाट छ राष्ट्रको ।।६८।।

हरियो वन हो शुक्र-गोलको धन बेहद ।
जसको पूर्ण रक्षा छ, पाइन्छन् बहु औषध ।।६९।।

[1]मृतसञ्जीविनी मिल्छ यहीं, पाइन्न अन्त त्यो ।
अकालमा मरे कोही, बचाइन्छ, र मर्छ को ? ।।७०।।

(द्रुतविलम्बित छन्द)

कति बताउनु नीति ! र नीतिको
विरचनातिर काव्य-कला गयो ।
असल पाठ सिकून् [2]कविबाट र
सफल हुन् अनुशासनमा नर ।।७१।।

।। दशौं सोपान समाप्त ।।

---

१. मरेका प्राणीलाई बचाउने औषधी (जरी-बूटी) । २. काव्यकार वा शुक्राचार्य ।

Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सोपान

(भुजङ्गप्रयात छन्द)

दिशाको सबैतर्फ लाली पखाली
गए सूर्य आकाश पारेर खाली।
झरिन् दिव्य सन्ध्या लिई शीतथाली
भयो चन्द्रमाको उज्यालो बहाली ॥१॥

जगत् झल्मलायो, कतै छैन ताप,
मनै झल्मलायो अफालेर पाप।
दिई शान्ति सौन्दर्यको मात्र छाप
उदायो नयां काल, राखी प्रताप ॥२॥

बह्यो मन्दतामा सुखी [1]गन्धवाह,
बढ्यो भृङ्गको पुष्पमा चुम्न चाह।
खुल्यो चन्द्रिकाले [2]दिवामा अथाह
नयां प्रेरणाको नदन्ने प्रवाह ॥३॥

कडालाइ पार्ने मृदु, स्निग्ध, स्वादु
जुनेली जगत्मा थियो सूक्ष्म जादु।
सबैलाइ 'सानन्द राख्ने [3]सुसाधु
[4]निशानाथको राज्यमा को असाधु ? ॥४॥

पिए वृक्षले जून नै दिव्य पेय,
छहारीहरू छिर्बिराए [5]अमेय।
जहां नाच्न मात्रै हुने एक ध्येय
तथा चित्तले चाहने गीत [6]गेय ॥५॥

---

१. हावा। २. दिनमा। ३. सज्जनहरूमा उत्तम। ४. चन्द्रमा।
५. नाप्न नसकिने (धेरै)। ६. गाउन लायक।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुले वृक्ष पाई लताको अंगालो !
जवानी पिए भृङ्गले [1]पुष्पिताको ।
चुमे चन्द्रले शुक्रकी [2]भूमिरानी
भनी [3]देवलाई उठिन् देवयानी ॥६॥

[4]म देखाइद्यूंला यहां नृत्य एक
तथा गाइद्यूंला नयां गीत एक ।
रसाएर [4]आत्मा यसै झर्न लाग्यो !
खपूं के गरी यो जवानी सुसायो !!' ॥७॥

भनी नाच्न लच्का लिंदै छन्ददार
तिनीले बजाइन् छिटै पाउ जोर ।
उठाइन् उंभो बाहु यौटा र अन्य
कटि-क्षेत्रमा राखि नाचिन् फनन्न ॥८॥

अहा ! नाच्न लाग्यो कलाको स्वरूप
सुसौन्दर्यको मूर्ति, मानों [5]दीप ! ।
त्यहां रूप साहित्यको झलमलायो,
जुनेली जगत् जादुले चलमलायो ॥९॥

खिले फूल, वल्ली चले हल्लि हल्ली,
चरा चिर्चिराए, भयो खल्लिबल्ली ।
परी नृत्यको प्रेरणा छिल्लि-छिल्ली
भयो प्राकृत प्रेम-संसार सिल्ली ॥१०॥

भए पुष्ट [6]ऊरु स्वयं वस्त्र फर्चांकी
उज्यालो निशामा [6]नशादार झांकी ।
छरी वासना नृत्यका ताल माथि
खुल्यो [7]सुस्तनीको सफा [8]गौर छाती ॥११॥

---

१. प्रफुल्ल पुष्पिणी (लता) को वा रजको प्राकट्य भैसकेकी स्त्री को (ध्वन्यर्थमा) । भृङ्ग शब्दमा विटको ध्वनि । २. भूमि नै रानी । ३. देवता (कच) । ४. अन्तःकरण (मन, बुद्धि, चित्त, अहङ्कारको एक पुञ्ज) । ५. दिप्रा । ६. मादक । ७. राम्रा स्तन हुने स्त्री । ८. गोरो ।

Kathmandu Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनी भै स्वयं नृत्यमा आविलीन
नयां गीतमा राग खोलिन् नवीन।
भनिन्–हे कच ! प्राण छौ, मुस्कुराऊ,
दिंदै ताल यो नाचमा नाच्न आऊ ॥१२॥

जवानी छ तिम्रो र मेरो बयानी !
तिमी देव छौ, [1]यान होस् देवयानी !! ।
उडोस् प्रीतिसंसारमा जिन्दगानी !,
सधैं फक्रियोस् प्रेमको यो कहानी !! ॥१३॥

शशी झल्किएको निशा, एकलास,
वसन्ती [2]मरुत्, वासनाको भिठास।
नयां बैंश औ कामनाको प्रकाश
निको मान्दछन् मर्द हे मर्द ! खास ॥१४॥

यहां छैन कोही दिलै खोलिदिन्छु,
म चोखो जवानी तिमीलाई दिन्छु।
ल, है, हेर; यी बैंशका अङ्ग भन्छु,
गरी प्रेम हांसी रहू, नत्र रुन्छु ॥१५॥

त्यहां हांस्छ संसार; [3]स्वातन्त्र्य दिन्छ;
त्यहां जिन्दगीले नयां मन्त्र सुन्छ।
त्यहां मर्द सन्तोषको श्वास लिन्छ
जहां प्रेयसीको इशारा बुझिन्छ ॥१६॥

लताको अंगालो लिई वृक्ष खुल्छ,
चराले चरीलाइ ठुङ्छन् समक्ष।
नझुक्ला र को प्राकृती प्रेरणामा ?
नपर्ला र को [4]हृद्य-संवेदनामा ? ॥१७॥

---

१. जहाज। २. हावा। ३. स्वतन्त्रता। ४. हृदयमा भएको (हार्दिक)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी बैंशवाला, म बैंशालु बाला
तिमी रूपवाला, म रूपालु-गाला ।
त्यसै वर्षिएको सुधा के न प्यूनु ?
गुमाए सखे ! हुन्छ वेकार ज्यूनु ! ॥१८॥

मनोभाव गुंस्याइ, देखाइ लाज,
नबोल्ने कुमारी म ता छैन आज ।
तिमी मात्र साथी दिलोज्यान का, ए !
र बोलें सबै बोल्दछन् ठाउं पाए ॥१९॥

भने देवले—वासनामा विलास
छ यो दैत्यभूमा र सत्को छ ह्रास ।
म स्वर्देव[1] मेरो तिमीमा छ प्रेम
ममा वासना किन्तु क्यै आउंदैन ॥२०॥

भनिन् कामिनीले—यही देवधाम
सधै वासनाको छ [2]आधार-धाम
जहां सोह्र श्रृङ्गारका [3]अङ्गना छन् !
जहां इन्द्र सामन्त छन् हुन्न के झन् ! ॥२१॥

भने स्वर्गका देवले—'अप्सरामा
कुनै वासना छैन, हुन् दिव्य [4]रामा ।
झरी भूमिमा वासना छर्न सक्छन्,
तपस्याहरू भङ्ग गर्छन् र उड्छन् ॥२२॥

भनिन् दैत्यको लोककी सुन्दरीले
सखे ! वासना प्रेमकी [5]कन्दरी रे !
कहां जुट्तथे अन्यथा स्त्री पुमान् र !
कहां सृष्टि खुल्थ्यो र यस्तो विचित्र ! ॥२३॥

---

१. स्वर्गको देवता । २. आधारशिला । ३. स्त्रीहरू (अप्सराहरू)
४. रमणीहरू । ५. गुफा (स्रोत अर्थमा ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी मान मेरो इशारा, यथार्थ
स्वयं ज्ञात होला, हुनेछौ कृतार्थ ।
कहां वासनाहीन देवत्व ? मित्र !
[1]'अहल्या' परिन् इन्द्रको जाल-भित्र ॥२४॥

भए वासना स्त्री पुमान्मा छ रङ्ग
हटे वासना, के कहीं हुन्छ सङ्ग ? ।
तिमी सत्य खोज्छौ वृथा भावनामा,
म ता देख्छु त्यै सत्य प्रत्यक्षतामा ॥२५॥

भनिन् मस्किदै प्रेम मेरो छ शुद्ध
तिमीमाथि प्यारा ! नहोस् है अशुद्ध ! ।
म चाहन्न ववै जिन्दगीलाइ अन्य,
तिमीसाथ चाहन्छु सानन्द बस्न ॥२६॥

छ जो प्रेम, त्यो वासना हो अवश्य,
उही वासना प्रेम हो हे [2]वयस्य ! ।
म ता शक्ति तिम्री ! तिमीमा शिवत्व
छ प्रष्टै, मिलौं ! सृष्टिको होस् महत्त्व ॥२७॥

जहां प्रेमको हुन्छ साम्राज्य एक,
त्यहां छैन पर्दा, छ कस्तो उदेक ! ।
त्यहां बोल्छ चैतन्य ! स्वातन्त्र्य मात्र !
त्यहां शर्म औ मर्म क्यै हुन्न, मित्र ! ॥२८॥

त्यसैले तिमीलाइ खोलें पवित्र
मनोभाव, [3]तारुण्यले पुष्ट गात्र ।
भनून् वासना वा प्रिय ! प्रेम ज्ञानी,
तिमीलाई अर्पें सफा जिन्दगानी ॥२९॥

---

१. गौतम ऋषिकी पत्नी । २. साथी । ३. जवानी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलेझैं भयो संयमीको विचार,
पिएझैं भयो चक्षुले रूपसार।
भने स्वर्गका पुत्रले—'हे कुमारि !
तिमी नाच भांचेर ज्यू छन्द पारी ॥३०॥

तिनी नाच्न लागिन् निकै छंछमाई,
चले चञ्चले चक्षु क्या चंचमाई।
नशा जीवका रन्किए रंरमाई
जगत् जाडुमा नै पऱ्यो झंझमाई ॥३१॥

त्यहां नाच्तथ्यो शुद्ध [1]लावण्य-मूर्ति
त्यहां खुल्दथ्यो [2]रुद्ध [3]तारुण्य-फुर्ती।
त्यहां फल्दथ्यो [4]सिद्ध [5]कारुण्य-धर्ती
जहां डाक्तथिन् गर्न आवाद [6]पर्ती ॥३२॥

भनिन् नर्तकीले गरी नृत्य तीव्र
'प्रतीक्षा छ स्वातन्त्र्यको शत्रु उग्र।
रसाए मुटु क्वै यहां रोकिदैन।
नपर्खी सखे ! भोग यो भव्य चैन' ॥३३॥

नियाली कला मानवीको [7]विदग्ध
लता, पुष्प, पन्छी भए मन्त्र-मुग्ध।
चले नाचका चाल साथै चनाखा
त्यहां संयमीका बडा दीर्घ आंखा ॥३४॥

---

१. सुन्दरताको मूर्ति। २. रोकिएको। ३. जवानीको स्फूर्ति। ४. साधना-बाट प्राप्त गरिएको। ५. दयाको भूमि। ६. बांझो जमीन। ७. विचित्र।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परन्तु त्यहां देवको अन्तरात्मा
रह्यो उच्च, ओर्लेन भै वासनात्मा ।
त्यसै हेतुले प्राकृत [1]ख्यात तत्त्व
रिसायो कि, संसारको जो छ [2]सत्त्व ॥३५॥

(पृथ्वी छन्द)

अचानक अचम्म भो चलबलाउंदै चञ्चल
चले तिमिर ल्याउंदै जहरिला बडा बादल ।
भयानक बह्यो [3]मरुत्, तरुहरू ढले वेसरी,
अमङ्गल भयो, अहो ! प्रकृति उल्टिइन् के गरी ! ॥३६॥

– एघारौं सोपान समाप्त –

---

१. प्रसिद्ध । २. प्राण । ३. हावा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सोपान

(शार्दूल विक्रीडित छन्द)

देख्यो दुर्जनले वसन्त ऋतुको एकान्त कान्तारमा[1]
नाचेकी गुरु-कन्यका तरुणको निर्लज्ज संसारमा।
डाहा भो उसलाइ, खड्ग करमा बोकी गयो निर्दय,
ईर्ष्या उठ्तछ दुष्टलाइ अरुका आनन्दमा निश्चय ॥१॥

नाच्थ्यो कोमल लालिमा छरि छरी निर्दोष नारी-तन,
हेर्थे केवल रूपराशि कचका नीराग[2] स्वर्लोचन[3]।
यस्तो देखि असह्य भै प्रकृतिले डाकिन् कि त्यो दुर्जन,
ह्यान्यो हा! विकराल खड्ग जसले त्यै दोषमा निर्मम ॥२॥

सिर्काले रगताम्य भै कुसुमका अङ्गाङ्ग नै छोपिए,
मूर्च्छाले मृदु चेतना युवतिका निश्चेष्ट निस्सासिए।
रातो भो जगतै, शशी रगतमा टल्केर राता भए,
शान्त प्राकृत दृश्य कान्त[4] नरही जीवात नै आत्तिए ॥३॥

घुम्दै आइपुगे त्यहां भृगु[5] लिई चेलाहरू साथमा,
भाग्यो दुर्जन, गींड औ शिर लिए आफ्ना दुवै हातमा।
जोडे मस्तक देहमाथि उनले मन्त्रेर सञ्जीवनी[6]
ब्यूताए कचलाइ, ब्यूंतिन गइन् ती देवयानी पनि ॥४॥

---

१. वन। २. आसक्तिहीन। ३. स्वर्गका आंखा। (अलौकिक दृष्टि)।
४ सुन्दर। ५. शुक्राचार्य। ६. मरेकालाई बचाउने औषधी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'बाबा ! सुन्दर, शान्त, पुष्पवनमा पढ्थ्यौं र खेल्थ्यौं बसी
देखी दुर्मद दुष्टले हृदयमा पोखेछ कालो मसि ।
हान्यो खड्ग उचालि मित्र कचमा, यस्तो दशा भो अनि
भन्दै रक्त[1] कपोल नेत्रजलले धुन्थिन् कुमारी तिनी ॥५॥
अर्को जीवन पाउंदा कच थिए झन् रम्य, झन् कोमल
पग्ली तप्तप झर्छ नै सरि थियो सौन्दर्यको निर्मल[2] ।
आंखालाइ भुल्याउने, हृदयमा आनन्द फैल्याउने,
मायालाइ जगाउने तरुणता हो नित्य लोभ्याउने ॥६॥
को हुन्नन् वश रूपमा ? प्रणयले रोकिन्छ हिंसा पनि,
स्वादिन्छन् कटुता तथा कुटिलता शोभिन्छ सीधा बनी ।
दिन्छन् लोक अदेय,[3] गोप्य सहजै निक्लन्छ आंखा मनि,
हो सौन्दर्य स्वरूप सत्य, शिवको, जीवातको मोहनी ॥७॥
जस्तो दैहिक रूप, त्यैं सरि थियो प्रज्ञा महापावन,
पर्थ्यो बोल्नु कहां र ! आशय बुझी गर्थे उनी सेवन ।
विश्वासी गुरुका हुदै कच त्यहां अत्यन्त प्यारा भए,
सेवाले वश को हुंदैन ? झन ती ज्यूंताइएका थिए ॥८॥
जानून् ती प्रिय शिष्य वा अदितिको सन्तानमा धाक होस्
आफ्नो शेषपछि स्वकीय गुण वा सच्छात्रमा नै रहोस् ।
भन्ने भित्र विचारि दैत्य गुरुले सञ्जीवनी-दानको
देखे उतम पात्र देवगुरुका सत्पुत्रलाई, अहो ! ॥९॥

---

१. रातो वा रगत । (रगत अर्थमा कपोल (गाला) मा भएको नेत्रजल (आंसुले) २. जल (शालग्राम नुहाएको जललाई 'निर्मल' भन्दछन्) । ३. दिन नहुने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डोऱ्याई भृगुले लगे विपिनको एकान्तको वासमा
आंखा चिम्म गरे-समान तमको निर्बाध[1] आवासमा ।
औंल्याए परबाट 'हेर, कच ! त्यो भन्दै कुनै [2]वल्लरी
बल्थ्यो जो बहुमूल्य रत्नहरुको जञ्जीर झै झल्झली ॥१०॥

'त्यो सञ्जीवनको लता छ तरुमा, तानेर ल्याऊ वर
भन्दा श्रीगुरुले, गए कच त्यहां, सर्दै गयो त्यो पर ।
!आऊ, फर्क, सकिन्न त्यो छुन, हवस उद्योग जे भौतिक,
विज्ञानीहरु छन् अशक्त, बल ता चाहिन्छ आध्यात्मिक ॥११॥

भन्दै मन्त्र दिए, प्रसन्न मनले, जप्तै गए शिष्य ती,
भेटे उज्ज्वल रत्नतुल्य उनले सञ्जीवनी ओखती ।
फर्के त्यो लहरा लिएर, जसको देखिन्न काहीं जरो,
कैल्यै कत्ति नवैलिने छ जुन औ दुर्लभ्य, ठूलो कुरो ॥१२॥

के वैज्ञानिक सृष्टिका सब कुरा जानेर सक्लान् यहाँ ?
एकैवार रिसाउंदा प्रकृतिले मासिन्छ सारा जहां ।
जल्ले प्राकृत तत्त्वलाइ सहजै पार्नेछ आफ्नो वश
त्यो आध्यात्मिक शक्ति हुन्छ जसमा, त्यो हो महापूरुष ॥१३॥

भन्थे शुक्र 'म प्राण दिन्छु मृतमा आध्यात्मिकी शक्तिले
खोक्रो भौतिक साधन प्रभृतिले बाँच्तैन निर्जीव रे !!
गर्नेसम्म गरें अनेक अनुसन्धानादि विज्ञानको,
चित्सम्मन् जडबाट संस्फुरित भो, त्यो किन्तु बेकार हो!॥१४॥

उड्छन् मानिस व्योममा, अनि तलै पुग्छन् महासिन्धुमा
कुद्छन् वायुसमान यानहरुमा, बस्छन् मही-गर्भमा
लाखौं वस्तु तयार छन् पलकमा, विज्ञानको देन हो !
उत्थानै पतनान्त[3] छन् तर कठै ! मासिन्छ रे देन त्यो !॥१५॥

---

१. बाधारहिन । २. लहरा ।

३. पतन (गिर्नु) अन्त भएका (आखिरमा खतम हुने) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञानी म हुंदा भयो झिलिमिली यो शुक्र भूगोल त
पूर्ण स्वस्थ समृद्ध छन् जनहरू, भेट्छन् सबै ईप्सित[१] ।
यस्तो शक्ति छ शस्त्रको, जुन छुटे ब्रह्माण्ड नै फुट्तछ
खल्लो लाग्छ परन्तु ईश नहुदा हृत्केन्द्रमा सुस्थित ॥१६॥

आविष्कार गरें यसै प्रकृतिमा, निर्माण पर्याप्त छ,
टाढा आज नजीकियो, अणु बन्यो संसार—संहारक ।
फेरिन्छन् मुटु रक्त, साटिन गए मस्तिष्क संसारमा
'के होला !' भनि तर्कना प्रतिदिनै उठ्तो छ यो चित्तमा ॥१७॥

स्रष्टाको रचना बदल्दछु जसै अर्कै विधाता बनी
झोक्केलान् तब ती नवीन सृजना कल्ले जमायो भनी
वा सिक्लान् यसरी बनाउन कि ता छोड्लान् नयां सिर्जन ।
वा मास्लान् जति सिर्जियो त्यति सबैं शङ्का छ हे सज्जन ।१८।

यस्तो शक्ति छ, किन्तु यो हृदयमा मिल्दैन त्यो शान्ति त,
जस्तो सात्त्विक भावपूर्ण सुकिलो सिद्धान्तमा मिल्दछ ।
हुन्थे मानिस देवता, जुन मिले, भू स्वर्ग हुन्थ्यो सदा,
त्यो शान्त स्थिति प्राप्त गर्न मनको धोको रह्यो सर्वदा ॥१९॥

भत्कून् बादल टांगिने भवन, हुन् राम्रा स-साना घर,
भत्कून् ध्वस्त भएर यी नगर, हुन् बस्ती मिलेका नर ।
भत्कून् भू-भरिका विशाल तहका यी कारखानाहरू,
जे चाहिन्छ स्वयं बनाउन सकून् हस्त-क्रियाले बरु ॥२०॥

फ्याँकून् अस्त्र र शस्त्र मानिसहरू हून् शान्तिमा निर्भर
फोरून् युद्ध-विमान, भूमितलका बाटा रहून् सुन्दर ।
छाडून् खोज, तलाश, राग, झगडा, संहारका कामना,
विज्ञानोन्नति खस्कदै लघु बनोस्, रोजै छ यो प्रार्थना ॥२१॥

---

१. इच्छा गरेको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चात्ताप छ चित्तमा, जुन गरें विज्ञानको उन्नति,
त्यो उत्थान उंधो उंधोतिर गयो, देखिन्न राम्रो गति ।
अर्को स्वर्ग बनेन ! स्वर्ग जसरी तिम्रा पिताले रचे,
पारी स्वस्थ, समृद्ध, शान्त, दुनियां आनन्दमा ती बसे ।।२२।।

मेरो जीवन व्यर्थ नै हुनगयो बेकार भै काम ती,
छाडूंकुत्सित[1] देह यो मृतक छु ज्यूंदै म, भै दुर्मति ।
ज्ञानी छौ कच ! स्वर्ग फर्क, अहिले सिक्ने कुरो देखितनँ,
हांसोस् स्वर्ग, सधैं जिएर, मिलिगो सञ्जीविनी नै धन ।।२३।।

देखी निष्फल काम, शान्ति नमिली मर्ने भएं जो यहां
त्यस्तै भस्म हुनेछ विश्व पनि यो आपस्त सङ्घर्षमा ।
हांस्लान् चन्द्र र सूर्य फेरि सब यो पन्छाइ धूवां तम,
आकाशैभरि व्याप्त जो छ रहंदा 'विज्ञानको उद्गम' ।।२४।।

छाडे प्राण यसो भनेर उनले तत्काल त्यै तालमा,
संसारीहरुलाइ साइत नभै बाधा पऱ्यो चालमा । (क)
थाले खल्बल गर्न जीव, जग नैं निर्बीज उद्यान भो (ख)
रोएको सरि आउंथ्यो स्वर कतै निर्जीव विज्ञानको ।।२६।।

माटोमा तन पल्टियो, सलिलमा अप्तत्त्व[1] आफैं मिल्यो
तेजस्त्वत्त्व त तेजमा, पवनमा [2]वायव्यसम्पत् पुग्यो ।
द्यौमा[3] द्यौगुण मिस्सियो, अमर त्यो आत्मा, यहां मर्छ को ?
विज्ञानी अनि अज्ञ भन्दछ यहां 'त्यो बांच्छ औ मर्छ त्यो' ।।२७।।

---

१. खराब । (क) शुक्र अस्त हुंदा बिहा आदिको लगन हुंदैन । (ख)शुक्रको अर्थ वीर्य पनि हुन्छ, शुक्र मर्दा निर्बीज हुनु स्वाभाविक हो । १. जल तत्त्व । २. वायुतत्त्व । ३. आकाश ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो सोचिरहेर ती कच रहे केही नबोकी तम[१],
खोज्दै आइपुगिन् त्यहां गुरुसुता साथीलिई तन्मन[२] ।
'हे प्यारा कच ! शुक्रलाइ कसरी यो दुर्दशा भो ?' भनी
लागिन् सोध्न अनेक प्रश्न सहसा ती देवयानी अनि ॥२८॥
बोले ती कचले खुलस्त दिलले औंल्याउंदै मास्तिर,
'हे साथी ! निज तत्त्वमा मिलिगए तिम्रा पिता आखिर ।
फर्कन्नन् जब ज्ञानको झिलिमिली हेर्छन् महालोकमा[३],
व्यूंझेझैं सपना छुटेर, सुकिलो संसारमा छन् उहां ॥२९॥
पानीका कणभित्र छन्, पवनको हाल्छन् सुसेलो नयां,
चंकन्छन् सब सूर्यका किरणमा, बस्छन् महाकाशमा ।
माटाको ढिकुरो शरीर जुन हो त्यो ता पिताको ढल्यों,
माटैभित्र बिलाउनेछ सजिलै, संझेर हेरे भयो ! ॥३०॥
घुंक्का छुट्न गयो, अटेन मनमा त्यो शोकको वेदना
आंखा आंसु बनेर तप्तप झरे, एकाग्रियों संझना ।
दुःखी चेतन देखियों, प्रकृति भों निस्तेज शोकातुरा
घोप्टिन् आश्रयहीन दीन मुखको ती देवयानी बरा !॥३१॥
चिच्च्याई अनि 'के भन्यौ ?' भनि भनी मूर्च्छा परिन् भूपरी[४]
व्यूंते तापनि धूलिमा लडि-लडी चिच्च्याउंथिन् बेसरी !!
हाहाकार भयो, जुटे असुरका सन्तान सम्चारमा
वैलायो क्षणमा सबै झिलिमिली त्यो शुक्र संसारमा ॥३२॥
हांसे शोकविहीन ती कच, लिई सञ्जीवनी ओंखती
मन्त्रे त्यो जलमा र त्यै सलिलले सेचे तनूमा अति ।
पूर्वी व्योम खुले समान छवि क्यैं अङ्गाङ्गमा[५] झल्किए ।
हांसी खिस्स प्रसन्न शुक्र सविता[६] झुल्के सरि व्यूंतिए ॥३३॥

१. अन्धकार (शोकको अन्धकार) । २. ती (कच) प्रति मन भएकी ।
३. ठूलो आलोक (ज्योति) वा ठूलो संसार (ब्रह्ममय संसार)
४. शुक्र भूमिकी देवी (देवयानी) । ५. अङ्ग स्वतः अङ्गमा । ६. सूर्य ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हांसे शुक्र मुसुक्क, ओठ दुइटा खुल्दा खुले क्यै मणि[1]
प्यारा छात्र ! कृतज्ञ छौं, सफल भो तिम्रो परीक्षा पनि।।
जे जस्तो गुण शिष्यको प्रकृतिमा चाहिन्छ त्यो हे कच !
तिम्रो कार्यकलापमा छ, गुरुको यै दक्षिणा भो स्वतः ।।६४।।

जोंडी हात, झुकेर, कोविद[2] कच श्रद्धाश्रु झारी अनि
लागे बोल्न-'म मात्र ह्वैन गुरुजी ! स्वर्लोक नै भो ऋणी
बढ्ला स्वर्ग र शुक्रका वसतिको सम्पर्क, भै सुन्दर,
होला बान्धव भाव लोक दुइकै कल्याणको खातिर ।।६५।।

(शालिनी छन्द)

बोले सारा—धन्य छौ, ह्वौ प्रफुल्ल !
हामी प्यारा ! मान्दछौं प्राणतुल्य ।
तिम्रो गाथा प्रेमले गाइगाई
बस्छौं तिम्रा शुक्रका[3] दाजुभाइ ।।६६।।

(पृथ्वी छन्द)

उता अमरलोकमा अमरले गरी संझना
छिटै असुर-लोकमा गगन-यान[4] भेजे नयां ।
लिईकन नवैलिने कुसुम, रत्न सौगात, जो
अनन्त अवकाशमा पवन-वेगमा उड्दथ्यो ।।३७।।

---

१. दन्तमणि ।

२. विद्वान् । ३. शुक्रलोकमा बसेका । ४. विमान ।

बाह्रौं सोपान समाप्त

—×—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सोपान

(द्रुतविलम्बित छन्द)

'अरुण-रेखित शुभ्र मुहारकी
अब उषा तरुणी पनि भैसकी ॥
सब दिशाहरु छन् सुप्रकाशित
नयनलाइ उघारन हे कच ! ॥१॥

अधर सुस्मित[१] हुन्, रसपूर्ण हून्,
नयन-रश्मि[२] उषा–छविमा[३] परून् ।
विकच[४] हून् कच ! स्वप्निल भावना
प्रणयपूर्ण पुकार सुनी यहां ॥२॥

प्रणयले दिल झैं, दलका[५] तुना
कर[६] परेर फुके भइ उन्मना ।
किशलया[७] धरमा लिइ आसव[८]
प्रणयिनीसरि छिन् नलिनी[९] अब ॥३॥

प्रणय-सिञ्चन[१०] तुल्य, दिनांशुका[११]
कनक-लेप[१२] मिली हिमका शिखा ॥
सरस जीवन झैं, रमणीय छन्,
प्रकृतिका महिमा स्पृहणीय छन् ॥४॥

---

१. राम्रो मुस्कान लिएका । २. आंखाको ज्योति । ३. प्रभातको सौन्दर्य । ४. विकसित ५. पात । ६. किरण (ध्वर्न्यमा हात) । ७. किसलय (फूलको कलिलो पत्र) रूपी ओठ । अथवा किसलय जस्तो ओठ । ८. मद्य (सुधा) । ९. कमलिनी (कमलको फूल) । १०. प्रेमको सिञ्चन । ११. सूर्यका १२. सुनको लेप ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब चरी पनि पाइ विहङ्गम[1]
चपल चञ्चु र पुच्छ हुंदी क्षण।
चिरबिराइ उडी लिइ दौंतरी,
मिलनमा कति मादक माधुरी ! ॥५॥

भनि मुसारि अबोल कपोल ती
नख[2]–समुज्ज्वल अङ्गुलिले अति।
प्रणयिनी भृगुकी प्रिय[3]–नन्दिनी
रहिरहिन् नजिकै, बिउँझे उनी ॥६॥

युवतिको दिलको रुचि छल्किने
तनुलता-भरि झल्मल झल्किने
अरुण[4]–वेष-विषे नयनद्वय[5]
अरुण पङ्कजमा[6] सरि भो लय ॥७॥

शयन निर्झर–मन्तिर फींजको
धवल-राशि[7] समान सफा थियो।
अरुण पङ्कजिनीसरि[8] सुन्दरी
बसिरहिन् मकरन्द त्यहां छरी ॥८॥

'नजरको पहिलो अवलोकन
सुदति ![9] चन्द्रमुहार भयो जुन।
दिवस आज छ मङ्गल, सुन्दर
अरुणिता[10] किन छयौ यसरी तर ? ॥९॥

---

१. चरो। २. नङले उज्याला। ३. प्यारी छोरी। ४. रातो पोशाक ५. दुवै आंखा। ६. कमल। ७. सेतो राशि। ८. कमल फुलेकी कमलिनी। ९. हे राम्रा दांत हुने सुन्दरि !। १०. रातो वस्तुले रङिएको।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मधु पियाउनलाइ उषा परी-
सरि थिइन् अरुणा जुन सुन्दरी।
वसुमती[1] नव ती युवतीसित
कि त अझै छु भई सपना स्थित[2] ॥१०॥

भनि उठेर बसे युव-केशरी[3]
नजरले पिइ आसव[4] बेसरी।
तरुणता[5] तरुणी-तनमा[6] तब
नववधूसरि लाल बन्यो सब ॥११॥

'कुसुमको रज लाल लिईकन
प्रिय ! मदीय शिरोपरि छर्कन ! ॥
मधुर जीवनको पथ पक्रन
संगसंगै अनिखेरि लिऊं प्रण ॥१२॥

म अतएव बने अरुणा चरी,
संग लिएर उड़े, अति चातुरी !
वर तिमी !, म वधू ! उभयैसित
उभय-लोक[7] हुनेछ प्रहर्षित ॥१३॥

अमरका नवनन्दनमा हुने
व्रततिले[8] रतिकुञ्ज बनाउने।
हृदयमा जति भावन छन् प्रिय !
त्यति पुगेन भने, मरणै प्रिय ! ॥१४॥

सुरपरी उशना-तनया[9] सितै
कुसुमको मृदु भेष धरी कतै
मधुर गान मिलाउन आउलान्,
प्रणयको छरि राग रमाउलान् ॥१५॥

---

१. धन भएकी (धनी)। २. रहेको। ३. युवकमा सिंह (उत्तम युवक)। ४. मदिरा। ५. जवानी। ६. तरुनीको शरीरमा। ७. दुइटा लोक (शुक्रलोक र स्वर्गलोक)। ८. लहरा। ९. शुक्रपुत्री (देवयानी)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शवल[1] रेशमका कपडा धरी
छरिबरी सरि इन्द्रधनू[2] छरी ।
जब म लोचनलाइ नचाउंला
अमर लोक तबै रस पाउला ॥१६॥

नयन मोहन ! मोहन छैन के ?
वदन शोभन[3] ! शोभन छैन के ?
प्रिय ! परन्तु अझैं किन प्रेमिता
मलिन नै छ, खुलेन कता कता ! ॥१७॥

पुरुषमा पुरुषत्व जगाउ ने
युवति हुन् किन लुग्लुग कामने ?
प्रणय[4]-राग परस्परमा परे,
वन हुने मनको दरवार रे ! ॥१८॥

कच ! तिमी सुकुमार कुमार छौ,
प्रणयका खंदिला गलहार ह्वौ ।
म छु तथा सुकुमारि-कुमारिका,
किन न हूं मनकी म [5]निहारिका ॥१९।

विजनमा म, तिमी, कति बस्तछौं,
मन भरेर कुरा कति गर्दछौं ।
सुख र दुःख सबै दिन बांड्दछौं
मिलनमा तर छौं पर ! के भयौं ? ॥२०॥

प्रकृतिको विपरीत चल्यौं भने,
विकृतिको परिणाम छ भोगिने ।
मिलन हो प्रकृति,[6] प्रिय[7] ! द्यौ मन,
युवकमा युवकत्व छ भूषण ॥२१॥

---

१. रंगीचंगी । २. इन्द्रेनी । ३. हे सुन्दर ! ४. प्रेमको आसक्ति ।
५. तारासमूह (आकाश गङ्गा) । ६. स्वभाव । ७. हे प्रिय !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असुरको पुरमा म छु सुन्दरी
सुर-समाजविषे न हुं क्वै परी।
तर अकारण जीवनदान यो
नगर है अपहेलनले फिको ॥२२॥

म त यही अरुणाम्बरमा[1] वर
कच ! तिमीकन वर्दछु सुन्दर !
मृदुल हात ल राखन कांधमा !
मरण जीवनको म छु सांधमा' ॥२३॥

भनि उठिन् करमा वरमालिका[2]
लिइ उषा सरिकी गुरु—बालिका[3]।
धवल[3] पाणि समाइ बसाउंदै
कच उठे भनि—'हा नरिसाउ है ॥२४॥

प्रणय गर्दछु चारु ! सुभावले।
तर म दूषित छैन कुभावले।
तरुण वैंश उदाइ सुसाइयौ
मदन छाइ कठै ! धमिली भयौ ॥२५॥

गुरु यही क्षणमा सहसा जब
कच-नजीक पुगे, तनया तब।
गह भिजाइ पिता-प्रति क्यै झुकिन्
'कच हऊन् पति' भन्न छिटै सकिन् ॥२६॥

कुलिशले[4] उनको उर छेडने
भृगु भयानक मेघ त्यहां बने।
भनि रहे अति कष्टद वाक्य यो
'हुनु हुँदैन बिहा दिन-रात्रिको ॥२७॥

---

१. रातो वस्त्रमा। २. वरमाला। ३. गोरो।
४. वज्र।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनसमान छ यो कच उज्ज्वल,
तिमिर–तुल्य तं छस् अति कश्मल।
पति बनाउनलाइ वृथा भनिस्
हृदय' एक भए, मिलिसक्तथिस् ।।२८।।
युवक लाग्छ निको युवतीकन,
युवकलाइ तथा युवतीजन।
प्रकृति मिल्नु दुवै, तर के भने,
मनुजता[1] र पशुत्व छ छुट्टिने ।।२९।।
परिधि[2] भित्र स्वतन्त्र छ मानव
पर पुगे, नर बन्दछ दानव।
हृदयको गनि पुग्छ जतातता,
नियम-बन्धनभित्र छ चारुता[3] ।।३०।।
युवतिको अति दुर्बल भावना
नजरले लिइराख्छ कुना–कुना।
मधुर स्वाद मिले पनि क्यै छिन,
मलिन हुन्न कसै कचको मन ।।३१।।
प्रकट पारि सुगुप्त[4] उरस्थल[5] :
कुसुम नाच्छ भई अति चञ्चल।
सृजनको सुषमा[6] कवि प्यूंदछ
तर, विलोकनमा[7] कुन दोष छ? ।।३२।।
असुरको सहवास सधैं परी
विकृति बस्छ तंमा अति आसुरी।
अनि सुर-प्रकृति[8] प्रिय-बालिशे[9] !
मिलित हुन्न कदापि, तं भन्न, जे !' ।।३३।।

---

१. मानवता। २. सीमा। ३. सुन्दरता।
४. राम्ररी लुकाएको। ५. छाती। ६. अत्यन्त सौन्दर्य। ७. हेर्नमा।
८. देवप्रकृति। ९. हे प्यारी मूर्ख !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यति भनेपछि चूप भए मुनि
कच तथा उनकी तनया पनि ।
प्रकृति देखिन गो कि अजीवित,
जब मनोमय विश्व भयो मृत ॥३४॥

(उपजाति छन्द)

क्वै पक्षवान्, शब्द–विहीन, रम्य,
सुगन्ध छर्ने चउतर्फ गम्म ।
सुवर्णको दिव्य विमान भव्य
सरक्क ओर्ल्यो लिइ वृत्त सव्य ॥३५॥

विमान रोकीकन द्वार खोली
ओर्लिन् सुनौली[1] महिला नबोली ।
लिएर सौगात अमूल्य सोली
झुकिन् त्यहां एक-सदस्य टोली ॥३६॥

भन्दी भइन् प्रेषित देवनारी
स्वर्गीय शृङ्गार झलक्क पारी ।
'देखें नयां लोक, निकै रमाएं,
नवीन आनन्द अमेय पाएं ॥३७॥

प्रसन्न छन् देवहरू समस्त,
जो पढन पाए कचले प्रशस्त ।
बिदा मिले आदरणीय शुक्र !
फर्कून् म–साथै गुरुका सुपुत्र ॥३७॥

झुकाइ उच्चा शिर हात मोली
बढे अगाडि कच क्यै नबोली ।
बिदा दिंदै ती भृगुले भने यो
'विद्या हवस् पात्रप्रयुक्त[2] तिम्रो" ॥३८॥

---

१. सुनौलो रङ्ग भएको (पीत पोशाकको कारणले वा दिव्यरूप हुनाले) अथवा सु (राम्रै), नौली=नयां (नदेखेको) अथवा सुनको गहनाले ढाकिएकी । २. पात्रमा प्रयोग गरिएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(शालिनी छन्द)

जाऊ प्यारा ! सिद्धिए कार्यकाल,
हाम्रीलाई संझिए सर्वकाल ।
भन्दै क्वैले मोह-माया बसाए
आंखादेखिन् अश्रुधारा खसाए ।।३९।।

(भुजङ्गप्रयात छन्द)

त्यहां शुक्रकी नन्दिनी देवयानी
उठी भन्न लागिन् लुकेको कहानी ।
'सखे ! देउती बन्न छाती जलाएं,
कहां बन्न सक्थें र आफैं बिलाएं ! ।।४०।।

बिदा दिन्छु हे शुक्रका मुख्य शिष्य !
सधैं शुक्र भूगोल बिर्से अवश्य ! ।
पढेको सबै बिर्स रे बिर्स ! जन्तु !
नहोस् वस्तु संझाउने एक तन्तु ! ।।४१।।

यहां रुन्छ को ? कामना रुन्छ एक !,
अंध्यारो बनी चेतना रुन्छ एक !
रुखा राज्य आदर्श सिद्धान्तको छ !
मिहीं भावना छाम्न को भित्र पुग्छ ?' ।।४२।।

भने देवले यानको द्वार तानी
तिमी भूमिकी होउली पट्टरानी !
नसंझे मलाई, यहां संझिएझैं,
नबिर्से मलाई, यसैं बिर्सिएझै ।।४३।।

गए देवयानी,[1] उड्यो देव-यान,
उंभो चक्षुलाई भयो त्यो अडान ।
अनि स्वर्गका पुष्पको वृष्टि झारी
मिल्यो शून्यमा शुक्रभू[2] शून्य पारी ।।४४।।

---

१. कच । (देवस्य यानं, देवयानं तद्यस्यास्तीति देवयानी=देवयान जसको छ) । २. शुक्रलोकको भूमि ।

तेह्रौं सोपान समाप्त
—काव्य समाप्त—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Aus,

DEVAYANI MAHAKAVYA

Bharat Raj Sharma Manthaliy

December 1982

लेखकका कृतिहरू :

प्रकाशित :

१. 'महेन्द्रोदयम्' महाकाव्य (संस्कृतमा)
२. अमरत्वको सन्देश (गीतिकाव्य)
विलियम वर्डस्वर्थको Ode on Intimations of Immortality from Recollections of Early Childhood ।को पद्यानुवाद ।
३. गिरिबाला (खण्डकाव्य) नेपालीमा र संस्कृतमा पद्यानुवाद सहित
४. देवयानी (महाकाव्य)

अप्रकाशित :

१ व्योम-पथ (खण्डकाव्य)
२. लङ्काप्रवेश (खण्डकाव्य)
३. मेघदूत (पद्यानुवाद)
४. मनुस्मृति गृहस्थाश्रम-वर्णन (पद्यानुवाद)
५. कवितालोक (संग्रह)
६. कवितावली (संग्रह संस्कृतमा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal